स्थानीय सरकार : सखाप सदाचार | प्रियंकाको आत्मविश्वास

नेपाल

राष्ट्रिय साप्ताहिक

आइतबार • ६ जेठ २०७५ • मूल्य रु. २५

nepal.ekantipur.com

ओली-मोदी मिलाप

मुद्दा ज्यूँका त्यूँ

जानकी धाममा दुई प्रधानमन्त्रीले विगतका तिक्तता बिर्सने प्रयास गरे पनि नेपालका प्राथमिक कार्यसूचीमा प्रगति भएन

shanker
JAGDAMBA STEEL
देशको मेरुदण्ड
मजबुत निर्माणको अभिभारा
राईनो फलामे डण्डीको साथमा
GUARANTEE
IS : 1786
NS:191
CM/L 4049454
Fe 500/Fe 500D
RHINO 500D 12
RHINO GUARANTEED DUCTILITY
Fe 500D
नेपालमा पहिलो पटक, नेपालकै लागि
Lowest Carbon
Less Impurities (S+P= 0.075)
Min. Elongation 16 %

AMBE
GROUP
अम्बे सिमेन्ट
गुणस्तरीय पहिचान | मजबुत जडान | वर्षौंसम्मको शान
अम्बे सिमेन्ट
यो देशको शिर, उच्च राख्दै...
नेपाल गुणस्तर प्रमाण चिन्ह
ने.गुण ३८४
नेपालमा बनेको
ISO 9001:2008
CERTIFIED COMPANY
50 KG NETT WHEN PACKED
ISO 9001:2000 CERTIFIED COMPANY
UKAS
43-A
DO NOT USE HOOKS
अम्बे सिमेन्ट
Portland Slag Cement
नेपालमा बनेको
अम्बे सिमेन्ट प्रा.लि.
पर्सा, नेपाल
50 KG NET WT. WHEN PACKED
AMBE CEMENT
PSC
Made in Nepal
AMBE CEMENT (P.) LTD.
Parsa, (Nepal)

गर्मीमा,
सुगन्धित पाउडर सँग
मात्र सम्झौता किन ?
चिसो चिसो
COOL COOL
Navratna
Cool
Talc
Active Deo
Mint, Camphor
Refresh & relax your body & mind
Navratna
Cool
Talc
विश्वको सबैभन्दा सानो A.C.

स्थानीय सरकारको एक वर्ष

सदाचार शून्य



स्थानीय तह १६

२० संघीयता
छैनन् ११० कानुन

२४ आवरण
ओली–मोदी मिलाप
मुद्दा जहाँको त्यहीँ

३४ छिमेक
पानीमै बगे भारतका वाचा

३६ सार्वजनिक यातायात
सिन्डीकेटबाट उन्मुक्ति !

५६ सहरमा



धकधक गर्ल

४४ व्यक्तिचित्र
उल्लू सफारी

तथ्य/टिप्पणी : हरिबहादुर थापा १२
लट्टीमा लुट १५
सुप्पत बात : सुरेन्द्र लाभ २९
(अ)सहमति : भास्कर गौतम ३०
बहस : केशव दाहाल ४०
उफ्, अवसाद ४२

स्थायी स्तम्भ >>

चिठ्ठी (६), स्मरण (७), सोभै (९), परिहास (१०), तीन किताब (४७), पुस्तक अंश (४८), समीक्षा (४९), प्रविधि (५०), चित्रपट (५२), झल्याकझुलुक (५४), नोटबुक (५८)

कान्तिपुर पब्लिकेसन्सका लागि अध्यक्ष तथा प्रबन्ध निर्देशक : कैलाश सिरोहिया । **निर्देशक** : स्वस्तिका सिरोहिया । **प्रधान सम्पादक** : सुधीर शर्मा
सहायक सम्पादक : बसन्त बस्नेत **समाचार संयोजक** : सन्तोष आचार्य **साहित्य/कला** : रमण घिमिरे **वरिष्ठ संवाददाता** : राजकुमार बानियाँ, बाबुराम विश्वकर्मा
सहायक वरिष्ठ संवाददाता : माधव बस्नेत **संवाददाता** : मनबहादुर बस्नेत, गोकर्ण गौतम, क्रान्ति पाण्डे, विभु लुइटेल
कपी डेस्क : ईश्वरी ज्ञवाली, गोकुल अर्याल, गुरुङ सुशान्त **तस्बिर** : रवि मानन्धर (संयोजन), भास्वर ओझा
सज्जा : चन्द्रकुमार प्रजापति (संयोजन), घनश्याम डंगोल, यमन मानन्धर, सुनीता अधिकारी **कार्टुन/ग्राफिक्स** : रवीन्द्र मानन्धर **मार्केटिङ** : असुरारी ज्ञवाली

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि., सेन्ट्रल बिजनेस पार्क, थापाथली, काठमाडौँ, पो.ब.नं. ८५५९, फोन नं : ५१३५००० (एक्सटे. २१०७),
फ्याक्स : ५१३५०२५, विज्ञापन : ५१३५००० (एक्सटे. ११०७), ग्राहक सेवा : ५१३५००० (एक्सटे. १२१३), इमेल : nepalmag@kmg.com.np
पृथ्वी प्रिन्टिङ प्रेस (प्रा.) लि. काठमाडौँमा मुद्रित, प्रकाशन मिति : ३० वैशाख २०७५, का.जि.द.नं. १०४/०५६/५७ म.क्षे.हु.नि.का.द.नं. २/०५७/५८

nepalpatra@kmg.com.np

मिसन मोदी

दक्षिण छिमेकी भारतका प्रधानमन्त्री नरेन्द्र मोदी आफ्नो देशमा मात्र नभएर संसारमै अस्तित्व देखाउने बाटोमा अग्रसर छन् *(जस्केलाबाट जनकपुर, ३० वैशाख)*। त्यसमाथि अर्को छिमेकी चीन संसारकै समृद्ध अमेरिकाको समदूरीमा उभिन लागेकाले पनि उनले यसमा ध्यान दिएका हुन सक्छन्।

पछिल्लोपटक नाकाबन्दीबाट बिग्रिएको वा चिसिएको सम्बन्धलाई मोदीले बिस्तारै पहिलेकै अवस्थामा फर्काउन चाहेका पनि हुन सक्छन्। हाम्रा नेता भारत जाँदा काशी, गया जाने रहर गर्छन्। यदि मनमोहन सिंह नेपाल आएका भए जनकपुर जाने थिएनन्, न त झलनाथ खनाल भारत गएका भए बैंगलोरको साईधाम वा भोलिका दिनमा पुष्पकमल दाहाल 'प्रचण्ड' अमृतसरको शिख धर्मावलम्बीको पवित्र स्थल 'गोल्डेन टेम्पल' जानेछन्। मोदीको धार्मिक/राजकीय भ्रमणलाई विकास, सहयोग तथा सद्भाव भ्रमणमा सार्थक तुल्याउन नेपालले सक्दो प्रयास गर्नुपर्थ्यो।

● **श्रीकृष्ण राजवंशी**
सुनकोसी-३, सिन्धुली

- साउन ०७१ मा नेपाल भ्रमण गर्दा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले संसद्मा दिएको मन्तव्यले सम्पूर्ण नेपाली मनलाई छोएको थियो। तीनवटै पावन तीर्थस्थलका बासिन्दा उनको स्वागतार्थ हर्षोल्लासका साथ लालायित थिए। तर, उनको धार्मिक भ्रमण अचानक स्थगित भए तापनि कसैलाई दोष नदिएर आफ्नै कार्यव्यस्तताले गर्दा धार्मिक तीर्थाटनमा सहभागी बन्न सकिएन भनेर बोल्नु उनको महानता थियो।

२८ वैशाखमा नेपालको राजकीय भ्रमण गरिरहँदा उनका लागि जनकपुरधाम र मुक्तिनाथधामको तीर्थाटन गराउने कार्यक्रम बनाइयो। यसमा बुद्ध जन्मस्थलप्रति वितृष्णा देखाउनु लुम्बिनी क्षेत्रका बासिन्दालाई अन्याय गरेको देखियो। शाक्यमुनि बुद्धले आफू जन्मनु पर्दा नेपाल भूमिलाई रोजे भने बोधिसत्व प्राप्त गर्न विहारस्थित बोधगया, धर्म चक्र प्रवर्तन गर्न उत्तर प्रदेशस्थित सारनाथ र ८० वर्षको उमेरमा महापरिनिर्वाण गर्न काशीनगर रोजे। यसरी नेपाल भारतसँग धार्मिक, सामाजिक-सांस्कृतिक सम्बन्ध जोडिएको पवित्र स्थल लुम्बिनीलाई यसपालिको भ्रमण तालिकामा छुटाए पनि निकट भविष्यमा उनको तीर्थाटन हुन सकोस्।

● **भिक्षु कृष्णमान**
बौद्ध, काठमाडौं

फेरि बन्दुकको त्रास

माओवादी केन्द्रबाट चोइटिएर बनेको नेत्रविक्रम चन्द 'विप्लव'को नेकपा सरकारका लागि टाउको दुखाइको विषय बनेको छ *(बादललाई विप्लवको हैरानी, ३० वैशाख)*। सशस्त्र विद्रोहताका काँधमा काँध मिलाएर क्रान्तिका लागि सँगै लडेका दुवै पार्टी यतिबेला एकअर्काका दुस्मन बनिरहेका छन्।

चन्दले सत्तारुढ माओवादी केन्द्रका नेतालाई क्रान्ति बिसाएर धोका दिएको र संसदीय भासमा परेको आरोप लगाइरहेका छन्। कुनै बेला एउटै भान्साको भात खाएर गुरिल्ला युद्ध चलाएका गृहमन्त्री रामबहादुर थापा र चन्दबीच को शक्तिशाली भन्ने टक्कर पनि छ। एउटै स्कुलिङबाट आएका दुवै माओवादीबीचका नेताको टक्करका कारण फेरि पनि नेपालीले बन्दुकको त्रास बेहोर्नुपर्छ कि भन्ने आशंका जन्माएको छ।

● **महेन्द्र शर्मा**
लिवाङ, रोल्पा

कांग्रेसको दुःख

कांग्रेसको आन्तरिक किचलोका कारण गत ४ वैशाखमा पोखरा पुगेका वरिष्ठ नेता रामचन्द्र पौडेल कार्यकर्तासँग धुरुधुरु रुने अवस्थामा पुगेछन् *(एक्ला, निरीह, ३० वैशाख)*। पौडेलजस्ता नेताको रुवाइका कारण कांग्रेसभित्र आन्तरिक लोकतन्त्र छैन भन्ने देखियो। गुटगत राजनीतिका कारण पछिल्ला तीन चरणका निर्वाचनमा कांग्रेसले पराजय भोगेकै हो। पार्टी एक भए पनि १० तिर फर्किएका नेताहरू जबसम्म सुध्रिँदैनन्, तबसम्म पौडेल र अन्य कार्यकर्ता पनि रुने अवस्था रहिरहने पक्का छ।

● **नवराज दाहाल**
कपन, काठमाडौं

बालसखा दल र धनमानसिंह

आमबालबालिकाले जस्तो मैले धुलौटो या खरीपाटीमा ककरा सिक्न पाइनँ । पिताजीले *चण्डी-रुद्री, सरस्वती स्तोत्र, गणेश स्तोत्र* पाठ गर्नु हुँदा पहिला-पहिला सुनेर अलिअलि सिकेँ र अलि पछि आफैँ अक्षर खुट्याएर लेखपढ गर्न सक्ने भएँ । त्यसैले मैले आफ्नै प्रयत्न र रुचिले अध्ययन आरम्भ गरेको हुँ । यसरी मेरो प्राथमिक शिक्षा घरमै भयो ।

००७ पछि बालसखा दल नामक एउटा संस्था खोलिएको थियो, धोबीचौरमा । त्यसको केन्द्रीय कार्यालय काठमाडौँ महानगरपालिकाको पुरानो भवन, जुद्धसडकपारि थियो । बालसखा दलको मुख्य उद्देश्य आर्थिक विपन्न परिवारका बालकलाई निःशुल्क शिक्षा प्रदान गर्नु थियो । यसबाहेक आकस्मिक रूपमा भइपरी आउने प्राकृतिक विपत्तिका बेला राहत, चन्दा संकलन र वितरण पनि गर्थ्यो ।

००८ मा नौ वर्षको उमेरमा बालसखा दल स्कुलमा कक्षा १ मा भर्ना भएँ र प्रथम भएँ । अनि, मलाई त्यतिबेला खुब नाम चलेको जुद्धोदय हाई स्कुलमा भर्ना गर्न लगियो । यद्यपि, म पढाइमा राम्रै थिएँ तर त्यहाँका प्रधानाध्यापक मुकुन्द रेग्मीले भने, 'कक्षा ४ को कोटा पूरा भइसक्यो, टेस्ट पास गर्न सक्छौ भने ५ मा भर्ना गर्न सकिन्छ ।'

अब एकैचोटि कक्षा ५ मा भर्तीका लागि के-के प्रश्न सोध्ने हुन् भन्ने कुराले पिरोल्यो मलाई । उनले 'मेरो घरपछाडिको बगैँचामा मेरी बहिनी गट्टा खेलिरहेकी छन्' भन्ने वाक्यांशलाई अंग्रेजीमा अनुवाद गर्न लगाए । मैले अगाडि र गट्टालाई अंग्रेजीमा के भनेँ थाहा छैन । तर, म कक्षा ५ मा भर्ना हुन योग्य ठहरिएँ ।

बालसखा दलका संस्थापक थिए, धनमानसिंह परियार । उनी दार्जीलिङतिरबाट आएका थिए । ००७ मा बीए पास गरेका मानिस पाइनु सौभाग्य मानिन्थ्यो । परियारले उसैबेला कोलकाताबाट बीए, बीटी गरेका थिए । त्यहाँ पढ्दा उनलाई यस्ता सामाजिक संस्थाहरूको अनुभव हुँदो हो । दलितप्रतिको विभेद सँगसँगै आर्थिक अवस्थाको कमजोरीका कारण उनले जीवनमा हन्डर खाएका हुँदा हुन् । त्यसैले काठमाडौँमा आएर उनले बालसखा दल खोले र त्यस अन्तर्गत यसै नामले गरिब परिवारका लागि स्कुल पनि सञ्चालन गरे । त्यसैबेला धोबीचौरको पाटीका साथै पुतलीसडक र जुद्धसडकमा गरी यस्ता १०/१२ वटै स्कुल सञ्चालित थिए ।

धनमानसिंहकी बहिनी कमला परियार टाइपिङमा पोख्त थिइन् । राहुल सांकृत्यायनले टाइपिस्ट बनाएर लगेर पछि पत्नी बनाए । उनी कमला सांकृत्यायनका नामले प्रसिद्ध भइन् ।

बालसखा दल स्कुलमा छात्रहरूलाई मात्र पढाइन्थ्यो । शिक्षा निःशुल्क थियो । अतिरिक्त क्रियाकलापमा पनि बालसखा दल खुब सक्रिय थियो । दलको नाम दिइए पनि यो कुनै राजनीतिक दल थिएन । दलले स्थापनालगत्तै *बालसखा* नामक मासिक पत्रिका पनि प्रकाशन गरेको थियो । यसमा सम्पादक थिए, उनै धनमानसिंह ।


मासिक पत्रिका
बाल सखा
वर्ष ५]　२०११ साल कार्तिक　[अंक १
(श्री धनखिष लिखोत 'देउ देउ दानी दाता' शिर्षक गीत बाढ पीडित जनताको लागी बालसखाहरूले चन्दा संकलन गर्दा काठमाण्डु र पाटनको टोका टोका तथा घर घरमा गाईएको हो)
(सम्पादक)

देउ देउ दानी दाता,
दान लिन आएका छौं
असंख्य घर र मानिस जाति
बाढले गर्दा बहेर पानी
बगाई लग्यो बेपत्ता पारी
परें कालामा नर र नारी,—देउ, देउ !
पैरोले थिची कतिलाई मिची
बगाई लग्यो खेती र बारी
गाइ र भैंसी सबैलाई मारी
नोक्सानी भयो देशको भारी—देउ देउ ।
पुण्य दान कुँजी समान
जसले खुल्दछ स्वर्गको धाम
उपकार गर्ने यो ठूलो याम
मौका लिनुहोस चलाई नाम—देउ देउ

वार्षिक मूल्य मोरु. ३)　एक प्रतिको । २५ पैसा

बालसखा दलको मुखपत्र

धेरै समयपछि मैले उनको योगदानको कदर गर्दै गुरुदक्षिणाका रूपमा 'मेरा श्रद्धेय गुरु' शीर्षकमा एउटा लेख लेखेँ र साझा प्रकाशनको मासिक पत्रिका *गरिमामा* प्रकाशनार्थ पठाएँ । त्यसपछि मैले आफ्नो त्यो लेखका लागि धेरै अंक गरिमा किनेँ । तर, त्यसमा आफ्नो लेख पाइनँ । झन्डै तीन-चार महिनै त्यो लेख प्रकाशित भएन । अनि, मैले सम्पादक गोपाल पराजुलीलाई त्यसको कारण सोधेँ । उनले एक जना सञ्चालकले मेरो लेखमाथि प्रतिबन्ध लगाएको भन्ने स्पष्टीकरण दिए । ती सञ्चालकले दलित मानिसमाथि यति प्रशंसा गरेको लेख *गरिमामा* छाप्नु उचित हुँदैन भनेछन् ।

मैले कडा शब्दमा प्रतिवाद गरेपछि बाध्य भएर *गरिमाले* त्यो लेख छाप्यो । म अहिले ती व्यक्तिको नाम भनेर तिनको मुख अमिलो पार्न चाहन्नँ । तर, त्यसपछि तिनीसँग बोल्नै छाडेँ ।

एसएलसी सकेर म त्यही स्कुलमा पढाउन थालेँ र प्रधानाध्यापकसम्म भएँ । पछि त्यसलाई बाल विकास स्कुल नामकरण गरियो । ०१७ मा राजनीतिक दल प्रतिबन्धित भएपछि ती परियार गुरु पलायन भएर कोलकातामा बस्न पुगेका थिए । पछि राजा महेन्द्रले उनलाई फर्काएर ल्याए र राष्ट्रिय पञ्चायतको सदस्यसम्म बनाए । त्यस्ता परोपकारी, शिक्षासेवी गुरुबारेको लेख 'परियार' थरकै कारणले प्रतिबन्ध लगाउन खोजेकामा भने मलाई अहिले पनि दुःख लाग्छ ।

॥ प्रस्तुति : **रमण घिमिरे**

विदेशबाट

मोदी 'नट वेलकम'

०७२ को विनाशकारी भूकम्पपछि नेपालमाथि भारतले लगाएको नाकाबन्दीको ह्याङओभरबाट मुक्त नभएका नेपालीले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको पछिल्लो नेपाल भ्रमण रूचाएनन् । औषधि, खाद्यान्न, पेट्रोलियम आदिका लागि भारतमाथि निर्भर नेपाललाई नाकाबन्दीले निकै प्रभाव पारेको थियो । यी सामग्री त्यसताका सर्वसुलभ थिएनन् । पाइहाले पनि दोब्बर-तेब्बर मूल्य पर्थ्यो । भारतले भने नाकाबन्दी लगाउनुको पछाडि नेपालकै आन्तरिक झमेला जिम्मेवार रहेको बताउँदै आएको छ ।

'भारतमा मात्र निर्भर हुंदा यो दिन देख्नुपरेको भान सबैलाई भयो । हामी डटेर लाग्यौं, झुकेनौं,' नाकाबन्दीका कारण चीनतर्फ नेपालको झुकाव बढेको उद्धृत गर्दै पूर्वमन्त्री प्रकाशचन्द्र लोहनीले भनेका छन् । भारतीय मिडियाले अनेकचोटि प्रधानमन्त्री केपी शर्मा ओलीलाई चीनको पक्षधर उल्लेख गरेका छन् ।

'नेपालीसंग भारतले गरेका अपूरा प्रतिबद्धताको लामो सूची छ । उनीहरू आजित भइसके । मोदीको नेपाल भ्रमणको विरोध यसैको प्रतिफल हो ।' *बीबीसी* हिन्दीका लागि विनीत खरेलले लेखेका छन् । ◆

सुर-बेसुर

"सामाजिक सञ्जालमा मलाई फलो गरेका केही त्यस्ता मान्छे छन्, जसले १७ हजारको हत्यारा मात्रै भनिरहेका हुन्छन् । तिनले क्रान्ति कति निर्मम हुन्छ भन्ने नै बुझेनन् । इतिहासमा कति ठूलो बलिदानीबाट परिवर्तन भएका छन् भन्ने नै बुझेनन् । त्यस्ता मूर्खहरूलाई गाली गर्नुभन्दा पनि सद्बुद्धि आओस् भनेर कामना गर्नुपर्छ ।"

बाबुराम भट्टराई
संयोजक, नयाँ शक्ति पार्टी
बाह्रखरी डटकम

तस्बिरमा इतिहास



मुग्लिङ झरें सि...

३४ वर्षअघिको मुग्लिङ बजार ।

सोझै

तथ्यचित्र

एसियाली राष्ट्रहरूमा फेसबुक प्रयोगकर्ता

देश	फेसबुक प्रयोगकर्ता
भारत	२५,१०,००,०००
थाइल्यान्ड	४,६०,००,०००
बंगलादेश	२,८०,००,०००
जापान	७,१०,००,०००
पाकिस्तान	३,२०,००,०००
श्रीलंका	५५,००,०००
चीन	१८,००,०००
सिंगापुर	४३,००,०००
नेपाल	८७,००,०००
माल्दिभ्स	३,२०,०००

स्रोत : इन्टरनेट वर्ल्ड स्ट्याट्स

साताका चर्चित

प्रबल गुरूङ
फेसन डिजाइनर

न्युयोर्कमा आयोजित मेट गाला-२०१८ मा सेलिब्रिटीका लागि आकर्षक पहिरन डिजाइन गरेकाले । डायान क्रुगर, दीपिका पादुकोणलगायत आठ सेलिब्रिटी उनका डिजाइनमा सजिएका थिए । नेपाली मूलका यी युवाले मिसेल ओबामा, जोए सल्डानाजस्ता चर्चित महिलाका पहिरन डिजाइन गरिसकेका छन् ।

मोदी आऊ, देश बनाऊ

कुनै जमाना राजा मात्र होइन, राजपरिवारको कुनै सदस्य सवारी हुने बाटो रातारात टल्काइन्थ्यो । खाल्डाखुल्डी मजाले टालिन्थे, फोहर त के धूलोसमेतको नामोनिसान हटाइन्थे । कथंकदाचित यस्तो तयारीमा रत्तिभर कमजोरी देखिएमा वडाध्यक्ष वा अञ्चलाधीशको जागिर धरापमा पर्न सक्थ्यो । सवारीको निहुँमा हुने यस्ता 'विकास' राजसंस्थासँगै नामेट भयो । अचम्म के भयो भने छिमेकबाट स्पेसल पाहुनाको सवारी हुने खबर मात्रले देशमा विकासको लहर चल्न थाल्यो । उसबेला कुट्न, बिगार्न र आगो झोस्न पल्केका हातहरू अहिले सवारी मार्ग बढारिरहेका छन् । हिलोमा आफ्नो कोट फुकालेर ओछ्याउँदैछन् । बाटोका प्वाल टालिरहेका छन्, रंगरोगनमा व्यस्त छन् । नयाँ स्थानीय सरकारले वर्ष दिनमा गर्न नसकेका काम 'प्रचण्ड प्रतापी भूपति' प्रभुको सवारीको खबर मात्रले पनि क्षणभरमै सम्भव भए । अब सडकमा नारा लाग्न सक्छ– मोदी आऊ, देश बनाऊ ।

■ छुल्याहा गुरु

सरी शृंखला

प्रचण्ड (जंगेको शैलीमा) : के हो कमरेड ? त्यस्तो ट्वीट गरिदिने ? दुनो त तपाईंले पनि सोझ्याउनुभएको हो, मैले पनि सोझ्याएकै हो । तपाईंले मलाई भनेको कि आफैंलाई ?

ओली (शान्त भावमा) : अँ.. है । मैले अर्कै थोक सोचेको थिएँ । तर, सचिवालयका साथीहरूले त्यस्तो भाषामा ट्वीट गर्दिएछन् । मैले पछि मात्र चाल पाएँ ।

प्रचण्ड : तपाई आफैं ट्वीटर चलाउनुहुन्न ?

ओली : म चलाउँदिनँ । ह्यान्डिल मात्र मेरो हो, चलाउने त साथीहरू हुन् । (हाँसो)

प्रचण्ड : म पनि कहाँ चलाउँछु त ? मेरो पनि त्यही हालत हो । (हाँसो)

ओली : सरी.. माइन्ड नगर्नूस् । (अभिनय गर्दै)

प्रचण्ड : माइन्ड नगर्नूस्.. सरी ।

ओली : यस्तै हो, सरी ।

प्रचण्ड : भइहाल्छ, सरी । ..

(त्यसपछिका पौने तीन घन्टा सरी–सरी भन्दाभन्दै सकिएछ ।)

■ लाल कुमाल

दुई नम्बरी छलाङ

आफ्नो हात जगन्नाथ भएका बेला खानेकुरामा किन पछि पर्नु ! प्रदेश १ बाहेक सबै प्रदेशका सांसदको सेवा/सुविधा तोकिसकियो । कर्णाली प्रदेशका सांसदले मासिक ४३ हजार खाने भएछन् । ३, ४, ५ र ७ प्रदेशका सांसदको मासिक तलब ४५ हजार तोकिएछ । प्रदेश २ का सांसद किन अग्रगामी ठहरिए भने उनीहरूले मासिक ५५ हजार पारिश्रमिक तोक्न भ्याए । हुनलाई ७ प्रदेशमध्ये आफ्नै आन्तरिक स्रोत कम भएको प्रदेश त्यही हो । प्रदेश २ को छलाङ मार्न सिको अरूले पनि चाँडै गरिदिऊन् । नयाँ नेपाल बन्छ, बन्छ ।

■ गोरे काजी

दाल गल्यो कमरेड



उहिले–उहिले प्रचण्डको रापताप थियो । उनलाई कुनै माइकालालले गलाउन सक्दैनथ्यो । बिस्तारै संसदीय चक्काले पेल्न थालेपछि उनी पुष्प–कमल भए । अस्तिसम्म दाहालको हाउगुजी बाँकी थियो । हाउगुजीपूर्ण 'हा' बिलाएपछि अब उनी 'दाल' मात्र बचेका छन् । लाग्छ, उनी प्रेसर कुकरमा गलाउन राखिएको दाल हुन् । उखान–अग्निको सिलिन्डर बोकेका ओलीले ताप दिन्छन् । एक सिट्ठी, माधव नेपाल । दोस्रो, ईश्वर पोखरेल, तेस्रो, भीम रावल । र, तीन–चार सिट्ठीमा दाल गलिहाल्छ । यसरी लयालु दालले संसदीय–भान्छा मीठो हुँदैछ । आखिर, समाजवादी परिकार पकाउनु जो छ ।

■ भर्जिन ब्वाय

घाँस-दाउरामा सिन्डीकेट !

मन्त्रीहरू सिन्डीकेटको बेलिविस्तार लगाउनमै व्यस्त छन् । यातायातमा सिन्डीकेट हटाएको भोलिपल्टै वन तथा वातावरणमन्त्री शक्ति बस्नेतले सयदिने योजना सार्वजनिक गरिदिए, वन क्षेत्रको सिन्डीकेट पनि तोडिनेछ । वनमन्त्री बस्नेतको वनमाथिको सिन्डीकेट तोड्ने घोषणा गज्जब छ, अब एक जना मात्र वन-जंगलमा घाँस-दाउरा लिन जान पाइने छैन । वन-जंगलमा लाइन लागेर घाँस-दाउरा लिन जानुपर्नेछ । किनभने, सिन्डीकेट भएको भए एक्लै ल्याउनुपर्थ्यो । यस्तो घोषणाले त सरकार संरक्षित वन सखाप हुंदैन वनमन्त्रीज्यू !

■ **अर्जेल काका**

'किक कोर्स' चाहियो

मोरङ जिल्ला अदालत जाँदै गर्दा एक एसएसपीले फोटो-पत्रकारलाई लात्ती बजारे । तर, क्यामेरा फुटेन । अर्थात्, एसएसपी

सापको निशाना चुक्यो । ए बाबा, किन चुक्यो निशाना ? स्रोत-साधनको अभावका कारण प्रहरीले यथेष्ट तालिम गर्न नपाउने गनगन धेरै आउँथ्यो । त्यसैको प्रमाण छरपस्ट भएको हो कि ? यदि यो कारण होइन भने योचाहिं यकिन हो कि प्रहरीको तालिममा किक हान्ने तरिका राखिएको छैन । अब नवनियुक्त आईजीसापले तालिममा यसलाई समेट्नु जरूरी भइसक्यो । जेल गइरहेका बेला आत्मरक्षाका लागि उपाय नसिकाएर अपराध अनुसन्धान, शान्ति-सुरक्षा चुक्दैन त ? सफल कार्यकालका लागि किक डिजाइन गर्न रत्ति ढिलाइ गर्नुभएन । आगे यहाँको विचार !

■ **लुकुवा बाजे**

झटारो | ■ **लक्ष्मण गाम्नागे**

सरकारलाई प्रवेश निषेध !

तीन दशकसम्मको अनवरत प्रयासपछि यसपालि सरकारले न्वारानदेखिको बल निकालेर यातायात क्षेत्रको 'सिन्डीकेट साम्राज्य' समाप्त पार्‍यो । यातायात साम्राज्यका राजा-रजौटाहरूले सरकारसँग घुँडा टेकेकोप्रति हामी अरू साम्राज्यका राजा-रजौटाहरू खेद व्यक्त गर्दछौं । र, सरकारको विस्तारवादी नीतिप्रति घोर आपत्ति प्रकट गर्दछौं । सरकारका केही मन्त्रीहरू अरू क्षेत्रका सिन्डीकेट साम्राज्यलाई पनि यसैगरी तह लगाउँछौं भन्दै हौसिएको समाचार सुनिँदैछ । यस्तो सोच कल्पनामा पनि नराखे हुन्छ, हामी सम्पूर्ण सिन्डीकेट साम्राज्यका राजा-रजौटाहरू सरकारलाई ठाडो चुनौती दिन चाहन्छौं, हाम्रो साम्राज्यतिर देब्रे आँखाले पनि नहेर्नू । हेरेमा परिणाम राम्रो हुने छैन ।

हाम्रो साम्राज्यको अथाह क्षेत्रफलबारे सरकारलाई थाहै छ । कहाँ-कहाँ मात्र तैंले धावा बोल्न सक्लास् ! अस्पताल, मल, फलफूल, स्कुल, कलेज, रोजगारी, बेरोजगारी, बैंक, ब्याज, प्याज, सुन, लसुन, तेल, खेल, खानी, पानी, लुगा, जुत्ता, खोला किनार, सरकारी वन, चुरेको पहाड, खोलाको बगर, आकाश, जमिन, भन्सार, कर । सिन्डीकेट साम्राज्यले नगाँजेको क्षेत्र कुनै छ ? मोटर हिँड्ने सडक हाम्रो कब्जामा । पैदल हिँड्ने पेटी हाम्रो राज्याधिकारमा । ल हेर ! यी राजमार्ग र नदी, खोलानालाका सरकारी किनारामा हाम्रा लाखौं घर-टहरा, हाम्रा पेसा, व्यवसायहरू । ल हेरौं त कसले छुँदो रहेछ हामीलाई ! यस्तो चक्रव्यूहमा पस्ने आँट कसरी गर्दो रहेछ सरकारले ! देखा त सरकार तेरो पाइन !

कस्ता-कस्ता अभेद्य किल्लाहरू छन् हामीसँग । हामी हाम्रो किल्लामा छिर्नै दिँदैनौं सरकारलाई । हाम्रा आफ्नै संविधान छन्, कानुन छन्, नियम छन् । हाम्रा आफ्नै जासुसहरू छन्, एजेन्टहरू छन्, घुसपैठियाहरू छन् । त्यहीं संसद्मा छन्, प्रशासनमा छन् । प्रहरीमा, अदालतमा, वकालतमा छन् । सरकारभित्रै छन् हाम्रा सञ्चालकहरू, संरक्षकहरू, भूमिगत सल्लाहकारहरू । सडकदेखि सदनसम्मै हाम्रो साम्राज्य छ । ल हेरौं त, कसरी भत्काउन सक्छस् हाम्रो साम्राज्य !

भन्सारको जालो तैंले तोड्नै सक्दैनस् । सुन तस्करीको चक्रव्यूहमा तँलाई नै हुलेर हामी अभिमन्यू बनाइदिन्छौं । तँलाई तिरिमिरीझ्याँइ पार्ने तेरै कर्मचारी, शिक्षक, प्राध्यापकका संघ-संगठनका सिन्डीकेटहरू छन् । बाइसे-चौबीसे राज्य भन्ये उहिले, अहिले बाइस सय-चौबीस सयभन्दा बढी सिन्डीकेट राज्यहरू चलाएका छौं हामीले । सरकारले हाम्रा साम्राज्यमा हस्तक्षेप गर्न खोज्यो भने अरिंगालको गोलोझैं हाम्रा राज्यका सेनाहरू सरकारविरुद्ध खनिनेछन्, जसरी विगतमा खनिने गर्थे र सरकारलाई हरेक पटक घुँडा टेकाएरै छाड्थे । सरकारले पृथ्वीनारायण हुने सपना नदेखे हुन्छ ।

यातायात साम्राज्यजस्तै कमजोर ठानेर हाम्रा महाशक्तिशाली मेडिकल साम्राज्य, शिक्षा साम्राज्य, बैंकिङ साम्राज्य, ट्रेड युनियन साम्राज्यहरूमा झुक्किएर पनि धावा नबोल्नू । नत्र आफैं फन्दामा परेर अकालमै आयु सकिएला ! तरकारी साम्राज्यमा हमला गर्न खोज्दा सरकारी सेना-मेनाहरूलाई तरकारी नै तरकारीले हानेर लखेटेको बिर्सेको छैन होला । हाम्रो व्यापार साम्राज्यमा चेकजाँच गर्न खोज्दा केही वर्षअघि न्युरोडबाट तिनीहरूलाई युद्धबन्दी बनाएर सटरमा थुनेर नांगेझार पारेर लखेटेको घटना भुलेको छैन होला । नभुल्नू त्यस्ता विगतका घटना र नआउनू हाम्रो साम्राज्यमा । शान्तिपूर्ण तरिकाले राज्य गरेर बसिरहेको अवस्थामा हाम्रो शान्ति भंग गर्ने दुष्प्रयास नगर्नू । हामीलाई यातायात व्यवसायीजस्तो कमजोर र घुँडाटेकुवा सम्झेर आक्रमण गर्ने दुस्साहस गरेमा नराम्रो परिणाम भोग्नुपर्ला ! सावधान ! सरकारलाई हाम्रो साम्राज्यमा प्रवेश निषेध छ ।

तथ्य/टिप्पणी

हरिबहादुर थापा

संरक्षणवादको संरक्षण

न्यायिक धरोहरबाट उत्पन्न 'बिचौलिया' शब्दले जसरी उचाइ पायो, उत्तिकै खतरनाक अर्को प्रवृत्ति 'संरक्षणवाद'का सन्दर्भमा बहस भएको पाइँदैन । राजनीतिक वृत्तमा सामान्य टीका-टिप्पणीबाहेक कसैले बोलेकोसम्म सुनिँदैन । पूर्वन्यायाधीश प्रकाश वस्ती बिचौलिया जत्तिकै खराब र भ्रष्ट प्रवृत्ति ठान्छन्, 'संरक्षणवाद'लाई । यो विकृति न्यायिक धरोहरदेखि शासकीय वृत्तमा नराम्ररी गहिरिँदैछ तर कोही पनि नघोत्लिएको देख्दा उनलाई चिन्ता लागेको छ ।

असल र इमानदार पात्रलाई विस्थापित गरी भ्रष्ट र बेइमानलाई स्थापित गर्ने खतरनाक मनोवृत्ति हो- संरक्षणवाद । न्यायालयभित्रका दृश्य विश्लेषण र अनभूति सर्वेक्षण गरी ११ वर्षअघि बिचौलिया शब्द निर्माण भएको थियो, जुन यतिखेर आमबोलीमै स्थापित हुन पुगेको छ । एकै प्रतिवेदनमा उजागरित 'संरक्षणवाद' भने ओझेल परेको छ । दुवै शब्दका रचनाकार उनै वस्ती हुन् । सर्वोच्च अदालत बार एसोसिएसनद्वारा गठित न्यायपालिकाप्रति 'जनआस्था अभिवृद्धि अध्ययन समिति'को प्रतिवेदनभित्र 'संरक्षणवाद'का दृश्य र अनुभूति सर्वेक्षण गरिएको थियो । कार्यदलका एक सदस्य वस्ती थिए । न्यायपालिकाभित्र ठूलाले सानालाई अनुचित ढंगले काखी च्यापेको र खराब काम हुँदाका बखत जोगाएको दृश्यलाई 'संरक्षणवाद' नामकरण गरिएको थियो ।

'न्यायपालिकाभित्र संरक्षणवाद छ वा छैन ?' जवाफ आयो, 'न्यायपालिकाभित्र प्रशस्त संरक्षणवाद छ ।' सर्वेक्षणका क्रममा न्यायालयभित्र संरक्षणवाद भेउ पाउन नसक्ने १० प्रतिशत रहे, ७९.७७ प्रतिशतले प्रशस्त मात्रामा संरक्षणवाद रहेको मत जाहेर गरे । जसमा ३.३७ प्रतिशत मात्र संरक्षणवाद 'छैन' भन्ने थिए भने ३.३७ प्रतिशतले 'भन्न चाहन्नँ' भनी निरपेक्ष धार समाते । यस्ता संरक्षणकर्तामा प्रधानन्यायाधीश, रजिष्ट्रार, सर्वोच्चका न्यायाधीश, दलीय नेता, कानुनमन्त्रीदेखि न्यायपरिषद् सदस्यसम्मलाई मानिँदो रहेछ ।

'कुन पृष्ठभूमिमा संरक्षण शब्द चयन हुन पुग्यो त ?' विश्वनाथ उपाध्याय प्रधानन्यायाधीश हुँदा तल्ला तहका एक न्यायाधीश बदमासीमा संलग्न भएको भनी व्यापक गुनासो आयो । ती न्यायाधीशविरुद्ध न्यायपरिषद्मै प्रशस्त उजुरी पनि थिए । नेपाल बारले ती न्यायाधीशलाई कारबाहीका निम्ति सिफारिस गर्‍यो । उपाध्याय स्वयं अनुसन्धान गरी कारबाही हुनुपर्छ भन्ने पक्षमा थिए । तर, न्यायपरिषद्का एक सदस्य अस्वाभाविक रूप प्रदर्शन गरी न्यायाधीश बचाउ अभियानमा उत्रिए । तिनको भनाइ थियो, 'कसैविरुद्ध कालाकोटधारी कौवा कराएर हुन्छ ?' उक्त 'संरक्षण'सँगै विवादित न्यायाधीशविरुद्ध अनुसन्धानसमेत भएन ।

चारैतिर 'बदमास' भनिएका पात्र जोगिन पुगेको पृष्ठभूमिमा 'संरक्षणवाद' शब्द रचना हुन पुगेको हो । त्यही दृश्यलाई पृष्ठभूमिमा राख्दै न्यायिक धरोहरसँग जोडिएकाहरू संरक्षणवादका सवालमा पनि मत सर्वेक्षण हुनुपर्छ भन्ने निष्कर्षमा कार्यदल पुग्यो । दुर्भाग्य ! 'संरक्षणवाद'का सवालमा गहिरो बहस छेडिन सकेन । संरक्षणवाद बढ्नुको कारणचाहिँ आफन्तलाई अघि बढाउन, भ्रष्टाचारको संयन्त्र खडा गर्न, आफ्नो नियुक्ति वा बढुवालाई अनुकूल बनाउन, अयोग्यलाई लाभान्वित तुल्याउन र गुटबन्दीलाई दरिलो तुल्याउन देखियो । संरक्षणवादकै कारण न्यायालयभित्रका इमानदार र असल पात्रहरू दुरुत्साहित, बेइमान प्रोत्साहित हुँदै गए । र, भ्रष्टाचार तथा अनुशासनहीनताको बोलवाला भएको निष्कर्ष अध्ययन कार्यदलको छ ।

सकारात्मक शब्दको नकारात्मक अर्थ

खासमा 'संरक्षण' सकारात्मक अर्थ र सन्दर्भ समेट्ने शब्द हो । हाम्रै शब्दकोशमा त्यो शब्दलाई 'बचाउ, हिफाजत, सुरक्षा, रेखदेख, हेरविचार, राम्ररी रक्षा गर्ने' भनी परिभाषित गरिएको छ । अर्थात्, संरक्षण हुनु र गरिनु नराम्रो सवाल मानिँदो रहेनछ । त्यही सकारात्मक शब्द पनि नकारात्मकतिर मोडियो र अझ 'वाद' जोडियो भने खतरनाक हुँदो रहेछ ।

असललाई संरक्षण र खराब तत्त्व दुरुत्साहन गरेको भए नकारात्मक अर्थ लाग्ने थिएन । त्यही प्रतिवेदनको टिप्पणी छ, 'संरक्षणवाद सदैव नकारात्मक अर्थ बोक्ने शब्द नभए पनि खराब कुराको संरक्षण हुन पुग्दा परिणाम निश्चय पनि नकारात्मक नै देखिन आउँछ । असल कुराको संरक्षणले असल परिणति दिएजस्तै खराब प्रवृत्तिको संरक्षणले खराबी बढाउनेबाहेक अर्को परिणाम दिँदैन ।'

न्यायिक मन प्रयोग गरी दूधको दूध र पानीको पानी छुट्याउनुपर्ने थलो मानिन्छ, न्यायालय । त्यही थलो न्यायपालिका र न्यायपरिषद्भित्र सकारात्मक शब्दसमेत नकारात्मक बन्ने गरी विकृत हुनुको अर्थ बिरलै मात्र खोजिएको पाइन्छ । त्यही प्रतिवेदनकै शब्दमा, 'इमानदार, कर्तव्यपरायण, कर्मठ, लगनशील, कामप्रति वफादार व्यक्तिलाई संरक्षण दिनुपर्ने हो । भ्रष्टाचार, कामचोर, नातागोता, राजनीतिक आस्था, चाकरी, प्रलोभन र स्वार्थपूर्तिजस्ता तत्त्व संरक्षणका आधार बने भने न्यायपालिकाप्रतिको जनआस्थालाई आघात पुर्‍याउनुबाहेक अर्को परिणाम देखिन सक्दैन ।'

सँगै कार्यदलले न्यायालयभित्र डेरा जमाउँदै गएको गुटबन्दी र संरक्षणवाद नाता-सम्बन्ध जोडेर अध्ययन गरेको थियो । 'न्यायालयभित्र

गुटबन्दी छ वा छैन ?' भन्ने प्रश्नमा ७८.७५ प्रतिशत जवाफकर्ताको मत रह्यो, 'छ' । जसमा 'भन्न चाहन्नँ' भन्ने १० प्रतिशत थिए । 'गुटबन्दी छैन' भनी मत जाहेर गर्नेमा ५ र 'थाहा छैन' भन्नेमा ५ प्रतिशत जवाफकर्ता थिए । गुटबन्दी हुनुमा आर्थिक लाभको उद्देश्य ठान्ने बहुमतमा देखिए । त्यसका अतिरिक्त नाता-गोता, राजनीतिक आस्था, जातीयता, क्षेत्रीयतालाई 'कारक' ठानिएको थियो ।

संरक्षणवादसँग गुटबन्दी चर्कोसँग जोडिएको त्यही अध्ययनले देखायो । जब संरक्षणकर्ता न्यायिक धरोहरबाट बाहिरिन्छन् या शक्तिहीन हुन्छन्, तब गुट पनि छिन्नभिन्न हुन पुग्दो रहेछ । त्यसो त आफू अनुकूलका न्यायिक नेतृत्व भएको खण्डमा बारले पनि 'संरक्षण'को भूमिका खेल्छ, जुन पछिल्लो समय राम्रैसँग मञ्चन भइसकेको छ । अनुकूलका प्रधानन्यायाधीशविरुद्ध खराब काममा पनि एक शब्द नबोल्ने र प्रतिकूल भए जतिसुकै इमानदार भए पनि नछाड्ने शैली प्रदर्शनमा आइसकेको छ । प्रतिकूल हुँदाका बखत बेन्च र बारबीच 'शीतयुद्ध'समेत चल्ने गर्छ । त्यही कार्यदलले गुटबन्दी र संरक्षणवादलाई मलजल गर्न कानुन व्यवसायीको भूमिका राम्रैसँग औंल्याएको थियो । संरक्षणवादका निम्ति संयन्त्र बनाउनेदेखि राजनीतिक आस्थाका आडमा खराब काम गर्न कानुन व्यवसायीले उक्साउँछन् । यस्ता काममा कानुन व्यवसायीको संलग्नता हुँदैन भन्ने मत थोरै छ ।

सर्वत्र संरक्षणवाद

न्यायिक विकृति अन्त्यका निम्ति हामीकहाँ संस्था र कानुनको परिकल्पना नगरिएको होइन । न्यायाधीशहरूको नियुक्ति, सरुवा, कार्यक्षमता र कारबाहीलगायत यावत् प्रक्रिया असल शैली अपनाउन न्यायपरिषद्को संवैधानिक व्यवस्था छ, जसको मूलभूत उद्देश्य राजनीतिक र अन्य हस्तक्षेप र विकृतिबाट मुक्त राखी न्यायिक स्वतन्त्रतालाई जीवन्त राख्नु हो ।

संसदीय कालखण्डभर पाँच सदस्यीय न्यायपरिषद्मा सर्वोच्च अदालतका तीनसहित न्यायाधीशबहुल थियो, लोकतन्त्रसँगै राजनीतिक अनुहार बहुमतमा पुगे । प्रधानन्यायाधीश अध्यक्ष र वरिष्ठ न्यायाधीशले न्यायालयको प्रतिनिधित्व गर्छन् । अर्कातिर कानुनमन्त्री, प्रधानमन्त्रीबाट नियुक्त सदस्य र बारका प्रतिनिधि, जसको स्वाभाविक रूपमा राजनीतिक पृष्ठभूमि हुन्छ । बाह्य-पात्रलाई अदालती कामको प्रकृति, मुद्दाको चाप र न्यायिक संवेदनाप्रति त्यति चासो हुँदैन, उनीहरूको बढी चासो पार्टीप्रति वफादारी प्रदर्शन गर्नुमा केन्द्रित हुन्छ । पछिल्लो समय न्यायपरिषद्का काम-कारबाहीमा भागबन्डा, राजनीतिक आग्रह प्रदर्शन हुँदैछन् । संरक्षणवाद पनि दरिलो हुँदै गएको छ ।

सर्वोच्च अदालतबाटै विवादित न्यायाधीशविरुद्ध अनुसन्धान गरी कारबाही चलाउनू भन्ने न्यायिक आदेश पनि संरक्षणवादकै कारण पंगु भएका उदाहरण छन् । एकै प्रकरणमा पनि न्यायपरिषद् सदस्यबाट संरक्षणप्राप्त न्यायाधीश टिकिरहन सफल भए तर 'आशीर्वाद' प्राप्त गर्न असफल न्यायाधीश राजीनामा दिन बाध्य भए । सँगै न्यायपरिषद् सदस्यका 'फेर' समात्न सक्नेहरू भन्ने उदाहरण यस्तै घटनाले स्थापित गरिरहेको छ । उच्च अदालतका एक न्यायाधीशको टिप्पणी रह्यो, 'कसैको कोही छैन भने न्यायाधीश निरीह हुँदै राजीनामा दिन बाध्य हुनुपर्छ । न्यायपरिषद्मा कोही नभएपछि पेन्सन जाला भन्ने डरले पनि राजीनामा दिनुको विकल्प हुँदैन ।'

> **असल र इमानदार पात्रलाई विस्थापित गरी भ्रष्ट र बेइमानलाई स्थापित गर्ने खतरनाक मनोवृत्ति हो- संरक्षणवाद ।**

त्यसो त राजीनामा दिने अवसर पाउनु एक किसिमको 'आशीर्वाद' हो । बदमासी या खराबीमा छानबिन गरी सजाय भोग्नुपर्ने पृष्ठभूमिका पात्रले राजीनामापछिको पेन्सनयुक्त अवकाशको जीवन जिउन पाउनु पनि 'अवसर' नै हो । त्यही कारण प्रजातन्त्र पुनः स्थापनायताको न्यायिक इतिहासमा कसैविरुद्ध भ्रष्टाचारमा सजाय भएको उदाहरण स्थापित भएको छैन । केही पात्रविरुद्ध अभियोग लागे पनि अदालती प्रक्रियाबाटै चोखिएका छन् ।

खासमा न्यायपरिषद् हरेक निर्णयमा 'सर्वसम्मति' खोज्ने ध्याउन्नमा हुन्छ । किनभने, सर्वसम्मति भएको खण्डमा विवादरहित निर्णय लिन सकिन्छ भन्ने मान्यता पालेको देखिन्छ । नियुक्तिमा भागबन्डा संस्कृति स्थापित हुँदै जाँदा एक सदस्यको 'कोटा'भित्र पर्ने चाकडीको खेलले जरा गाड्दैछ । भ्रष्टाचार या बदमासीमा संलग्न भएको खण्डमा एक सदस्यको बलियो साथ पाएमा जोगिने अवसर पनि मिलेकै छ । पाँचवर्ष सर्वोच्च अदालतको अस्थायी न्यायाधीशको अनुभव बोकेका वस्ती भन्छन्, "न्यायपरिषद्का कुनै एक सदस्यको संरक्षण मिलेमा सातखत माफ हुने स्थिति छ ।"

न्यायपरिषद्का एक सदस्यलाई 'रिझाउन' नसक्दा अस्थायीबाटै बाहिरिनुको मार खेप्नेमा पर्छन्, उनी स्वयं । सर्वोच्च अदालतमा ठूलो संख्यामा स्थायी न्यायाधीशको दरबन्दी खाली रहँदारहँदै पनि उनीलगायत पाँच सदस्यलाई स्थायी हुने अवसर मिलेन । त्यसो त अधिवक्ता छँदै उनै वस्तीले न्यायपरिषद्का सन्दर्भमा 'धुन्धुकारी' शब्द प्रयोग गरी लेख लेखेका थिए, जुन पुनरावेदन अदालत बार एसोसिएनद्वारा स्मारिकामा प्रकाशित भएको थियो । उनको टिप्पणी थियो, 'न्यायपरिषद्का रूपमा यो कस्तो धुन्धुकारी शिशु जन्मायौं, जो कोहीप्रति जवाफदेही छैन, जसलाई कुनै पनि प्रश्नको अख्तियारी कसैसँग छैन । शिशुको धुन्धुकारीपन नियन्त्रण भएन भने त्यसले उसका जन्मदाता तथा संरक्षकलाई पिर्ने गरेको समाजमा देखिएकै हुन् ।' शब्दकोशले धुन्धुकारीलाई उद्दण्ड, फट्याइँ गरिरहने, उल्लु व्यक्ति भनेको छ । न्यायपरिषद्मा 'धुन्धुकारी' भइरह्यो भने न्यायालय त्यस्तैको फन्दामा पर्न सक्छ । त्यसका निम्ति न्यायिक नेतृत्व नै जागरुक हुनुपर्छ ।

न्यायालय र न्यायपरिषद्मा मात्र सीमित छैन, संरक्षणवाद । चारैतिर संरक्षणवाद मौलाउँदो छ । बिचौलियाले जसरी विकृत पारिरहेको छ संरक्षणवादले पनि । शासकीय वृत्तका उपल्ला पात्र र दलीय नेताहरू 'मालिक'का रूपमा उदाउँदैछन्, उनको संरक्षण प्राप्त नगरेसम्म जतिसुकै योग्य या इमानदार भए पनि कहीं-कतै उपलब्धि नमिल्ने अवस्था छताछुल्ल छ । लोकतन्त्रमा प्रतिस्पर्धा, योग्यता र क्षमता मूलभूत आधार बनाइन्छ । तर, हामीकहाँ संरक्षणवादको गुदी नबुझ्नेहरूले अवसर नपाउने दृश्य तीव्र गतिमा बढ्दैछ, लोकतान्त्रिक कालखण्डमै । सर्वत्र फैलिएको संरक्षणवादले शासकीय कार्यक्षमता, अनुशासन पद्धतिलाई ध्वस्त पार्दै लगेको छ । केवल यस्ता दृश्य एकीकृत गरी बहस हुन नसकेको मात्र हो । ♦

KMG
KANTIPUR MEDIA GROUP
KANTIPUR
RUNNER motorcycles
Half-Marathon
2018
IN ASSOCIATION WITH
NEPALLIFE INSURANCE CO. LTD.
किनकि जीवन अमूल्य छ...
POWERED BY
NIC ASIA
एन आई सी एशिया बैंक लि.
CENTURY SPICES AND SNACKS
CO-POWERED BY
Caliber SHOES
www.calibershoes.com
MADE IN NEPAL
सहभागि हौं समृद्धिका लागि
RUN FOR PROSPERITY
Half Marathon
21.1 KM
5 KM Fun Run
Corporate & Media
5 KM
Wheelchair
Race
JESTHA
05
19TH MAY 2018
raman MOTORS
a raman general company
TITLE SPONSOR
RUNNER motorcycles
IN ASSOCIATION WITH
NEPALLIFE INSURANCE CO. LTD.
POWERED BY
NIC ASIA
एन आई सी एशिया बैंक लि.
CENTURY SPICES AND SNACKS
CO-POWERED BY
Caliber SHOES
www.calibershoes.com
MADE IN NEPAL
SPONSORED BY
CATHAY DRAGON
एभरेष्ट बैंक
EVEREST BANK
Real
SUMERU HOSPITAL

लट्रीमा लुट

सीमावर्ती क्षेत्रका नेपाली भारतीय चिट्ठाको दलदलमा

पर्वत पोर्तेल/काँकडभिट्टा

सीमावर्ती सहरमा भारतीय 'लट्री' किनेर झापाको झिलझिले जाँदै गरेका दुई युवालाई सशस्त्र प्रहरीको भन्सार राजस्व गुल्म काँकडभिट्टाको टोलीले पक्राउ गर्‍यो, तीन महिनाअघि । नेपालमा अवैध मानिएको लट्री नियन्त्रणमा लिएर उनीहरूलाई चेतावनीसहित छाडिदियो ।

झापाको सीमावर्ती क्षेत्र भारतीय लट्री (भाग्य चिट्ठा)का लागि 'अखडा' बन्दै गएको छ, पछिल्लो समय । भारतमा खरिद गरिएको लट्री नेपाली दलालहरूले दमकसम्म पुर्‍याएर नेपालीलाई दोब्बर मूल्यमा वर्षौंदेखि खुलेआम बिक्री गरिरहेका छन् ।

कम्तीमा १ हजार भारुदेखि ५१ लाख भारुसम्म नगद जितिने लट्रीको लत कति कडा छ भने सीमाका सयौं सर्वसाधारण नेपाली फसिसकेका छन् । तिनमा व्यवसायी, विभिन्न कार्यालयका कर्मचारी तथा सर्वसाधारण पनि छन् । "ड्रगभन्दा पनि कडा छ, सिमानामा लट्रीको लत," स्थानीय पर्यटन व्यवसायी नेत्र कार्की सुनाउँछन्, "हजारौं नेपाली लट्रीको दलदलमा फसिरहेछन्, दैनिक लाखौं रुपियाँ भारत पठाइरहेछन् ।"

भारत सरकारले वैधानिकता दिएको लट्री मिजोरम, नागाल्यान्ड, सिक्किम आदि भारतीय राज्य र भुटानमा समेत सञ्चालनमा छ । भारतसँग खुला सीमा जोडिएका काँकडभिट्टा र भद्रपुरसहित धुलाबारी, बिर्तामोडसम्मका स्थानीय लट्रीको लतमा फसेका छन् ।

लट्री बिक्रीका लागि भारतको पानीटंकी, बतासी, नक्सलवारी र बागडुग्रा क्षेत्रबाट भारतीय विक्रेता आउँछन् । दिनमा तीनपटक लट्री खुलाइन्छ । प्रत्येक दिन बिहान ११, अपराह्न ४ र राती ८ बजे खुल्ने लट्रीको परिणाम पनि सोही दिन सार्वजनिक हुन्छ । नेपालमा चिट्ठा बिक्रीकै लागि आधा दर्जन जति दलाल परिचालित छन् । एउटा दलालले दैनिक लाखौं रुपियाँ लिएर जान्छन् । दलालले नियमित ग्राहकलाई 'होम डेलिभरी' सुविधा पनि दिन्छन् ।

दलालले सर्वसाधारणलाई लाखौं रुपियाँ जित्ने भन्दै झूटो आश्वासन दिएर प्रलोभनमा पार्ने गर्छन् । लट्री टिकटको मूल्य न्यूनतम भारु ५० देखि अधिकतम ४ सयसम्म पर्छ । कहिलेकाहीं कसैले थोरै रकम जितेको कुरालाई पनि दलालले लट्री बिक्री गर्ने आधार मान्छन् । "मैले मात्रै दिनमा १० हजारभन्दा बढीको चिट्ठा बिक्री गर्छु," काँकडभिट्टामा भेटिएका एक दलाल भन्छन्, "अरूले अझ बढी बेच्छन् ।"

कतिपय त भारतीय बजार पुगेर आफ्ना लागि लट्री काट्छन् । बिक्रीका लागि पनि लिएर आउँछन् । तीन महिनाअघि लट्रीसहित झिलझिलेका एक नेपालीलाई सशस्त्र प्रहरीले नियन्त्रणमा लिएको थियो । भाग्य चम्किहाल्छ कि भन्दै भाग्य-परीक्षा गर्ने कतिपयले लट्रीमा घर, जमिनसमेत गुमाइसकेका उदाहरण प्रशस्तै छन् । "आज पर्ला कि भन्दै खेल्यो कहिल्यै पर्दैन," स्थानीय हरिनारायण चौधरीको अनुभव छ, "लट्रीले धेरैको जहाज डुबिसक्यो ।"

सीमाका बजारमा भारतीय र भुटानी लट्रीको अवैध धन्दा हुने गरेको प्रहरीलाई जानकारी नभएको होइन । तर पनि नियन्त्रण गर्न प्रहरी अक्षम देखिएको छ ।

इलाका प्रहरी कार्यालय काँकडभिट्टाका डीएसपी टंक भट्टराई लट्रीको कारोबार अवैधानिक भएकाले कारोबारी फेला पारिए समात्ने दाबी गर्छन् । "हामी ठगियौं भन्दै कोही पनि आएका छैनन्," भट्टराई भन्छन्, "सोही कारण नियन्त्रणमा समस्या देखिएको हो ।" ◆



स्थानीय सरकारको एक वर्ष

सदाचार शून्य

अधिकारसम्पन्न र स्वायत्त स्थानीय तहमा व्यापक बजेट तर कामचाहिँ नगन्य

बाबुराम विश्वकर्मा

अघिल्ला आर्थिक वर्षमा सर्वाधिक बजेट सार्वजनिक शिक्षामा खर्च हुन्थ्यो । तर, चालू आर्थिक वर्ष शिक्षालाई स्थानीय तहले उछिन्यो । शिक्षा मात्र होइन, केन्द्रीय तथा प्रादेशिक मन्त्रालयहरूको भन्दा बढी बजेट स्थानीय निकायमा गएको छ । ७ सय ५३ स्थानीय तहका लागि संघीय सरकारले २ खर्ब २५ अर्ब रुपियाँ विनियोजन गरेको थियो, जुन अहिलेसम्मकै उच्च हो ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका अनुसार स्थानीय तहको बजेटमध्ये चालू र पुँजीगत खर्च (समानीकरण अनुदान)को हिस्सा नै १ खर्ब ४८ अर्ब रुपियाँ छ भने ससर्त अनुदान ७६ अर्ब ४१ करोड रुपियाँ छ । संघको विनियोजनबाहेक पनि स्थानीय तहको आफ्नै आन्तरिक आम्दानी पनि छ । आउँदो आर्थिक वर्षका लागि पनि अर्थ मन्त्रालयले ससर्त अनुदानबाहेक नै १ खर्ब ३८ अर्ब ८२ करोडको बजेट सीमा तोकेर सबै स्थानीय तहलाई कार्यक्रम प्रस्ताव गर्न पत्राचार गरिसकेको छ ।

विडम्बना ! भुइँ-तहमा पहिलो पटक गएको पर्याप्त पैसाले गत एक वर्षमा उत्साहजनक नतिजा भने दिएन । निर्वाचित जनप्रतिनिधिको पहिलो वर्ष झिना-मसिना अलमल, गुनासो र कुशासनमै बित्यो । जनआकांक्षा सम्बोधन, विकास, सुशासन र सेवा प्रवाह स्थानीय तहका प्राथमिक काम हुन् । तर, चारवटै काममा स्थानीय तह प्रभावकारी र नतिजामुखी त भएनन्, जनप्रतिनिधि सदाचारीसमेत हुन सकेनन् । त्यसैले जनप्रतिनिधिप्रति सामाजिक आक्रोश बढ्दै गएको छ ।

पुराना गाविस-नगरपालिकाको तुलनामा चालू आर्थिक वर्षमा स्थानीय तहमा गएको बजेट अप्रत्याशित नै हो । किनभने, यत्रो रकम यसअघि गाउँ-नगर तथा जिल्लामा गएको थिएन । बजेटको अधिकांश हिस्सा केन्द्रीय संरचनामै खपत हुने गरेको थियो । त्यसो त पुराना स्थानीय तह स्थानीय स्वायत शासन ऐन, २०५५ अनुसार तत्कालीन स्थानीय विकास मन्त्रालय शाखा जसरी चलेका थिए । ती न स्थानीय सरकार थिए, न त स्वायत्त नै । तर, अहिलेका ७ सय ५३ स्थानीय निकायले प्रदेशको भन्दा बढी अधिकार मात्र होइन, संवैधानिक हैसियत, अधिकार र

स्वायत्ततासमेत पाएका छन् । स्थानीय तह के हुन् भन्ने बुझ्न संविधानको अनुसूची ८ र ९ हेरे पुग्छ, जहाँ स्थानीय तहलाई सहकारी संस्था, नगर प्रहरी, एफएम रेडियो सञ्चालन, स्थानीय कर संकलन, विकासे आयोजना सञ्चालन, आधारभूत र माध्यमिक शिक्षाको सुनिश्चितता अनि आधारभूत स्वास्थ्यको प्रत्याभूति मात्र होइन, घर-जग्गाधनी पुर्जा वितरणजस्ता अधिकारसमेत दिइएको छ । यी अधिकार यसअघि जिल्ला र केन्द्रमा थिए ।

यथार्थमा संविधानका यिनै अधिकार नै नेपाली गणतन्त्रले जनतालाई दिएका सुनौला उपहार हुन् । तर, जनप्रतिनिधिको कार्यशैलीले ती उपहार उपहासमा बदलिने खतरा बढेको छ । किनभने, स्थानीय तहमा पैसा र अधिकार त गएको छ, त्यसको सदुपयोग हुन सकेको छैन । तत्कालीन जिल्ला विकास समिति महासंघका अध्यक्ष कृष्णप्रसाद सापकोटा भन्छन्, "स्थानीय तहले सन्तोषजनक सुरुआत गर्न नसक्नु दुर्भाग्य हो । पुरानो ढर्रा र केन्द्रीकृत मानसिकताले जनअपेक्षा सम्बोधन भएन ।"

२० प्रतिशत काम

हुन पनि देश आर्थिक वर्ष ०७३/७४ को करिब अन्त्यतिर छ । तर, स्थानीय सरकारहरूले चालू आर्थिक वर्षको विकास बजेटको ७० प्रतिशतभन्दा बढी हिस्सा खर्च नै गर्न सकेका छैनन् । पहिलो चरणमा निर्वाचित स्थानीय तहले समेत ०७४ चैत मसान्तसम्म विकास निर्माणको सम्झौता मात्र सकेका छन् । विकासको यो असाध्यै निराशाजनक चित्र हो । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको बजेट शाखाका उपसचिव वसन्त पौडेल भन्छन्, "फेरि पनि असारे विकास दोहोरिने खतरा छ । किनभने, चुनावबाट आएका स्थानीय तहले पनि विनियोजित बजेट खर्च गर्न नसक्ने स्थिति देखियो । आर्थिक वर्षको अन्त्यमा सम्झौता गर्ने, हतार-हतार डोजर चलाउने र रकम निकासा गराउने संकेत पाइएको छ । अहिलेसम्म २०/३० प्रतिशतभन्दा बढी विकास बजेट खर्च नै भएको छैन ।"

चुनावअघि स्थानीय तहमा जनप्रतिनिधि नहुँदा कर्मचारी र राजनीतिक दलहरूका सर्वदलीय संयन्त्रले विनियोजित बजेट खर्च गर्न आर्थिक वर्षको अन्त्यमा सम्झौता गर्ने र हतार-हतार निकासा गरेर 'असारे विकास' देखाउने गर्थे । तर, २० वर्षपछि देशले निर्वाचित स्थानीय तह त पायो । 'असारे विकास'को थोत्रो चक्करबाट मुक्ति भने पाएन ।

विगतमा गाविस/नपाले स्रोत-साधन र कर्मचारी अनि भौतिक पूर्वाधारको समेत अभाव झेल्नुपरेको थियो । नयाँ स्थानीय तह स्रोत-साधनको अभावमा छैनन् । त्यसैले एक वर्षको यो अवधिमा कतैबाट पनि 'हामीलाई बजेट अभाव भयो वा पैसा पुगेन' भन्ने आवाज सुनिएको छैन । बरू, सबैको साझा गुनासो कर्मचारीको अभाव भयो भन्ने छ । जिल्ला समन्वय समिति उदयपुरका संयोजक खड्गबहादुर परियार भन्छन्, "स्थानीय तहमा पैसा पुगेन होइन, पैसा खर्च नै भएन । अहिलेसम्म पुँजीगत खर्च हाम्रो जिल्लामा ३० प्रतिशत मात्र भएको छ । यसरी चल्ने हो भने स्थानीय तह असफल नै हुन्छन् ।"

नयाँ स्थानीय तह बजेट, काम र अधिकारका दृष्टिले ओभरलोडेड छन् । उम्मेदवारले गरेको चुनावी वाचा र राजनीतिक दलले जनतालाई देखाएका सपनाका कारण निर्वाचित जनप्रतिनिधिप्रति आमअपेक्षा बढी नै छ । तर, जनप्रतिनिधिचाहिँ तिनको सम्बोधनतिर होइन, अरू नै कुरामा अल्झेका छन् । केन्द्रीय समितिको बैठकपछि गाउँपालिका राष्ट्रिय महासंघले १२ वैशाख ०७५ मा जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'गाउँपालिका र वडा कार्यालय भवन नहुँदा सेवा प्रवाह, प्रशासकीय कार्य सम्पादन तथा कार्यालयको सम्पत्ति संरक्षण गर्न अति कठिनाइ भएको छ ।'

आफ्नो ठाउँ आफैँ बनाउने संवैधानिक दायित्व बोकेका स्थानीय तहले यस्ता तर्क गरेर आफ्नै महत्त्व र गरिमा गिराउनु शोभनीय होइन । किनभने, अहिलेका स्थानीय तहलाई बहानाबाजी गरेर असफल हुने सुविधा छैन । यदि असफल भए त्यसको दोष अरूलाई होइन, आफ्नै थाप्लामा हाल्नुपर्छ । संविधानले न्यायिक, विधायकी र कार्यकारी अधिकारसहित स्वायत्त बनाएको छ, स्थानीय तहलाई । तर, अधिकार र पैसा दुवै भएर पनि स्थानीय सरकारले अपेक्षित नतिजा दिन नसक्नु दुर्भाग्य हो । स्थानीय तह पुनःसंरचना आयोगका पूर्वअध्यक्ष बालानन्द पौडेल भन्छन्, "शून्यबाट सुरुआत भएकाले अपेक्षा अनुरूप नतिजा आउन सकेको छैन । संवैधानिक संक्रमण बाँकी रहेकाले एकात्मक राज्यको विरासतबाट धेरैलाई मुक्त हुन कठिन भएको छ । त्यसको असर स्थानीय तहमा परेको छ ।"

शून्य नतिजा

३१ वैशाख ०७५ मा स्थानीय तहले निर्वाचित जनप्रतिनिधि पाएको एक वर्ष पुग्दैछ । ३१ वैशाख, १४ असार र २ असोज ०७४ गरी तीन चरणमा स्थानीय तहको चुनाव भएको हो । पुराना स्थानीय निकायमा ०५४ मा चुनाव भएको थियो । त्यसयता मतदाताले आफ्ना स्थानीय प्रतिनिधि चुन्न पाएका थिएनन् । २० वर्षपछि स्थानीय चुनावमा ७४ प्रतिशतभन्दा बढी मतदान हुनु जनताको उत्साहकै नतिजा हो । तर, स्थानीय सरकारको एकवर्षे कार्यकाल नतिजाका दृष्टिले झुर र निराशाजनक अनि विकृतिका दृष्टिले चर्चित साबित भएको छ । विकासभन्दा विकृति मौलाएको जनप्रतिनिधि स्वयंले महसुस गरेका छन् । १० र ११ वैशाख ०७५ मा धुलिखेलमा आयोजित गाउँपालिका राष्ट्रिय महासंघको बैठकमा जनप्रतिनिधिहरू सदाचारी हुन नसकेकोप्रति गहिरो छलफल भयो । त्यसैले महासंघले १२ वैशाखमा निर्वाचित प्रतिनिधिहरूका लागि 'सदाचार नीति' नै जारी गरेको छ *(हेर्नूस्, बक्स)* । महासंघ अध्यक्ष हेमनारायण श्रेष्ठ भन्छन्, "विकृति रोक्नकै लागि

सदाचार नीति जारी गरिएको हो ।”

डोजरको विकास

संविधानले तोकेको मुख्य दायित्वमा भन्दा बढी जनप्रतिनिधिको ध्याउन्न मसिना कुरामा जाने गरेको छ । विधि र प्रक्रिया मिचेर अनि बहुमतका आधारमा जथाभावी निर्णय गर्ने गरेको समेत पाइएको छ। चुनाव जितेकाले आफूहरूले जे गरे पनि हुन्छ भन्ने मनोविज्ञान कतिपय जनप्रतिनिधिमा विकास भएको छ। दृष्टान्तका लागि दोलखाको वैत्यश्वर गाउँपालिका-६ का वडा अध्यक्ष शमशेर घिसिङले दुई साताअघि आफ्नो वडामा एउटा निजी स्कुल खोल्ने अनुमति दिए । जबकि, यो अधिकार उनीसँग छैन । शिक्षा ऐनको आठौं संशोधनले ०७२ मै सरकारले कम्पनी ऐन अन्तर्गत निजी स्कुल दर्ता गर्न रोक लगाएको छ। आफूसँग नभएको र कानुनले रोक लगाएको काम गर्न घिसिङ अग्रसर भए ।

त्यसो त घिसिङ आफैं निर्माण व्यवसायी भएकाले उनको निजी डोजर पनि छ, जुन वडाको विकास निर्माणमा प्रयोग हुने गरेको छ। आफ्नो वडाको बाटोघाटो र विकास निर्माणमा उनी आफ्नै डोजर प्रयोग गर्छन् । त्यसैले उनको कार्यशैलीको स्थानीय स्तरमा आलोचना हुने गरेको छ।

सोही गाउँपालिका अध्यक्ष छवि लामाको पनि डोजर छ। उनको डोजर पनि गाउँपालिकाको काममै प्रयोग हुन्छ । वडा-१ का अध्यक्ष बिर्खबहादुर तामाङ, वडा-३ का अध्यक्ष कृष्णबहादुर दाहाल, वडा-४ का अध्यक्ष कुमार चौलागाईंका डोजर पनि स्थानीय तहको बजेट खर्च गर्न प्रयोग हुने गरेका छन् । जथाभावी बाटो बनाउन पैसा खन्याउने अनि हतारमा काम सम्पन्न-प्रतिवेदन तयार गरेर रकम निकासा गराउने प्रवृत्ति बढेको छ। त्यसैले जनप्रतिनिधि र कर्मचारीबीच धेरै पटक विवाद भइसकेको छ। भने अनुसारको नगरे सरुवा भएर जानुपर्ने दबाब जनप्रतिनिधिले दिने गरेको एक कर्मचारीको गुनासो छ। कतिसम्म भने चालू आर्थिक वर्षमा सडक निर्माणमा मात्र गाउँपालिकाको आठ करोड रुपियाँ बजेट छुट्याइएको छ भने तीन करोड त भुक्तानी नै भइसकेको छ।

अनावश्यक र खल्तीका योजनामा बजेट हाल्ने, डोजर चलाएजस्तो गर्ने र काम सकिएको फर्जी प्रतिवेदन तयार गरेर रकम निकासा गरिएकाले कतिपय योजना कागजी योजनामा मात्र सीमित भएका छन् । गएको असारमा वैत्यश्वर गाउँपालिका-५, ६, ७ र ८

मा बनाइएको सडक भदौमा अनुगमन गर्दा फेला नपरेको गाउँपालिकाका कर्मचारी बताउँछन् । तैपनि, काम नभएको सडक योजनामा १३ लाख भुक्तानी भइसकेको छ ।

जनप्रतिनिधिले आफ्ना र आफन्तका डोजर, टिपर, ट्याक्टर, स्काभेटरलगायतका उपकरण आफ्नै वडामा प्रयोग गरेर आर्थिक लाभ हासिल गर्नु देशभरिकै साझा रोग बनेको छ। र, त्यो रोग हिमालदेखि तराईसम्मै फैलिएको छ । जस्तो : मोरङको जदहा गाउँपालिका-३ का वडा अध्यक्ष अनिलकुमार साहले पनि आफ्नो वडाको सडक तथा भौतिक निर्माणमा आफ्नै डोजर प्रयोग गर्ने गरेका छन्। आफ्ना र आफन्तका डोजर, आफ्नै गैरसरकारी संस्था अनि कार्यकर्ता र आफन्तले भरिएका उपभोक्ता समितिमार्फत विकास देखाउने होडकै कारण गाउँपालिका महासंघ जनप्रतिनिधिका लागि सदाचार नीति जारी गर्न बाध्य भएको हो । नत्र भने जनप्रतिनिधिले के गर्न हुने र नहुने भन्नेबारे कानुनी व्यवस्था त छँदैछ, यसअघि महासंघ स्वयंले जारी गरेको आचारसंहिता पनि छँदै थियो ।

विकृति बढ्दै

डोजर चलाएर विकास बजेट आफ्नो खल्तीमा हाल्नु त सामान्य नै भयो, कतिपय स्थानीय तहले त विकास बजेट घुम्न र मोजमस्ती गर्नसमेत खर्चिएका छन् । जुम्लाको गुठीचौर गाउँपालिकाका जनप्रतिनिधिको एउटा टोली गएको असोजमा समानीकरण (विकास) अनुदानको ११ लाख रुपियाँ खर्चेर दार्जीलिङ भ्रमणमा गयो। कर्मचारीलाई दबाब दिएर उक्त रकम निकासा गरिएको थियो ।

यता, जाजरकोटको कुशे गाउँपालिकाकी उपाध्यक्ष रामछायाकुमारी शाहीले न्यायिक समितिको कार्यसम्पादनका लागि भन्दै ६ महिनाअघि तत्कालीन प्रमुख प्रशासकीय अधिकृत थानेश्वर भण्डारीसँग १५ लाख पेस्की मागिन्। भण्डारीले न्यायिक समिति सञ्चालन गर्न त्यत्रो बजेट आवश्यक नपर्ने अनि एकैपटक १५ लाख पेस्की दिन नमिल्ने भनेपछि शाहीको माग पूरा भएन। त्यसपछि उनले फेरि न्यायिक समितिको कार्यकक्षका लागि आवश्यक सामान खरिद गर्न आठ लाख पेस्की मागिन् । भण्डारीले त्यो पनि टारे। तर, उनले समितिका लागि करिब दुई लाख रुपियाँको सामान खरिद गरेर भुक्तानी लिइन्।

जनप्रतिनिधिले कुनै न कुनै तरिकाले आर्थिक लाभ लिने उपाय खोज्ने गरेका छन् । त्यसमध्ये आफ्नै डोजर चलाउने, आफ्ना मान्छे उपभोक्ता समितिमा राखेर त्यसबाट अनुचित लाभ लिने, ठेकेदारबाट कमिसन लिने र राम्रोसँग काम नभएको ठाउँमा काम भयो भनेर सही गर्ने अभ्यासचाहिँ सर्वत्र छ । गाउँपालिका महासंघ अध्यक्ष श्रेष्ठ भन्छन्, “नीतिगत रूपमा जनप्रतिनिधिले आफू र आफ्नो व्यवसायलाई लाभ पुग्ने गरी काम गर्नु हुँदैन । तर, कतिपय ठेकेदारहरू नै जनप्रतिनिधि भएकाले विकृति पनि मौलाएको छ।”

मोरङको जहदा गाउँपालिकामा चाडपर्वपिच्छे जनप्रतिनिधिले खर्च निकासाका लागि प्रमुख प्रशासकीय अधिकृत विनोद पोखरेललाई दबाब दिन्छन् । यसपालिको होली र नयाँ वर्षमा पोखरेलसँग अधिकांशले खर्च मागेका थिए। तर, तिनको माग पूरा भएन। पोखरेल भन्छन्, “माग पूरा गरे कानुनले मेरै माग पूरा गरिदिन्छ। त्यसैले अनेक जुक्ति निकालेर पन्छाउँदै आएको छु।”

मधेसको बेग्लै व्यथा

सरकारले चुनावअघि नै स्थानीय तहको अस्थायी केन्द्र तोकेको हो । अस्थायी केन्द्रलाई स्थायी बनाउन वा सार्न स्थानीय तह गठन

भएको ६ महिना गाउँ वा नगरसभाको सामान्य बहुमतबाट अनि ६ महिना नाघेमा दुई तिहाइ बहुमतबाट निर्णय गर्नुपर्छ । धेरैले अस्थायी केन्द्रलाई नै स्थायी कायम राखेका छन् भने केहीले केन्द्रलाई विवादको जीवनमरणकै विषय बनाएका छन् । त्यसैले कतिपय स्थानीय निकायमा केन्द्र विवादले असामान्य रूप लिएको छ ।

धनुषाको हंशपुर नगरपालिकाले केन्द्र विवादकै कारण तालाबन्दीसमेत झेल्नुपरेको छ । नगरका २४ जनप्रतिनिधिले लिखित रूपमा केन्द्र सार्न निवेदन दिएपछि मेयर रामज्ञान मण्डलले नगरसभामा केन्द्र सार्ने/नसार्ने प्रस्तावमा छलफल गर्ने निर्णय गरे । तर, उपमेयर रेणु झा नगरको केन्द्र हंशपुरमै रहनुपर्ने भन्दै २९ फागुन ०७४ मा नगरपालिकामा तालाबन्दी गरेर अनशन बसिन् । अनशन बसेको दुई दिनमै बिरामी भएपछि झालाई जनकपुर अञ्चल अस्पताल लगियो भने मेयरको प्रस्ताव स्थगित गरियो । मेयर मण्डल भन्छन्, "छलफल नै गर्न दिइएन, तालाबन्दी गरेर दैनिक काम नै प्रभावित भएपछि प्रस्ताव नै रोकेको छु ।"

मेयर-उपमेयर विवाद अनि प्रमुख प्रशासकीय अधिकृत नभएकाले हंशपुर नगरपालिकाको आर्थिक कारोबार ८ चैतदेखि ठप्प छ भने विकासका कामै भएका छैनन् । विकास निर्माण अघि बढाउन टेन्डर खोल्नसमेत नसकिएको मण्डल बताउँछन् । त्यसैले हंशपुरमा विकास बजेट त्यत्तिकै फ्रिज हुने खतरा बढेको छ ।

उता मोरङको जहदा गाउँपालिकामा पनि चैत मसान्तसम्म विकास निर्माणसम्बन्धी एउटा पनि सम्झौता हुन सकेको छैन । त्यहाँचाहिँ कर्मचारीले नीति तथा कार्यक्रम बनाउने अनि जनप्रतिनिधिले कार्यान्वयनका लागि दबाब दिने उल्टो स्थिति देखापरेको छ । प्रमुख प्रशासकीय अधिकृत पोखरेल भन्छन्, "जनप्रतिनिधिचाहिँ कर्मचारीजस्ता अनि कर्मचारीचाहिँ लिडरजस्ता भइयो । कानुन, योजना र नीति कर्मचारीले बनाउने, जनप्रतिनिधिले लागू गर्ने अवस्था छ । यस्तो स्थिति देशभरिकै होला ।"

सुविधाको अल्झन

प्रदेश र संघका जनप्रतिनिधिले कानुन नै बनाएर तलब सुविधा तोक्ने र कतिपयले उपभोगसमेत गरिसकेका छन् । तर, संविधानले स्थानीय तहका जनप्रतिनिधिको तलब सुविधा तोक्ने अधिकार प्रदेशलाई दिएको र अर्थ मन्त्रालयले स्थानीय तहलाई आफ्नो तलब सुविधा आफैँ तोक्न वर्जित गरेकाले चुनाव भएको एक वर्ष पुगिसक्दा पनि जनप्रतिनिधिले तलब सुविधा पाएका छैनन् । केहीले आन्तरिक स्रोतबाट तलब सुविधा लिए पनि धेरैचाहिँ प्रदेश सरकारको निर्णयको प्रतीक्षामा छन् ।

प्रदेश र संघ पदाधिकारी तथा सदस्यको तलब सुविधा सुनिश्चित हुने स्थानीय तहको तलब सुविधा अनिर्णीत हुनु आफैँमा गम्भीर त्रुटि हो । भुइँ तहका प्रतिनिधिलाई तलब सुविधा आदिबाट वञ्चित गर्ने अनि माथिकाले टन्नै खाने देशको पुरानै रोग हो । यो रोगबाट चुनाव भएको एक वर्षसम्म पनि स्थानीय तहका प्रतिनिधि पीडित नै छन् । त्यसैको परिणाम हो, जनप्रतिनिधिले तलब सुविधा आदिमा किचलो गरेका घटना । प्रदेशले स्थानीय तहका जनप्रतिनिधिको सेवा सुविधा तोकेपछि यो समस्या स्वत: समाधान हुने अपेक्षा गर्न सकिन्छ ।

केही जनप्रतिनिधिले भने सेवा सुविधालाई जीवनमरणकै विषय बनाएर रडाको मच्याउने गरेका छन् । त्यसले तिनको मर्यादा बढाएको छैन । धनुषाको गणेशमान चारनाथ नगरपालिकाकी उपमेयर मीना यादवले सेवा सुविधाको माग गर्दै नगरसभाको बैठकमै माइन्युट च्यातिन् । गएको पुसमा भएको नगरसभामा उनले आफूलाई गाडी, एट्याच बाथरुमसहितको कार्यालय व्यवस्था गर्न माग गरिन् । तर, नगरसभाले 'स्रोत नभएकाले बिस्तारै व्यवस्था गर्ने' भन्ने जवाफ दिएपछि उनी आक्रोशित भएकी हुन् ।

त्यसअघि नगरपालिकाले मीनालाई स्कुटर दिएको थियो । केही समय स्कुटर चढेपछि उनले गाडी माग गरेकी थिइन् । पति विदेशमा भएका कारण मीनालाई नगरपालिकाको बैठकमा ल्याउने-लैजाने काम ससुरा किशुनदेव यादवले गर्छन् । मधेसमा एक्लै बैठकमा आउने महिला जनप्रतिनिधि बिरलै छन् । धेरैजसो पति, ससुरा र अरू पारिवारिक सदस्यको सहयोगमा बैठकमा आउजाउ गर्छन् ।

मधेसमा कतिपयले स्थानीय तहको बैठकमा पतिलाई समेत सहभागी गराउने गरेका छन् । जस्तो : महोत्तरीको मटिहानी नगरपालिकाकी उपमेयर शिवदेवी साह नगरपालिकाका हरेक बैठकमा पति कुशेश्वर साहलाई लिएर आउँछिन् । उपमेयरका पति बैठकमै बस्छन् र पत्नीका तर्फबाट बैठकमा बोल्छन् । उपमेयर शिवदेवीचाहिँ बैठकमा खासै बोल्दिनन् ।

केही समयअघिको नगरपालिका बैठकमा कुशेश्वरले उपमेयरलाई गाडी तथा इन्धनको व्यवस्था गरिनुपर्ने माग मात्र गरेनन्, विकास योजना तथा बजेट विनियोजनका बारेमा पनि धारणा राखे । मेयर हरि मण्डल भन्छन्, "यो मधेसकै रोग हो । महिला जनप्रतिनिधि एक्लै बैठकमा आउन तयार छैनन् । श्रीमान्लाई बैठकमा ल्याउँछन् । हामीले रोक्न सकेका छैनौँ, रोके झगडा हुन्छ ।"

गाडीका लागि उपमेयर-पतिले बैठकमै कचकच गरेपछि नगरपालिकाले महिनाको १५ दिनका लागि गाडी भाडामा लिएर उपमेयर चढ्ने व्यवस्था गरेको छ । उपमेयरको भूमिका खासै नभए पनि न्यायिक समितिको संयोजक उनैलाई बनाएको छ । तर, त्यहाँ न्यायका लागि उजुरी नै आएका छैनन् । सबै प्रहरीकहाँ नै जाने गरेका छन् । मधेसमा मात्र होइन, विषय ज्ञान र दक्षता अभावका कारण पहाड र हिमाली भेगका स्थानीय तहमा पनि न्यायिक समिति खासै सक्रिय हुन सकेका छैनन् । त्यसैले स्थानीय तहका न्यायिक मामिला प्रहरी र अदालत नै जाने गरेका छन् । ◆

K33 Hairhotel
कोटेश्वर : प्रभु बैंकको माथिल्लो तल्ला, फोन : ५१००२०७, ५१००२०८, ५१००४१९, मो: ९८५१०११३१५, इमेल : info@k33nepal.com
त्रिपुरेश्वर : युनाईटेड वर्ल्ड ट्रेड सेन्टर, पहिलो तल्ला, B78~81, फोन : ४११७२३३, ४११७२४४, इमेल : kathmandu@k33nepal.com, **चावहिल :** एसि कम्प्लेक्स पाँचौं तल्ला, फोन : ४४९९६९६, ४४६१८३७

संघीयता

छैनन् ११० कानुन

केन्द्र, प्रदेश र स्थानीय तहले सबै कानुन बनाएपछि मात्र संघीयताको वास्तविक कार्यान्वयन हुने

जनक नेपाल

अर्थमन्त्री युवराज खतिवडाले २४ वैशाखमा प्रदेश सरकारका आर्थिक मामिला मन्त्रीहरूको बैठक बोलाएर आगामी बजेटबारे परामर्श गरे । अधिकांश मन्त्रीहरूको एकैखाले गुनासो थियो, प्रदेश सरकारलाई निरीह बनाइयो ।

प्रदेश सरकारले कानुनविहीनताका कारण कर्मचारीतन्त्र र प्रहरी परिचालन गर्न पाएको छैन । अधिकार क्षेत्र र राजस्व संकलनमा समेत प्रस्टता छैन । आर्थिक वर्ष ०७५/०७६ को वार्षिक बजेटको सँघारमा आइपुग्दासम्म राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग गठन भएको छैन । कर्णालीका आर्थिक मामिला मन्त्री प्रकाश ज्वाला आयोग नबन्दा बजेट बाँडफाँटमै समस्या देखिएको बताउँछन् । भन्छन्, "केन्द्र सरकारले प्रदेशलाई दिने अनुदानमै अन्योल छ । त्यसैले गाडा अगाडि, घोडा पछाडि भनेझैँ भएको छ ।"

संविधानको धारा ६० उपधारा (३) मा प्रदेश र स्थानीय तहले प्राप्त गर्ने वित्तीय हस्तान्तरणको परिमाण राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिस बमोजिम हुने व्यवस्था छ । संविधान र कानुन बमोजिम संघीय सञ्चित कोषबाट संघ, प्रदेश र स्थानीय सरकारबीच राजस्वको बाँडफाँट गर्ने विस्तृत आधार र ढाँचा निर्धारण गर्ने जिम्मेवारी पनि आयोगलाई दिइएको छ । आयोग नहुँदा चालू आर्थिक वर्षमा स्थानीय तहलाई राष्ट्रिय योजना आयोगको सिफारिसमा बजेट प्रदान गरियो । त्यस्तै, प्रदेशलाई एकमुष्ट ७ अर्ब १४ करोड रुपियाँ अनुदान स्वरूप बाँडियो । यो वर्ष कसरी अनुदान बाँडफाँट गर्ने भन्नेमा स्वयं अर्थ मन्त्रालय अन्योलमा छ ।

प्रदेशको अधिकार क्षेत्रमा अझै पनि पुरानै क्षेत्रीय निकायहरू सक्रिय छन् । २८ चैतसम्ममा खारेज भई प्रदेश सरकारलाई हस्तान्तरण गरिसक्नुपर्ने क्षेत्रीय कार्यालय र तिनका अधिकार क्षेत्र अहिलेसम्म पुरानै ढंगले चलिरहेका छन् । सबैजसो निकाय केन्द्रीय सरकारको मातहतमा हुँदा प्रदेश सरकार निरीहजस्तै बनेका छन् ।

पहिलो संविधानसभाको असफलतापछि निर्वाचित सभाले विसं ०७१ र ०७२ लाई संविधान निर्माण वर्ष भनेको थियो । तर, कस्तो संविधान बनाउने भन्नेमै मुख्य दलहरू विभाजित थिए । १२ वैशाख ०७२ को विनाशकारी भूकम्पले उनीहरूलाई एक ठाउँ ल्याइदियो । तराई-मधेसकेन्द्रित दलहरूको असहमतिबीच ३ असोजमा नयाँ संविधान घोषणा गरियो । स्थानीय, प्रदेश र संघीय संसद्को चुनावमार्फत ०७४ संविधान कार्यान्वयनको वर्ष बन्यो । अहिले तीनै तहका सरकार बनिसकेका छन् । तर, ती सरकार चलाउन आवश्यक १ सय १० कानुन नबन्दा चौतर्फी अन्योल छ । कानुन, न्याय तथा संसदीय मामिला मन्त्री शेरबहादुर तामाङ भन्छन्, "संविधान कार्यान्वयनका लागि नयाँ कानुन निर्माण र पुराना कानुन संशोधन गर्नु आवश्यक छ । त्यसैले ०७५ कानुन निर्माणको वर्ष हुनेछ ।"

संविधान कार्यान्वयनका लागि सरकार ४१ किसिमका १ सय १० नयाँ कानुन निर्माणमा जुटेको छ । त्यस्तै, तीन सयभन्दा धेरै पुराना कानुन पुनरावलोकन गरिँदैछ । प्रदेश संसद्ले बनाउने २२ र स्थानीय सरकारले बनाउने ६ कानुनमा एकरूपताका लागि नमुना कानुन पठाइएको छ । २ असोजभित्र मौलिक हकबारेका सबै कानुन बनाइसक्ने गरी तयारी गरिरहेको

तस्बिर : इलिट जोशी

संघीय संसद् बैठक

कानुन मन्त्री तामाङ बताउँछन् । "कानुन मन्त्रालय मस्यौदा कानुन बनाउन सहजीकरण गरिरहेको छ," उनी भन्छन्, "प्रदेश र स्थानीय तहलाई पठाइएका नमुना कानुन ठ्याक्कै नमिल्न पनि सक्छन् । केन्द्रले लाद्न खोज्यो भनेर दोष दिने होइन, समयक्रममा सच्याउँदै जाने हो । सिक्दै र त्रुटि भए सच्याउँदै जाने हो ।"

संघीय शासन व्यवस्था लागू गर्ने नेपाल विश्वको २७औं मुलुक हो । तर, कानुन बनाउने नाममा केन्द्रले पठाएका नमुना कानुनलाई हतार-हतार 'लाहाछाप' लगाउने स्थिति देखिँदैछ । संवैधानिक कानुनविद् चन्द्रकान्त ज्ञवाली संविधानले जनतामा निहित सार्वभौमसत्ता र अधिकार तीन तहका सरकारमा बाँडफाँट गरेको बताउँछन् । केन्द्र सरकारले ३५, प्रदेशले २२ र स्थानीय तहले २१ वटा त्यस्ता अधिकार प्रयोग गर्न स्वतन्त्र रहेको उल्लेख गर्दै उनी भन्छन्, "एउटाको अधिकारमा अर्कोले हस्तक्षेप गर्न पाउँदैन । संविधानसँग नबाझिने गरी आफ्नो कानुन आफैं बनाउने पूर्ण अधिकार छ ।"

साझा अधिकारबारे पनि न प्रस्ट नीति र मापदण्ड बनेको छ, न त कुनै छलफल भएका छन् । त्यसले गर्दा विवाद र द्वन्द्वको जोखिम उत्तिकै छ । बेलैमा ध्यान नदिए अन्तर-प्रादेशिक एवं तहका तानातानले तनावको स्थिति आउन सक्छ । अमेरिका र युरोपमा साझा अधिकारको अस्पष्टताले निम्त्याएका द्वन्द्वको पुनरावृत्ति नेपालमा पनि हुन सक्नेमा ध्यान दिन विज्ञहरूले सचेत गराएका छन् । संविधानले स्थानीय, प्रदेश र संघीय सरकारका आ-आफ्ना क्षेत्राधिकार तोकेकाले त्यो सीमाभित्र बसेर कानुन बनाउन सकिने उल्लेख गर्दै ज्ञवाली थप्छन्, "अझै पनि केन्द्रमा निर्भरता देखाए स्थानीय तह वा प्रदेश सरकार होइन, निकाय हुने खतरा छ ।"

प्रदेशसभाले बनाउनुपर्ने १२ कानुनका नमुना मस्यौदाहरू प्रदेशमा पठाइएको छ । प्रदेश सरकारको कार्यविभाजन र कार्यसम्पादन नियमावलीबाहेक अधिकांश प्रदेश संसद्ले अरू कानुन पारित गरिसकेका छैनन् । संघीय संसद्ले बनाउने कानुनका मस्यौदा केही मन्त्रालय त केही समितिमा छन् । प्रहरी र लोकसेवा आयोग ऐनमा प्रदेशहरू अन्योलमा छन् । कर्मचारी समायोजन ऐन नबन्दाको सबैभन्दा ठूलो मार प्रदेश सरकारहरूले खेपिरहेका छन् ।

प्रदेशसभाले बनाउने कानुन

- प्रदेश सरकार र प्रमुखका नाममा हुने निर्णय वा आदेश र तत्सम्बन्धी अधिकारपत्रको प्रमाणीकरणसम्बन्धी प्रदेश कानुन-धारा १६२ (५), धारा १६६ (३) (प्रारम्भिक मस्यौदा तयार)
- प्रदेश आर्थिक कार्यविधि ऐन- धारा २१३ (प्रारम्भिक मस्यौदा तयार)
- प्रदेशले नेपाल सरकारबाट प्राप्त अनुदान र आफ्नो स्रोतबाट उठ्ने राजस्वलाई मातहतको स्थानीय तहको खर्च आवश्यकता र राजस्व क्षमताका आधारमा वित्तीय समानीकरण अनुदान वितरण गर्ने प्रदेश कानुन- धारा ६०(५)
- प्रदेश आकस्मिक कोष ऐन- धारा २१२ (१) र (३) (प्रारम्भिक मस्यौदा तयार)
- प्रदेशसभाको विशेषाधिकारसम्बन्धी प्रदेश कानुन-धारा १८७ (९) (मस्यौदा तयार)
- गाउँसभा तथा नगरसभाले कानुन बनाउने प्रक्रियासम्बन्धी कानुन- धारा २२६ (२) (प्रारम्भिक मस्यौदा तयार)
- प्रदेश, गाउँ वा नगरपालिकाबीचको विवाद समाधान गर्ने प्रक्रिया र कार्यविधिसम्बन्धी प्रदेश कानुन- धारा २३५ (२) र (३)
- एक प्रदेशले अर्को प्रदेशका बासिन्दालाई आफ्नो प्रदेशको कानुन बमोजिम समान सुरक्षा, व्यवहार र सुविधा उपलब्ध गराउने- धारा २३३ (३)
- प्रदेश लोकसेवा आयोगको गठन, काम, कर्तव्य, अधिकारसम्बन्धी कानुन- धारा २४४(२)
- प्रदेश प्रहरी संगठनसम्बन्धी प्रदेश कानुन- धारा २६८(२)
- प्रदेश सरकारी सेवाको गठन र सञ्चालनसम्बन्धी कानुन-धारा २८५ (३)
- प्रदेशको सरकारी कामकाजको थप भाषा निर्धारण गर्ने कानुन- धारा ७ उपधारा २
- स्थानीय स्तरका न्यायिक निकायसम्बन्धी प्रदेश कानुन- धारा १४८ (२)
- प्रदेश सहकारी ऐन (प्रारम्भिक मस्यौदा तयार) ।

जहाँतहीं अन्योल

कर्णाली प्रदेशले १ वैशाखमा थालेको 'रारा भ्रमण वर्ष ०७५' को मुख्य अतिथि थिए, प्रधानमन्त्री केपी शर्मा ओली । प्रधानमन्त्रीको

संघीय संसद्का कार्यभार

- मौलिक हक कार्यान्वयनसम्बन्धी अन्य कानुन संविधान अनुकूल नभएका कानुनको पुनरावलोकन- धारा ३०४
- सामाजिक, सांस्कृतिक रूपले पिछडिएका वर्ग समुदाय र आर्थिक विपन्न नागरिकलाई विशेष संरक्षण तथा सामाजिक सुरक्षासम्बन्धी कानुन- धारा ४२ र ४३
- राष्ट्रिय मानव अधिकार आयोगको गठनसम्बन्धी कानुन- धारा २४९(५)
- लोकसेवा आयोग र कार्यविधि-२४३(९)
- महाअभियोगबाट पदमुक्त हुने व्यक्तिलाई पदमा रहँदाको अवस्थामा कसुर गरेको भएमा कसुरमा कारबाही गर्नेसम्बन्धी विषय-धारा १०१ (८)
- अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन (भ्रष्टाचार नियन्त्रणसमेत)- धारा २३९(६)
- संघीय आर्थिक कार्यविधिसम्बन्धी ऐन- धारा १२५
- संघीय लेखा परीक्षण ऐन-धारा २४१ (४) र (५)
- नागरिकतासम्बन्धी कानुन : नागरिकता प्राप्ति, पुनःप्राप्ति, समाप्ति धारा १३, गैरआवासीय नेपाली नागरिकता धारा १४, नेपाली नागरिकको परिचय खुल्ने अभिलेख धारा १५
- यातनालाई दण्डनीय बनाई पीडितलाई क्षतिपूर्तिसम्बन्धी कानुन-धारा २२
- निवारक नजरबन्दलाई दण्डनीय बनाई पीडितलाई क्षतिपूर्तिसम्बन्धी कानुन- धारा २३ को उपधारा १ र ३
- शोषणविरूद्धको हकसम्बन्धी : विभिन्न स्वरूपका शोषणलाई दण्डनीय बनाई पीडितलाई क्षतिपूर्तिसम्बन्धी कानुन-धारा २९
- राष्ट्रिय सभाको निर्वाचनसम्बन्धी कानुन-धारा ८६(६)
- वातावरणसम्बन्धी कानुन : धारा ३०
  क) स्वच्छ वातावरणसम्बन्धी कानुन
  ख) वातावरण प्रदूषण गर्ने कार्यलाई दण्डनीय बनाई पीडितलाई क्षतिपूर्तिसम्बन्धी कानुन
- बालबालिकासम्बन्धी कानुन, पीडित बालबालिकाको क्षतिपूर्ति पाउने हकसम्बन्धी कानुन
- महिलाको विशेष अवसरसम्बन्धी कानुन- धारा ३८(५)
- ज्येष्ठ नागरिकको संरक्षण र सामाजिक सुरक्षासम्बन्धी कानुन- धारा ४१
- दलितको हकसम्बन्धी कानुन- धारा ४०
  दलितलाई छात्रवृत्तिसहित निःशुल्क शिक्षासम्बन्धी कानुन
  प्राविधिक र व्यावसायिक उच्चशिक्षामा विशेष व्यवस्था गर्ने कानुन
  दलितको प्रतिनिधित्वसम्बन्धी कानुन
  सबै प्रकारका छुवाछूत तथा भेदभावलाई दण्डनीय बनाउने र क्षतिपूर्तिसम्बन्धी कानुन- धारा २४
- राष्ट्रिय सुरक्षा परिषद्सम्बन्धी अन्य व्यवस्था- धारा २६६ (४)
- कृषकको अधिकारसम्बन्धी कानुन- धारा ४२ (४)
- खाद्य अधिकारसम्बन्धी कानुन- धारा ३६
- गोपनीयतासम्बन्धी कानुन- धारा २८
- दलितको हकसम्बन्धी कानुन :
  - दलितलाई जमिन उपलब्ध गराउनेसम्बन्धी कानुन- धारा ४०
  - बसोवाससम्बन्धी कानुन
  - दलितको स्वास्थ्य र सामाजिक सुरक्षासम्बन्धी कानुन
- स्वास्थ्य सेवा, उपचार र पहुँचसम्बन्धी कानुन- धारा ३५
- रोजगारी र बेरोजगार सहायतासम्बन्धी कानुन- धारा ३३
- प्रदेश लोकसेवा आयोगको काम, कर्तव्यसम्बन्धी आधार र मापदण्डसम्बन्धी कानुन- धारा २४४(२) र २४४(३)
- सम्पत्तिको उपयोगसम्बन्धी कानुन- धारा २५ : बौद्धिक सम्पत्तिसम्बन्धी कानुन, प्रतिलिपि अधिकारसम्बन्धी कानुन, अचल सम्पत्तिसम्बन्धी कानुन
- प्रदेश न्याय सेवा आयोगको गठन र नियुक्ति, प्रदेश न्याय सेवाका कर्मचारीको पारिश्रमिक, सुविधा र सेवाका सर्तसम्बन्धी कानुन-धारा १५६
- जनमत संग्रह- धारा २७५, २४३
- संघ, प्रदेश र स्थानीय तहबीचको समन्वय, गाउँ कार्यपालिका वा नगर कार्यपालिकालाई गर्ने सहयोग र निर्देशनसम्बन्धी कानुन- धारा २३२ (२), धारा २३५(१)
- आवासको हकसम्बन्धी कानुन-धारा ३७ ।

सचिवालयले भ्रमणको समन्वय भने प्रशासन, प्रहरी र सेनासँग गऱ्यो। आयोजक प्रदेश सरकार प्रभावहीन देखियो।

कर्णाली प्रदेश सभामुख राजबहादुर शाही काठमाडौं आउँदै थिए। २४ वैशाखमा बाँकेको अघैयामा उनको गाडीमा एक्कासि आगो लाग्यो। प्रदेश ५ का आन्तरिक मामिला मन्त्री कुलप्रसाद केसीले उद्धार गरी गन्तव्यतर्फ पठाउन प्रहरी र प्रशासनका अधिकारीलाई निर्देशन दिए। तर, ती अधिकारीहरूले प्रदेश सभामुखका रूपमा उनलाई कहीं-कतै व्यवहार गरेनन्।

बोक्सीको आरोपमा कैलालीको घोडाघोडी नगरपालिका-५ देउकलीकी राधा चौधरी २५ फागुन ०७४ मा निर्घात कुटिइन्। प्रदेश ७ का मुख्यमन्त्री त्रिलोचन भट्टले अस्पताल पुगेरै उनीप्रति सहानुभूति दर्शाए। तर, राधाको निःशुल्क उपचार, प्रहरी अनुसन्धान र दोषीलाई तत्काल कारबाही अघि बढाउन निर्देशन दिने निकाय भेटाउन मुस्किल पऱ्यो।

यी घटनाबाट कानुनविहीनताले केन्द्र र प्रदेश सरकारबीच समन्वयमा समेत कठिनाइ भइरहेको प्रस्ट हुन्छ। प्रमुख जिल्ला अधिकारीले प्रदेशको आन्तरिक मामिला तथा कानुन मन्त्रालयसित कसरी समन्वय गर्ने भन्नेमा पनि अन्योल छ। प्रदेश मन्त्रालयमा सहसचिव तहका कर्मचारीले अहिले सचिवको भूमिका निर्वाह गरिरहेका छन्। आफूसरह वा जुनियरलाई 'ब्रिफिङ' गर्न नमिल्ने भन्दै अधिकांश प्रजिअले प्रशासनलाई मातहत राख्न र केन्द्रप्रति नै जवाफदेही हुने प्रणालीका लागि लबिङ गरिरहेका छन्। प्रदेश प्रहरी ऐन बनिनसकेकाले प्रदेशलाई ब्रिफिङ गर्ने वा नगर्नेमा प्रहरीमा पनि उस्तै अन्योल छ। गृह मन्त्रालयले ऐन-कानुन बन्ने क्रममै रहेकाले 'संक्रमणकालीन अवस्था'का लागि भन्दै केन्द्र र प्रदेशमा आन्तरिक मामिला तथा कानुन मन्त्रीलाई 'ब्रिफिङ' गर्न आन्तरिक परिपत्र गरिसकेको छ। परिपत्रमा प्रदेश सचिवलाई नभई मन्त्रीलाई 'ब्रिफिङ' गर्नुपर्ने उल्लेख छ।

केन्द्रले प्रदेश सरकारलाई सहज वातावरण नबनाइदिएको गुनासो गर्छन्, प्रदेश २ का मुख्यमन्त्री लालबाबु राउत। प्रदेशलाई दिइने भनिएको अन्तरिम बजेटसमेत नआइसकेको उल्लेख गर्दै उनी भन्छन्, "केन्द्रीकृत मानसिकताले संघीयता कार्यान्वयनमा कठिनाइ भइरहेको छ। तैपनि, कानुन बनेर प्रदेश सरकार कार्यान्वयनमा आउनेमा उनी आशावादी छन्।" प्रदेश २ को संसद्मा अहिले ११ वटा कानुन पेस भएका छन्।

प्रदेश ७ का मुख्यमन्त्री त्रिलोचन भट्ट

संविधान कार्यान्वयनका लागि नयाँ कानुन निर्माण र पुराना कानुन संशोधन आवश्यक छ। ०७५ कानुन निर्माणको वर्ष हुनेछ।

– शेरबहादुर तामाङ
कानुन मन्त्री

कर्मचारीतन्त्र र प्रहरीलगायत राज्यका निकायहरू प्रदेश सरकारको मातहतमा नआउँदासम्म संघीयता कार्यान्वयनको अनुभूति नहुने बताउँछन्। "जनताको अपेक्षा असाध्यै धेरै छन्। कानुन नबनेकाले प्रदेशले कर्मचारी र प्रहरी परिचालन गर्न पाएको छैन," उनी भन्छन्, "यस्तो अवस्था लामो समयसम्म रहिरहे जनतामा प्रणालीप्रति निराशा छाउनेछ।"

प्रहरी र कर्मचारी परिचालनका लागि साझा अधिकारका कानुन छिटो बन्नुपर्ने उनी बताउँछन्। लामो अस्थिरता र संक्रमणकालपछि मुलुकले संघीय लोकतान्त्रिक गणतन्त्र संस्थागत गरेको हो। त्यसैले नयाँ व्यवस्था अनुरूप स्थिर शासन र प्रशासनका लागि पनि संघीय, प्रादेशिक र स्थानीय कानुन जतिसक्दो चाँडो बनाउनुपर्ने बाध्यता छ।

उहिल्यै मस्यौदा हुनुपर्ने कानुन बनाउन ढिलाइ गरिँदा कानुनी अड्चन आएको संविधानसभाका पूर्वअध्यक्ष सुवासचन्द्र नेम्वाङको धारणा छ। "जति छिटो कानुन बन्छन्, त्यति छिटो संविधान कार्यान्वयनमा आउने हो। तर, बनिसक्नुपर्ने मौलिक हकसम्बन्धी कानुनका मस्यौदासमेत अझै संसद्मा आइपुगेका छैनन्," उनी भन्छन्, "हामी कानुनका मस्यौदा पर्खेर बसेका छौं।" प्रदेश र स्थानीय तहले केन्द्रलाई पर्खिएर बस्नुको सट्टा छिटोभन्दा छिटो आफूले बनाउनुपर्ने कानुन बनाउन लाग्नुपर्ने उनको सुझाव छ। कानुन नबन्दासम्म अहिलेको अन्योल हटाउन केन्द्र र प्रदेशबीच समन्वयको खाँचो देखिएको नेम्वाङले औंल्याए। ◆

ओली–मोदी मिलाप : कसको पल्ला

नेपाल र भारतीय प्रधानमन्त्री–वार्ता द्विपक्षीय पेचिला मुद्दाको समाधानमा निष्प्रभावी

■ बाबुराम विश्वकर्मा

प्रधानमन्त्री केपी ओली भारत भ्रमणबाट फर्केको ३३ दिनमै भारतीय समकक्षी नरेन्द्र मोदी नेपाल आए। ओली भ्रमणकै निरन्तरता मानिएको २८-२९ वैशाखको मोदीको नेपाल भ्रमणमा पनि दक्षिण छिमेकीका कारण नेपालले सामना गर्नुपरेका पीडा फेरि एकपल्ट उजागर भए । किनभने, ओली सत्तारोहणको पछिल्लो मुद्दा नै भारतको नेपाल-रवैया थियो ।

०७२ को संविधान निर्माणमा भारतले गरेको हस्तक्षेप र त्यसपछि लगाएको नाकाबन्दीप्रति भारतको संस्थापन पक्षले अझै गल्ती स्वीकार गरेको छैन । मोदीले पनि नेपाल भ्रमणमा त्यसबारे एक शब्द उल्लेख गरेनन् । भारतका मिडिया, बौद्धिक समुदाय र नेपालप्रति सद्भाव राख्ने समूहले भने भारतीय नाकाबन्दी र नेपालको आन्तरिक मामिलामा उसले गरेको हस्तक्षेपको कडा आलोचना गर्दै आएका छन् ।

मोदी आउनुअघि पनि 'ब्लकेड वाज क्राइम मिस्टर मोदी' अर्थात् 'नाकाबन्दी अपराध थियो श्रीमान् मोदी' ह्यासट्याग गरिएका ट्वीटहरू सर्वाधिक 'हिट' भए । यसले खासगरी

तस्बिर : भास्कर ओझा



भारी ?

टुँडिखेलमा आयोजित विशेष समारोहमा प्रधानमन्त्री ओली भारतीय समकक्षी मोदीका साथ

काठमाडौंमा देखापरेको मोदीविरोधी जनमतलाई झल्काउँछ । जनकपुरमा भने मोदीको पक्षमा जयजयकार नै भयो । यी दुवै परिदृश्य आफैंमा विरोधाभासपूर्ण छन् ।

पुराना विवादको निरुपणबिनै सुरु भएको ओली-मोदी मिलापमा देशका मुख्य सरोकार ओझेल पर्ने र फेरि पनि भारतीय स्वार्थ हाबी हुने जोखिम छ । मोदीको यसपालिको राजकीय भ्रमणको मिति, रुट र एजेन्डा तय गर्दा होस् वा ओली-मोदीबीच भएका समझदारी हुन्, तिनमा ओलीभन्दा बढी मोदी नै हाबी भएको देखिएका छन् । हाँसो भयो, अंकमाल भयो, दुई दिनमा अनेकपल्ट उठबस पनि भयो तर ओली-मोदी मिलापले दुई देशका प्रमुख र पेचिला मुद्दाको समाधान भने पहिल्याउन सकेन ।

काठमाडौं र नयाँदिल्लीमा दुई प्रधानमन्त्रीका पछिल्ला दुई भेटको सार खिच्दा उही पुरानै निष्कर्ष आउँछ- समग्रमा भारतकै हात माथि पर्न गयो । ती भेटवार्तामा अहिलेका मुख्य चासो सम्बोधनभन्दा तत्काल पूरा हुन नसक्ने, मुख्यतः कागजमै सीमित हुने 'ठूला कुरा'हरूकै वर्चस्व छ । के हुन् त ती प्राथमिकता, जसमा छिमेकी भारतका शक्तिशाली कार्यकारीको भेटले उल्लेख्य प्रगति दिलाउन सकेन ।

व्यापार घाटामा मौनता

नेपालले झेलेको सबभन्दा चर्को समस्या हो- व्यापार घाटा । नेपाल राष्ट्र बैंकको तथ्यांक अनुसार आर्थिक वर्ष ०७३/७४ को कुल व्यापार घाटा ९ खर्ब १७ अर्ब रुपियाँ पुगेको छ । त्यसमा भारतसँगको व्यापार घाटा नै ५ खर्ब ९२ अर्ब रुपियाँभन्दा बढी भइसकेको छ । चालू आर्थिक वर्षको आठ महिनाको भारतसँगको व्यापार घाटा ४ खर्ब ३७ अर्ब रुपियाँ नाघेको छ । अर्थमन्त्री युवराज खतिवडाले सार्वजनिक गरेको श्वेतपत्रमा पनि व्यापार घाटाका कारण देशको ढुकुटी रित्तो भएको उल्लेख छ । व्यापार घाटा उल्टाएर देशको अर्थतन्त्रलाई त्राण नदिने हो भने प्रधानमन्त्री ओलीको 'समृद्धि' नारा घोषणामै सीमित हुनेछ ।

देशको निर्यात-आयातको अनुपात १:१३ पुग्नु आफैंमा डरलाग्दो संकेत हो । त्यसको मुख्य कारक भारत नै हो । नेपालको सुपारी, अदुवा र जुटजस्ता मौलिक उत्पादन पनि भारतीय बजारले सहज रूपमा स्वीकार गरेको छैन । मोदीले प्रधानमन्त्री ओलीको 'समृद्ध नेपाल र सुखी नेपाली'को सपनामा सघाउने वाचा पटक-पटक दोहोर्‍याएका छन् । चुलिँदो व्यापार घटाउने उपायबारे चाहिँ उनले शब्दै खर्चेनन् ।

कतिसम्म भने दुई देशका प्रधानमन्त्रीबीचको



तस्बिर : रासस

प्रधानमन्त्री ओली र भारतीय समकक्षी मोदी पूर्वप्रधानमन्त्रीहरूसँग होटल द्वारिकाज्मा

उच्चस्तरीय भ्रमणमा पनि भारतसँगको व्यापार घाटाले ढाड भाँचिएको देशको अर्थतन्त्रलाई त्राण दिने सूत्र पहिल्याइएको छैन। ओली र मोदीबीच दिल्लीमा भएको १२ बुँदे संयुक्त वक्तव्यमा व्यापार घाटासँग गाँसिएको एउटा अमूर्त बुँदा परेको छ, 'दुई देशबीच व्यापार तथा पारवहन सम्झौता संशोधनका लागि गृहकार्य गर्ने।'

त्यो गृहकार्य भइहालेमा पनि त्यसको फाइदा नेपाल र भारतमध्ये कसलाई हुने हो, टुंगो छैन। अहिलेसम्म भारतसँग गरिएका अधिकांश सन्धि-सम्झौतामा भारत नै हाबी हुँदै आएको छ। पूर्वराजदूत दीपकुमार उपाध्याय भन्छन्, "व्यापार घाटा अहिलेको मुख्य सरोकार हो। त्यसले हामीलाई ठूलो सकस परेको छ। तर, व्यापार घाटा घटाउन ठोस पहल भएको छैन।"

डुबान : प्रवेश नै गरिएन

सीमावर्ती भू-भागको डुबानका कारण नेपालीले झेलेका समस्या झन् कहालीलाग्दा छन्। भारतले विभिन्न समयमा नेपालको सीमा नजिकै १८ वटा बाँध तथा तटबन्ध बनाएको छ। आफ्नो भू-भागलाई डुबानबाट जोगाउन बनाइएका भारतीय संरचनाले नेपाली भू-भाग र बस्ती डुबाउने गरेको वर्षौं भइसकेको छ। सीमावर्ती क्षेत्रको डुबान समस्या स्थायी समस्या भएकाले डुबानबाट मधेसका सीमावर्ती गाउँ-ठाउँ उठिबास हुने गरेका छन्।

एउटा देशले अर्को देशको सहमतिबिना एकतर्फी रूपमा बाँध तथा तटबन्ध बनाउन पाउँदैन। तर, यो सार्वभौम नियमलाई दक्षिणले हमेसा उल्लंघन गर्दै आएको छ। त्यसैले डुबानका कारण कोसी, गण्डकलगायतका सीमाका नागरिकले ठूलो सास्ती सहेका छन्। तर, अहिलेसम्म न तिनले क्षतिपूर्ति पाएका छन्, न त गाँस, बासको वैकल्पिक व्यवस्था गरिएको छ। हरेक प्रधानमन्त्रीको भारत भ्रमणमा भारतीय बाँध र तटबन्धले निम्त्याएको संकटबारे चर्चा हुने गरे पनि समाधानचाहिँ फेला पर्ने गरेको छैन। यसपालि पनि ओली-मोदीको दोहोरो भ्रमण र हातेमालोले डुबानको समस्या ज्यूँका त्यूँ छाडेको छ।

डुबान समस्याबारे नेपाली पक्षले अवगत नगराएको होइन। पूर्वराजदूत उपाध्यायले आफ्नो कार्यकालमा भारतको विदेश मन्त्रालय र प्रधानमन्त्री कार्यालयको ध्यानाकर्षण गराएको उल्लेख गरे। तर, भारतीय पक्षले 'जे भयो-भयो, अब नगर्ने' भनेर जवाफ दिएको उनको भनाइ छ। "सार्वभौम नेपालको सहमतिबिना सीमा नजिकको प्राकृतिक बहावलाई अवरोध गरेर किन तटबन्ध र बाँध बाँधियो भनेर लिखित रूपमै सोधेँ। तर, उताबाट कहिल्यै पनि प्रस्ट जवाफ पाउन सकिएन," उपाध्याय भन्छन्।

भारतसँग समानताका आधारमा दुई देशको सम्बन्धलाई नयाँ उचाइमा विकास गर्न खोजिएको प्रधानमन्त्री ओलीको दाबी छ। हुन पनि उनी अहिले दुई तिहाइ बहुमत पाएका शक्तिमान प्रधानमन्त्री हुन्। तर, ओलीले समकक्षी मोदीसँग सीमावर्ती क्षेत्रको डुबानले निम्त्याएको संकट समाधानका लागि प्रस्ट अडान राखेर समाधान पहिल्याउन सकेनन्।

कतिसम्म भने १० वर्षअघिको कोसी बाढीका बेला भारतले विराटनगरमा स्थापना गरेको 'फिल्ड अफिस'समेत त्यहाँबाट हटाउन सकिएको छैन। नेपालले भारतलाई धेरै पटक विराटनगरको त्यो अस्थायी कार्यालय उठाउन भने पनि सुनुवाइ भएको छैन। भारतका लागि पूर्वनेपाली राजदूत तथा राजनीतिशास्त्री लोकराज बराल भन्छन्, "देशलाई मर्का परेका र पिरोलेका स-साना समस्या पनि समाधान गर्न नसक्ने तर पूरा हुन नसक्ने ठूला गफचाहिँ गरिरहने रोगबाट हामी मुक्त हुनुपर्छ।"

सीमामा घात

नेपाल र नेपालीलाई सताएको अर्को महत्त्वपूर्ण मुद्दा हो- भारतसँगको सीमा विवाद। खुला सीमाको लाभ उठाउँदै कतिपय ठाउँमा जंगेपिलर नै सारिएका छन् भने नेपाली भू-भाग धेरै ठाउँमा मिचिएको छ। सीमा जोडिएका

सामाजिक सञ्जालमा आक्रोश

नरेन्द्र मोदीको दुईदिने नेपाल भ्रमणलाई सामाजिक सञ्जालमा केहीले दुई देशको सम्बन्ध सुमधुर बनाउने माध्यमका रूपमा लिए भने अधिकांशले आलोचना गरे। मोदी नेपाल आउनुअगावै ट्वीटरमा 'ब्लकेड वाज क्राइम मिस्टर मोदी' ह्यासट्याग ट्रेन्डिडमा रह्यो।

नाकाबन्दीका लागि मोदीले माफी माग्लान् भन्ने आशमा बसिरहेका नेपालीलाई जनकपुरमा उनले गरेको सम्बोधनले खिन्न बनाइदियो। विवेकशील साझा पार्टीको केन्द्रीय कार्यालय, ललितपुरमा 'मोदीजी, स्वागत छ। तर, नाकाबन्दी बिर्सेका छैनौँ' लेखिएको तुल प्रहरीले जिल्ला प्रशासन कार्यालयको आदेशमा च्यातिदियो।

पार्टी अध्यक्ष रवीन्द्र मिश्र, प्रवक्ता सूर्यराज आचार्यलगायतले अभिव्यक्ति स्वतन्त्रताको हकमाथि हस्तक्षेप भएको भन्दै त्यसको भर्त्सना गरे। अर्का संयोजक उज्ज्वल थापाले लेखे, 'केन्द्रीय समिति बसिराख्दा प्रशासनले प्रहरी पठाएर हस्तक्षेप गर्नु सुसंस्कृत लोकतन्त्रका लागि राम्रो संकेत देखिँदैन।'

मोदीको स्वागतार्थ जनकपुरमा राखिएको नेपालको झन्डाले पनि थुप्रै विरोध बटुल्यो। झन्डाको न रङ संयोजन मिलेको छ, न त आकार नै। नीलो किनारा र रातो क्षेत्रको अनुपातमा ठूलो गडबड देखियो। यसले देशको इज्जतमै आँच आएको भन्दै सामाजिक सञ्जालका भित्ता आक्रोशले रंगिए।

२६ मध्ये २४ जिल्लाका ७२ ठाउँमा भारतले सीमा मिचेको र कयौँ हेक्टर नेपाली भूमि उपयोग गरेको छ। सुस्ता र कालापानी विवाद सुल्झिएको छैन।

एक वर्षअघि कञ्चनपुरमा भारतीय सीमा सुरक्षाबलको गोलीबाट नेपाली युवा गोविन्द गौतमको हत्या भयो। त्यसबारे भारतीय पक्षले न गल्ती स्वीकारेको छ, न त पीडित परिवारलाई क्षतिपूर्ति नै दिएको छ। तर, सीमासँग जोडिएको यो र यस्ता अनेक मुद्दाले प्रधानमन्त्रीस्तरीय वार्तामा स्थान पाएनन्।

हवाई रुट नदिने ?

भारतका कारण नेपाललाई परेको अर्को मर्का हो- हवाई रुट। नेपालले भारतसँग बारम्बार हवाई रुट थप्न माग गर्दै आएको छ। प्रधानमन्त्री ओलीले १७ वैशाख ०७५ मा लुम्बिनीमा गएर भारतले अहिले एउटा मात्र हवाई रुट उपलब्ध गराएकाले समस्या परेको बताएका थिए। ओली मात्र होइन, मोदीलाई पनि हवाई रुटको अभावले नेपालले पाएको दुःख थाहा नभएको होइन। नेपालको पहिलो राजकीय भ्रमणका बेला १८ साउन ०७१ मा मोदीले पोखरा र भैरहवाका लागि भारतले आवश्यक हवाई रुट उपलब्ध गराउने सहमति गरेका थिए। तर, त्यो सहमति कागजमै थन्कियो।

भारतले उपलब्ध गराएको एक मात्र सिमरा रुटमा अत्यधिक चाप पर्ने गरेकाले नेपाल आउने अन्तर्राष्ट्रिय उडान घन्टौँसम्म आकाशमा 'होल्ड' हुन्छन्। भैरहवा र पोखरा विमानस्थललाई अन्तर्राष्ट्रिय विमानस्थलमा स्तरोन्नति गर्न लागिएको छ। तर, दुई देशको 'कनेक्टिभिटी'मा जोड दिने गरेको भारतले नेपाललाई थप हवाई रुट दिन तयार नहुनु अनौठो छ।

के होला ईपीजी ?

भारतसँग प्रत्यक्ष गाँसिएका देशका यी केही पेचिला मुद्दा हुन्। त्यसो त सबभन्दा बढी मर्का नेपाललाई भारतसँग गरिएका सन्धि-सम्झौताले परेको छ। सन् १९५० को शान्ति तथा मैत्री सन्धिदेखि ०५२ मा गरिएको विवादास्पद महाकाली सन्धिमा भारतकै स्वार्थ हाबी भएको छ। दुई देशबीचका सन्धिको पुनरावलोकन गरेर संशोधन र प्रतिस्थापनका लागि प्रतिवेदन दिन गठित नेपाल-भारत प्रबुद्ध समूह (ईपीजी) चार वर्षअघि ओली-मोदीले नै गठन गरेका हुन्। त्यसको म्याद आउँदो असारमा सकिँदैछ। तर, दुई देशबीचका सन्धि-सम्झौताको निष्पक्ष समीक्षा गरेर एउटै प्रतिवेदन आउँछ वा आउँदैन ? अझै प्रस्ट भएको छैन। त्यस्तै, ईपीजीले दिएको प्रतिवेदन कार्यान्वयन गर्न दुई देशका सरकार तयार हुन्छन् वा हुँदैनन्, यसबारे पनि कुनै टुंगो छैन।

ईपीजीको प्रतिवेदनमा नेपालको स्वार्थ र हित हाबी हुन्छ वा भारतको ? त्यो निश्चित छैन। त्यसैले कतिपयले अनुमान गरेजस्तो ईपीजी नेपाल-भारतका असमान सन्धिको अन्तिम समाधान भने होइन। ईपीजीका सदस्य, पूर्वराजदूत भेषबहादुर थापा भन्छन्, "दुई देशका सन्धि पुनरावलोकन गरेर विस्थापन वा संशोधनको सिफारिस गर्ने हाम्रो कार्यादेश हो। राष्ट्रिय स्वार्थलाई हेरेर नै प्रतिवेदन तयार गर्ने प्रयास गरिरहेका छौँ।"

राष्ट्रिय हित र स्वार्थसँग गाँसिएका अरू धेरै मुद्दामा दुई देशका प्रधानमन्त्रीले प्रवेश नै गरेका छैनन्। पुराना समस्या र मुद्दालाई ज्यूँका त्यूँ छाडेर दुई देशबीच सम्बन्ध सुधार भएको एकोहोरो व्याख्या सुरु गरिएको छ। त्यसैले थाती मुद्दालाई टुंगोमा पुऱ्याउन र राष्ट्रिय स्वार्थको सम्बोधन गर्न सहयोग नपुग्ने निश्चित छ। थापा भन्छन्, "दुई देशका प्रधानमन्त्रीबीचको उच्चस्तरीय वार्ताले आशा गर्ने ठाउँ दिएको छ। तर, भरोसा गर्ने बेला भइसकेको छैन।"

धार्मिक सर्किट

नेपालको समृद्धि र विकास नेपालकै योजना, नीति तथा कार्यक्रममा अघि बढ्ने हो। देशभित्र कहाँ के बनाउने र कसरी समृद्धि हासिल गर्ने, त्यो स्वयंले तय गर्नुपर्छ। छिमेकी देश सहयोगी र सहयात्री मात्र हुन सक्छन्। तर, भारत भने यसको

अपवाद भएको छ। पाँच करोडसम्मका नेपाली योजनामा भारतीय दूतावासले सीधै लगानी गर्न पाउने निर्णय सरकारले मोदी भ्रमणअगावै गरेको छ। त्यति मात्र होइन, भारतले घोषणा गरेका कतिपय सहयोग र आयोजना नेपालको आवश्यकतामा आधारित होइन, उसकै स्वार्थमा केन्द्रित छन्।

२८ वैशाख ०७५ मा ओली-मोदीले जनकपुरमा शिलान्यास गरेको रामायण सर्किट मोदीको योजना हो। त्यसअघि नेपालमा रामायण सर्किटबारे कतै चर्चा नै थिएन, न त सरकारले त्यसको लाभ-हानिबारे विस्तृत गृहकार्य गरेको थियो। तर, मोदी पूजा-अर्चनाका लागि जनकपुर आएकै दिन हतारहतार रामायण सर्किट शिलान्यास गरिएको छ।

मोदीले भारतमा सुरु गरेको बृहत् हिन्दु सर्किटको एउटा हिस्सा हो- रामायण सर्किट। जनकपुरको नागरिक अभिनन्दनमै बुद्ध र जैन सर्किटको अवधारणा अनुसार नेपालका लुम्बिनी र जैन केन्द्रलाई भारतसँग जोड्ने योजना पनि मोदीले सार्वजनिक गरिसकेका छन्। छिमेकी देशसँग जोडिएका स्थलबारे दुई देशको पर्याप्त तयारी र सहमतिबिना एकतर्फी घोषणा गरिनुले यसमा भारतीय पक्षको प्राथमिकता रहेको संकेत गर्छ। धार्मिक सर्किटसम्बन्धी मोदीको योजनामा यहाँका नीति-निर्माता खासै जानकार भेटिँदैनन्, हचुवामा अरूको योजनाको साक्षी बस्नुमै तिनको भूमिका सीमित छ। पूर्वराजदूत बराल थप्छन्, "ठूला योजना लागू गर्छु भन्नुभन्दा भारतले नेपालीलाई पीडा दिन छाडे मात्र पनि ठूलो उपलब्धि हुने थियो।"

नेपालको पानी, भारतको तिर्खा

जलका कारण भारतले कतै सिँचाइ अभाव, कतै बाढी र कतै खानेपानीकै समस्या झेल्दै आएको छ। भारतीय जलस्रोत मन्त्रालयको अनुमान अनुसार सन् २०५० सम्ममा भारतमा पानीको माग १४ सय ३२ अर्ब घनमिटर पुग्नेछ, त्यस्तै खाद्यान्न अभाव पनि ४५ करोड टन आवश्यक हुन्छ। सन् २०२२ सम्ममा झन्डै ५० करोड भारतीय नागरिकलाई खानेपानी अभाव हुने अनुमान गरिएको छ।

सिँचाइ नभएर अनि सुक्खाका कारण पछिल्लो पाँच वर्षमा कर्नाटक राज्यमा मात्र तीन हजारभन्दा बढी किसानले आत्महत्या गरेका छन्। पानी अभावका कारण अरू राज्यहरूमा पनि किसानको आत्महत्या दर कहालीलाग्दो छ। महाराष्ट्र, राजस्थानलगायतका राज्यका कतिपय बासिन्दाका लागि अहिले पनि रेलबाटै खानेपानी



स्वीच थिचेर अरुण तेस्रोको उद्घाटन गर्दै प्रधानमन्त्री ओलीका साथ भारतीय समकक्षी मोदी

ढुवानी गर्नुपरेको छ।

सिँचाइ, बिजुली र खानेपानी आपूर्तिमा नेपालको जलस्रोत वरदान साबित हुने ठानेर तीन ठूला नदीका माध्यमबाट उच्च बाँध, जलविद्युत् परियोजना र खानेपानीको प्रबन्ध गर्ने भारतीय पक्षको रणनीति देखिन्छ। १८ साउन ०७१ मा मोदीले नेपाली संसद् बैठकलाई सम्बोधन गर्दा 'पानी र जवानी पहाडलाई काम नलाग्ने' भने। तर, त्यसलाई तुरुन्त सच्याएर 'अब पानी र जवानी पहाडकै लागि काम आउने' भनेर आफूलाई विवादमा पर्नबाट जोगाएका थिए। उनको भनाइको अर्थ घुमाउरो पारामा नेपालको पानी र जवानी नेपालभन्दा बढी भारतमा उपयोग हुन्छ भन्ने थियो।

त्यही भारतीय रणनीतिको नतिजा हो- यसपालि मोदीको नेपाल भ्रमणको सबभन्दा ठूलो उपलब्धि नै नौ सय मेगावाटको अरुण तेस्रोको शिलान्यास। उनी आउनुअघि लगानी बोर्डले भारतीय कम्पनी सतलजको नाममा अरुण तेस्रोको लाइसेन्स जारी गरेको छ।

अरुण तेस्रो, पञ्चेश्वरलगायतका जति पनि ठूला आयोजना छन्, तिनले नेपाल र भारतमध्ये कसको हित हुन्छ भन्नेबारे तेस्रो पक्षबाट विश्वसनीय अध्ययन आवश्यक ठान्छन्, पूर्वराजदूत दीपकुमार उपाध्याय। तर, तेस्रो पक्षको विश्वसनीय अध्ययनको कुरा छाडौं, भारतलाई सुम्पेका जल, सडक र रेलसम्बन्धी परियोजनाबारे देशको सार्वभौम संसद्मा पनि विस्तृत छलफल गरिएको छैन। उपाध्याय थप्छन्, "भारतले सम्भाव्यता अध्ययन गरेको भरमै धेरै आयोजना अघि बढाउन खोजिएको छ, अब हामीले तेस्रो पक्षको तर्क र सुझाव पनि सुन्ने बेला भएको छ।"

त्यसो त वाम गठबन्धनको चुनावी घोषणापत्र र ओलीको भाषणमा समुद्रमा नेपाली ध्वजावाहक पानीजहाज सञ्चालन गर्ने भनिएको थियो। तर, भारत भ्रमणका क्रममा ओली र मोदीले गरेको सहमतिमा देशभित्र पर्याप्त छलफल नै नभएको जलमार्गबाट सामान ढुवानी गर्ने नयाँ समझदारी सार्वजनिक गरियो। धेरैले चाहिँ भारतको जलमार्गको प्रस्तावलाई कोसीमा उच्च बाँध निर्माण गर्ने उद्देश्यसँग जोडेर हेर्ने गरेका छन्।

त्यसो त ओली-मोदीबीचको अर्को महत्त्वपूर्ण समझदारी हो, रक्सौल-काठमाडौं रेलमार्ग निर्माण। चीनले नेपालतर्फ ल्याउने भनेको रेल निर्माणको प्रस्तावलाई जवाफ दिन भारतले अघि सारेको रेलमार्गको प्रस्तावले दुई देशमध्ये कसलाई बढी लाभ होला ? लेखाजोखा छैन। भारतकै लगानी, भारतकै प्रविधि र जनशक्ति अनि भारतकै रेलबाट भारतलाई नै लाभ पुग्ने पक्का छ, नेपाललाई के हुन्छ, कुनै लेखाजोखा गरिएको छैन। तथापि ओलीले नयाँदिल्लीमा पुगेर रेलमार्ग र जलमार्ग निर्माणको समझदारी गरेर देशभित्र वाहवाही पाएका छन्।

आठ वर्षअघि नै नेपाल र भारतबीच पाँच वटा अन्तरदेशीय रेलमार्ग निर्माण गर्ने सम्झौता भएको थियो। त्यसमध्ये जयनगर-बिजलपुरा, जोगवनी-विराटनगर रेलमार्ग निर्माण प्रगति उन्मुख छ। तर, नेपालगन्ज-रुपैडिया, भैरहवा नौतनवा, काँकडभिट्टा-जलपाइगुढी रेलमार्गतर्फ कुनै काम भएको छैन। भारतकै लगानी, प्रविधि र जनशक्ति प्रयोगबाट बन्ने रेलमार्गले सबैभन्दा बढी लाभ भारतलाई नै हुनेमा कुनै शंका छैन। तैपनि, रेलमार्गले देशको स्वतः कायापलट नै हुने एकथरीको सपना छ।

देशका पुराना चासोलाई जहाँको त्यहीँ छाडेर ओली-मोदीबीचको भ्रमण आदान-प्रदान र औपचारिक सहमतिले दुई देशबीच विश्वासचाहिँ बढाएको छ। तर, ओली-मोदीको मिलापले नेपाल र भारतमध्ये कसलाई बढी लाभ हुन्छ भन्ने अहिले नै अनुमान गर्न सकिन्न। किनभने, नेपालको परराष्ट्र नीति र अरू देशसँगको साझेदारी हचुवाकै भरमा निर्धारण हुने गरेको छ। त्यसको क्षति नागरिकले वर्षौंदेखि भोग्नुपरेको छ। उपाध्याय भन्छन्, "मोदीको कूटनीतिक चातुर्य र कौशल मात्र होइन, गृहकार्य पनि बलियो छ, त्यसैले राष्ट्रिय स्वार्थ र हित जोगाउन झन् चनाखो हुनु जरुरी छ।" ◆

(आवरण तस्बिर : किरण पाण्डे)

सुरेन्द्र लाभ

झगडापछिको दोस्ती

जनकपुर मोदीमय बन्यो । जन-जन तरंगित भए । उत्साह गजबको देखियो यहाँ । केही साताअघिदेखि नै हर्षोल्लासको वातावरण व्याप्त थियो यहाँको धरामा । प्रकृतिले ठूलै हुरी-बतास ल्याउँदा पनि उत्साहमा कुनै किसिमको कमी आएन । र, आज रंगभूमिमा जनसागर स्पष्ट रूपमा देखियो ।

किन यति उत्साह जनकपुरमा अथवा प्रदेश २ मा ? प्रश्न उठ्नु अस्वाभाविक होइन । तर, यसको सही उत्तर लम्पसारवादको चस्माबाट पाउन सकिन्न । सही उत्तरका लागि राम-सीताको वैवाहिक सम्बन्धलाई सम्झनुपर्ने हुन्छ । पौराणिक-सांस्कृतिक सम्बन्धलाई बुझ्नुपर्ने हुन्छ । भाषा र सामाजिक माधुर्यको मर्मलाई आत्मसात् गर्नुपर्ने हुन्छ । यिनै भावनालाई प्रधानमन्त्री केपी ओली र भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले अभिव्यक्ति दिए । नरेन्द्र मोदी काठमाडौँतिर लागेपछि जनकपुर सुनसान भयो । तर, सीधा पटनाबाट जनकपुर आउने कुराको गुञ्जन नेपाली राजनीतिमा लामो समयसम्म रहिरहनेछ ।

भारत पनि गजबको देश छ । एउटै देशका तीन नाम छन्- भारत, इन्डिया र हिन्दुस्तान । भारतकै विद्वान्हरूले भन्ने गर्छन्- इन्डिया सहरमा छ, भारत गाउँमा । अहिले मोदी कहाँबाट आए ? भन्न सकिन्छ, अहिले मोदी हिन्दुस्तानबाट आए । मोदीको भाषणबाट पनि यो प्रमाणित हुन्छ । चाहे जानकी मन्दिरमा दिइएको संक्षिप्त भाषण होस् या रंगभूमिमा दिइएको भावुक र विस्तृत अभिव्यक्ति । जानकी मन्दिरको प्रांगणबाट जनकपुर-अयोध्या बस सेवालाई दुवै देशका प्रधानमन्त्रीले हरियो झन्डा देखाएर शुभारम्भ गरे । रंगभूमि मैदानमा आयोजित नागरिक अभिनन्दन कार्यक्रममा रामायण-सर्किटसँगै बुद्ध-सर्किट र जैन-सर्किटको विषय उठान गर्न पनि भ्याए मोदीले ।

तस्बिर : किरण पाण्डे

नजर अर्को चुनावतिर

मोदीको सम्पूर्ण अभिव्यक्तिमाथि गहिरिएर विचार गर्ने हो भने उनको दिमागमा कतै न कतै भारतमा अर्को वर्ष हुने निर्वाचन पनि नाचिरहेको अनुभूति हुन्छ । बिहार र उत्तरप्रदेशको चर्चा सन्दर्भ मिलाएर गरे । सन्दर्भ मिलाउन उनी ओस्ताज छन् । भाषण-कलामा जादुगरजस्तै हुन् उनी । ठूलै आभा विश्वभर छ, उनको । कसैकसैले यसलाई मोदी म्याजिक पनि भन्ने गरेका छन् । रंगभूमिमा पनि देखियो त्यो । आज नेपालका मिडिया मात्र होइन, भारत र विश्वका महत्त्वपूर्ण मिडियाले जनकपुरबाट मोदीको सन्देश प्रसारित गरे । मोदीभक्तहरू पक्कै पनि आह्लादित भएकै हुनुपर्छ । प्रारम्भमा मोदीले मैथिलीमा बोले र मैथिली संस्कृतिको प्रशंसा पनि गरे । यसबाट नेपालको मैथिली क्षेत्र मात्र होइन, बिहारको मैथिली क्षेत्र पनि गद्गद नहुने कुरै छैन । बनारस र अयोध्याको चर्चा गर्दा उत्तर प्रदेशका हिन्दु मतदाता पनि खुसी हुने नै भए । उनले नेपालीमा पनि बोले । नेपाल त खुसी भई नै हाल्यो, भारतको नेपालीभाषी क्षेत्र पनि प्रभावित भयो । शेष हिन्दीमा बोले । यसबाट यता र उताका भोजपुरी र हिन्दी क्षेत्र खुसी हुने भए ।

मोदीको सीधा जनकपुर आगमन र राष्ट्रिय-अन्तर्राष्ट्रिय मिडियाको घनीभूत उपस्थितिले जनकपुर नै चर्चाको शिखरमा पुगेको छ । पर्यटनमा प्रचार-प्रसारको ठूलो भूमिका हुन्छ । जनकपुरलाई यो अवसर जुरिहाल्यो । जनकपुरले आन्तरिक र बाह्य पर्यटन क्षेत्रमा ठूलो फड्को मार्ने सम्भावना छ । तर, यसका लागि नगरको सौन्दर्य, सरसफाइ र आतिथ्य सत्कारभाव हुनु आवश्यक छ । होटल सस्तो हुनु जरुरी छ । जनकपुर आउने जोकोहीको गुनासो छ, यहाँका होटल धेरै महँगा छन् । यस्ता विषयको व्यवस्थापन समयमै गर्न सकिएन भने जनकपुरले लामो अवधिका लागि आफ्नो विकासको ढोका बन्द गर्नेछ । अर्को, मोदीले जनकपुर क्षेत्रको विकासका लागि सय करोड रुपियाँको घोषणा गरे । हुन त यसको विस्तृत विवरण आउन बाँकी छ । अहिले यत्ति मात्र भन्न सकिन्छ- योजना छिट्टै सुरु होस्, समयमा अन्त्य होस् र भ्रष्टाचार नहोस् ।

झगडापछिको दोस्ती अद्भुत हुँदोरहेछ । त्यसको अनुभूति पनि सहजै गर्न सकिन्थ्यो भ्रमणमा । नेपाली र भारतीय शासकबीचको सम्बन्ध ३६ को भइसकेकामा आज ६३ अथवा ३३ को छ । दुवै प्रधानमन्त्री जानकी मन्दिर परिसरमा बारम्बार हात मिलाउँथे, एक-अर्कालाई हेर्दै मुस्कुराउँथे । मोदीले ओलीलाई 'भाइसाब'सम्म भन्न भ्याए । र, ओलीले 'मोदी रंग'कै कुर्ता लगाएर 'ए दोस्ती हम नहीं तोडेंगे...'जस्तो सन्देश दिन खोजेको पनि देखियो । ◆

कोही किन अभिनन्दित



■ भास्कर गौतम

प्रधानमन्त्री केपी ओलीबाट भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीलाई रातो कार्पेट ओछ्याएर स्वागत मात्र होइन, अभिनन्दन गर्ने सम्भावनालाई नकार्न सकिन्नथ्यो। तथापि, त्यस्तो दिन सोचेभन्दा धेरै छिटो आयो। जसरी ओली सरकारको राष्ट्रवादले मोदीको धार्मिक भ्रमणसँगै मौसम परिवर्तन गरेको छ, त्यसबाट धेरै किसिमले सतर्क हुन जरुरी छ।

मोदीको धार्मिक भ्रमण धेरै किसिमले नमिलेर आयो। एकातर्फ, यस भ्रमणले मधेसी राजनीतिमा उत्साह सिञ्चित गरेको छ। अर्कोतर्फ, काठमाडौँको स्थापित सत्तालाई सशंकित बनाएको छ। मधेसीलाई मोदीको भ्रमणसँगै मधेसको महत्त्व बढेको आभास छ। काठमाडौँलाई राष्ट्रिय गरिमा घटेको बोध छ। राष्ट्रिय-अन्तर्राष्ट्रिय स्तरमा मधेसको चासो बढेकाले मधेसी राजनीतिको शक्तिलाई केही बढाउने आकलन धेरै मधेसी नेताको छ। त्यसैले मोदी भ्रमणले मधेसको राजनीतिक वृत्तमा विश्वास बढाएको छ। यस भ्रमणले काठमाडौँलाई खासै प्राथमिकता नदिएकाले संघीय सरकारको नुर केही गिरेको छ। काठमाडौँलाई लागिरहेको छ, मधेसलाई मूल्यवान् देखाउन काठमाडौँको अवमूल्यन गर्न किन जरुरी थियो ? जनकपुरवासीलाई लागिरहेको छ, विद्यमान संघीय राजनीतिले समेत केही टेवा पाउन सक्छ। त्यसरी नै मधेसकेन्द्रित प्रदेशलाई बढी प्राथमिकता दिनु गलत हो भन्ने काठमाडौँलाई लागिरहेको छ।

मोदीको भ्रमणलाई लिएर काठमाडौँ र मधेसको भाष्य पुनः एकपटक विभाजित छ। यस्तो बुझाइमा आंशिक सत्यता छ। तर, मोदी भ्रमणको निहितार्थ धेरै गहिरो छ। मोदी भ्रमणले एमालेको मौसमी राष्ट्रवाद र मधेसीको मोदी-महिमाबीच तात्त्विक भिन्नता छैन भन्ने देखाउँछ। सतहमा मधेसी राजनीतिले काठमाडौँकेन्द्रित शक्तिको विरोध गरेजस्तो देखिन्छ। मुख्यमन्त्री लालबाबु राउतको सम्बोधनमा पनि त्यस्तो आशय प्रतिविम्बित थियो। तर, त्यही शक्ति संरचनाको हिस्सेदार वा मोहरा हुन मधेस बढी नै लालायित छ। मधेसी राजनीतिमा हावी यस्तो विरोधाभासले नेपाली लोकतन्त्रमा निहित चुनौतीलाई धेरै धूमिल बनाएको छ। त्यसैले काठमाडौँ र मधेसमा हावी मनोवृत्ति कालान्तरमा नेपाली लोकतन्त्रका लागि धेरै किसिमले घातक देखिन्छ।

होइन नागरिक अभिनन्दन

भारतजस्तो महत्त्वपूर्ण छिमेकी मुलुकको कार्यकारी प्रमुख नेपाल आउनु राम्रो हो। कुनै कार्यकारी प्रमुख एकपटकभन्दा बढी आउनु अझ राम्रो हो। यस्तो कार्य भारतको स्वार्थमा मात्र नभएर आपसी हितमा हुनुपर्छ। यही कुरा सबै मित्रराष्ट्रको हकमा समेत लागू हुन्छ। कुनै पनि उच्चस्तरीय भ्रमणबाट प्रायः दुई राष्ट्रको आपसी मित्रता र द्विपक्षीय सहकार्य बलियो हुने विश्वास गरिन्छ। त्यसैले दुई देशबीचको ऐतिहासिक सम्बन्धले उच्चस्तरीय भ्रमणलाई निर्देशित गरिरहेको हुन्छ। यद्यपि, भ्रमणको तत्कालीन सन्देश र वर्तमान सन्दर्भ धेरै हिसाबले बलवान् हुन्छ। मोदीको भ्रमणलाई पनि यसै परिप्रेक्ष्यमा हेरिनुपर्छ।

यसपटकको भ्रमणमा मोदीलाई प्रदान गरिएको सम्मानले समग्र नेपाली राजनीतिलाई थप जटिल बनाएको छ। विशेष रूपले मधेसकेन्द्रित राजनीतिलाई पनि। अझ नागरिक अभिनन्दनका नाममा भएको मञ्चन जनसमुदायको सहभागिताको दृष्टिबाट हेर्दा उत्साहप्रद देखिए पनि त्यसमा निहित आशय सही छैन। ०७२ मा जारी संविधानको परिप्रेक्ष्यमा निःसन्देह नेपाल-भारत सम्बन्ध धेरै खलबलिएको थियो। त्यसैले केही जटिलताहरूसमेत उब्जिएका थिए। त्यो नाकाबन्दी काठमाडौँमा निहित शक्तिलाई गलाउने उद्देश्यले भएको थियो। तर, त्यसले नेपाली समाजलाई विभाजित गर्‍यो। नेपाली जनतामा नकारात्मक प्रभाव पार्‍यो। झट्ट हेर्दा त्यो नाकाबन्दी



होस् ?

मधेसी राजनीतिको पक्षमा रहेको देखिन्छ । तर, त्यसले मधेसी सवाललाई धेरै कमजोर बनायो । त्यस्तो विशाल मधेसी आन्दोलन तत्कालीन समयमा घरको न घाटको भयो । भारतले पनि मधेसी आन्दोलनलाई अलमल्यायो । मधेसी नेतृत्वले पछिसम्म अडान लिन सकेन । अर्कोतर्फ, मोदीले समग्र नेपाली जनता वा पहाडी सत्ताको पक्षमा समेत विशेष योगदान दिएका छैनन् । त्यसैले मोदी न पहाडी सत्ताद्वारा, न त मधेसी जनताद्वारा नागरिक अभिनन्दनका लागि योग्य पात्र हुन् । विशेष योगदानबिना कोही किन अभिनन्दित होस् ?

जस्तै : ०४७ फागुनमा भारतीय प्रधानमन्त्री चन्द्रशेखर नेपालमा आउँदा उनको भव्य स्वागत गरियो । उनलाई काठमाडौँमा नागरिक अभिनन्दन नै गरियो । उनी जनकपुर पनि पुगे । तर, कार्यकारी प्रमुखको हैसियतमा मोदीले जस्तो जानकी मन्दिरमा पूजा गरेनन् । बाह्रबिघामा नागरिक सभालाई सम्बोधन भने गरे । नेपाली जनताको पक्षमा उभिँदै ०४६ को प्रजातन्त्र प्राप्तिको लडाइँमा महत्त्वपूर्ण सहयोग गरेकाले चन्द्रशेखरलाई अभिनन्दन गरिएको थियो । मोदीले के गरेका छन् ? समग्र नेपाली जनताका लागि नाकाबन्दी । मधेसी राजनीतिवरिपरि सौदाबाजी । नागरिक अभिनन्दन भनिरहे पनि

तस्बिर : किरण पाण्डे

बाह्रबिघामा नागरिक सभामा मधेसी जनता, प्रादेशिक सरकार र संघीय सरकारले मोदीको सम्मान गरेका हुन् । नागरिक अभिनन्दन गरेका होइनन् । अनि, मोदीले नागरिक सभालाई सम्बोधन गरेका हुन् । हिन्दुहरूको महत्त्वपूर्ण मन्दिरमा पूजा गरेर उनले भारत, नेपाल र अन्य मुलुकका हिन्दुवादीहरूलाई पुनः एकपटक विशेष सन्देश दिएका हुन् ।

हिन्दुत्वको राजनीति

एउटा देशको कार्यकारी प्रधानमन्त्री अर्को देशमा धार्मिक भ्रमणमा आउने दृष्टान्त संसारमा विरलै हुन्छ । अर्को देशले त्यसलाई भव्यताका साथ स्वागत गर्ने दृश्य झन् विरलै हुन्छ । त्यो पनि दुवै धर्मनिरपेक्ष राष्ट्रमा । यो हिन्दु राजा-रजौटा शैलीको पुनरावृत्ति हो ।

यसपटक दक्षिण भारतमा मोदीले हिन्दुत्वको राजनीतिलाई थप प्रश्रय दिएका छन् । दुई वर्षपहिले उत्तरप्रदेशको चुनावमा मोदीले हिन्दुत्वलाई यसरी जीवन्त बनाए कि मुसलमान समुदायको करिब २० प्रतिशत मतबेगर नै उनको दलले बहुमत ल्यायो । तर, धेरैले मणिपुरमा भारतीय जनता पार्टीको गठबन्धनले हासिल गरेको विजयलाई देखाउँदै भाजपाले हिन्दुत्वको राजनीति मात्र गर्दैन भने । अन्य धर्मावलम्बीलाई सँगै लिएर जान्छ भने । यत्तिसम्म कि उत्तरपूर्वी प्रान्तमा गौमांस सेवन गर्नसमेत वकालत गर्छ भने । उनीहरूले भन्न बिर्से कि शक्तिमा टिकिराख्न र चुनाव जित्न मोदीले धार्मिक स्वतन्त्रतालाई आवश्यक पर्दा हतियार मात्र बनाउने हुन् । अन्यथा, मोदीले गर्ने भनेको खास धर्म-समुदायको पक्षपोषणकै राजनीति हो । यसपटकको भ्रमण पनि त्यस्तै रह्यो ।

कर्नाटकको चुनावमा मोदीले हिन्दुत्व कार्डलाई जबरदस्त प्रयोग गरे । मोदीले चुनावपूर्वको शून्य समयको समेत उपयोग गर्दै जनकपुरमा अवस्थित धार्मिक दर्शन र नागरिक सम्बोधनबाट दक्षिण भारतका हिन्दु समुदायलाई प्रस्ट सन्देश दिए । उनले भने, 'हेर जनगण, भारतमा मात्र त के म दक्षिण एसियाभरि नै हिन्दुत्वको प्रवर्द्धन गर्छु ।' अर्थात्, उनले यस भ्रमणलाई धार्मिक कूटनीतिका लागि होइन, आफ्नो चुनावी अभीष्टका लागि प्रयोग गरे । आफ्नो चुनावी अभियानकै सहारामा उनले केपी ओलीको मौसमी राष्ट्रवादलाई पराजित गरे । सँगै मुख्यमन्त्री लालबाबु राउतको धर्मनिरपेक्षतालाई गिज्याए ।

मोदीले नेपालको संविधानमा धर्मनिरपेक्षतालाई नरूचाएको धेरैलाई ज्ञात छ । उनले नेपाललाई हिन्दु राष्ट्रकै रूपमा हेर्न चाहेका थिए । प्रमुख नेताहरूद्वारा केही प्रयास गरेका थिए । तर, उनी सफल भएनन् । उनको सम्पूर्ण राजनीतिक व्यवहारले उनी 'भारतवर्ष'मा हिन्दुत्वको प्रवर्द्धन गर्न चाहन्छ भन्ने देखाउँछ । जनकपुर र मुक्तिनाथको भ्रमण पनि त्यही अभीष्टसँग जोडिएर आयो । त्यसैले मोदीको यस भ्रमण भारतमा उनको चुनावी अभियानसँग गाँसिएको छ । त्यस्तै नेपालमा मूलतः हिन्दु धर्मावलम्बीलाई खुसी पार्ने वा सनातनी धर्मावलम्बीलाई रिझाउने उद्देश्यसँग जोडियो । यसै क्रममा नेपाली राजनीतिक शक्तिले राज्यलाई धर्मबाट टाढा राख्न सकेन । यस भ्रमणले पुनः एकपटक नेपालका धार्मिक अल्पसंख्यकलाई नेपाली राज्य मूलतः हिन्दु राज्य नै हो भन्ने सन्देश दियो । यहाँ

मोदी सफल रहे । यस्तो सन्देशले नेपाली समाजमा सबै धर्म र धर्मावलम्बी समान छन् भन्ने मूल्य-मान्यतालाई नजरअन्दाज गर्छ । नेपाली राज्यले सबै धर्मलाई उस्तै नजरले हेर्छ भन्ने मान्यतालाई गिज्याउँछ ।

मोदीको विकास मोडल

विकासको गुजरात मोडल भारतमा मात्र नभएर दक्षिण एसियामै चर्चामा आउँछ । गुजरात मोडलको एउटा पाटोमा विपद्ले निम्त्याएको संकट छ । मोदी नेतृत्वको विपद्मा उत्कृष्ट व्यवस्थापन कसरी भयो भन्ने भाष्य छ । अनि छ, उचित व्यवस्थापनले दोहोरो अंकको आर्थिक वृद्धि हासिल गरेको सफल कथा । अर्थात्, संकटको समयमा मोदीले नेतृत्वदायी भूमिका खेले । राम्रो नेतृत्वको नतिजा व्यवस्थित पुन:निर्माणमा देखियो । त्यसले आर्थिक वृद्धिलाई आधार दियो । साथै, संकटबाट कुनै नेता कसरी विकास-पुरुष हुन सक्छ भन्ने नजिरलाई स्थापित गऱ्यो ।

मोदीको विकास-पुरुषको अवतार बुझ्न नेपालका धेरै नेता र नीति-निर्माताले गुजरातको आर्थिक तीर्थाटन गरे । उनीहरूले नेपाली जनतालाई स्थापित भाष्य सुनाए । तर, उनीहरूले नभनेको भाष्य यस्तो छ- गुजरातको आर्थिक विकासले शान्तिको सामर्थ्य होइन, हिंसाको तेजलाई चिन्छ । गुजरातको विकास-पुरुषले समुदायबीचको सहकार्यलाई होइन, साम्प्रदायिक विभाजनलाई पक्षपोषण गर्छ । बहिष्करणको जगमा निर्माण गरिएको गुजरातको आर्थिक संरचनाले सामाजिक न्यायको भाषा बुझ्दैन । दण्डहीनताको रक्षा भने गर्छ ।

यो दोस्रो भाष्यलाई ओझेलमा राख्नुको मूल्य मोदी विकास-पुरुषबाट राष्ट्रिय नेताका रूपमा उदाएपछि केही क्षेत्रमा प्रस्ट रूपमा देखियो । पहिलो, भारतीय आमवृत्त जति उदार हो भनेर अनुमान गरिएको थियो, त्यति होइन रहेछ । धर्मनिरपेक्षताको पक्ष-विपक्षमा भारतमा पछिल्लो एकाध वर्षमा हिन्दुत्व बचाउन बौद्धिकहरू जोडदार रूपमा उत्रिए । त्यसबाट के देखियो भने भारतका धार्मिक अल्पसंख्यक धेरै हिसाबले असुरक्षित छन् । दोस्रो, यिनै वर्षमा जसले वाक्-स्वतन्त्रता प्रयोग गर्दै हिन्दुत्वको राजनीतिलाई खुलेर चुनौती दिए, तीमध्ये थुप्रै मारिए । दक्षिण भारतकै गौरी लंकेश यस्तै एउटा उदाहरण हुन् । तेस्रो, मोदी मुख्यमन्त्री रहँदा होस् वा प्रधानमन्त्री रहँदाको समयमा होस्, भारतमा मानव अधिकारको स्थिति खस्कँदो छ । भर्खरै मात्र काठमाडौँमा सम्पन्न अन्तर्राष्ट्रिय मानव अधिकार सम्मेलनमा भारतको मानव अधिकार आयोगका प्रमुख आयुक्त एचएल दत्तुले भने, 'आयोगले दिएको सुझावलाई भारत सरकारले कार्यान्वयन गर्दैन । प्राय: नजरअन्दाज गर्छ । भारतमा दण्डहीनता चरम अवस्थामा छ ।' चौथो, आदिवासी र सीमान्तकृतको अवस्था भारतमा खस्कँदो छ । चुनावी प्रयोजनका लागि उनीहरूको उपादेयता उच्च देखिन्छ । अन्य समयमा उनीहरूको न्यायिक सुनुवाइ हुँदैन । अर्थात्, मोदीको शासकीय कालमा हिन्दुत्वको राजनीति शक्तिशाली बनिरहँदा भारतीय लोकतन्त्रका अवयव कमजोर बन्दै छन् ।

> **०४६ को आन्दोलनमा महत्त्वपूर्ण सहयोग गरेकाले भारतीय प्रधानमन्त्री चन्द्रशेखरलाई अभिनन्दन गरिएको थियो । मोदीले के गरेका छन् ? समग्र नेपाली जनताका लागि नाकाबन्दी ।**

अन्त्यमा

के ओलीले तय गरिरहेको यात्रा मोदीको विकास-पुरुषको विम्बभन्दा तात्त्विक रूपमा भिन्न होला ? संविधान जारी गर्दा मधेसी समुदायलाई लक्षित गरेर 'माखेसाङ्लो'देखि 'झरेको आँप'जस्तो भाषा प्रयोग गरे । आफ्नै अल्पसंख्यक नागरिकविरुद्ध प्रयुक्त त्यस्तो भाषा मोदीको मूल्य-मान्यताभन्दा भिन्न छ र ? के भविष्यमा हुन सक्ला ? साथै, सम्पूर्ण शासकीय तप्काले जसरी हिंसाको रक्षामा त्यसबेला बोले, त्यसले मोदीको विकास मोडलको स्थापित भाष्यलाई नै प्रश्रय दिँदैन ? नेपालको संस्थापनले त्यस्तै भाष्य रूचाएका छैनन् ? केही वर्षअघि फरक भाष्य खोज्ने आधार मधेसी राजनीतिक वृत्तलाई उपलब्ध थियो । तर, मोदीको महिमागानमा मधेसीहरू रमाउनु भनेको कालान्तरमा गुमाउँदै जानु हो । असमावेशी लोकतन्त्रलाई पक्षपोषण गरिरहनु हो ।

आफ्नो जात र धर्म मिल्ने कुनै पनि राजनीतिक स्वत: समावेशी भइहाल्दैन । बरू, त्यसले धेरै अवस्थामा सामाजिक न्यायलाई अवमूल्यन गर्ने लोकतान्त्रिक संरचना निर्माण गर्न सघाउँछ । त्यसैले मोदीले कल्पना गरिरहेको हिन्दुत्वको राजनीतिलाई पक्षपोषण गर्दा नेपाली लोकतन्त्रले अर्को बाटो लिने सम्भावना जटिल बन्दै जान्छ ।

मोदीको कूटनीति धार्मिक हो वा राजनीतिक भनेर अलमलिने समय होइन यो ।

मोदीले धर्मवरिपरि नै राजनीति गरिरहेकाले उनका लागि धर्म र राजनीति अलग कुरा होइनन् । आफूलाई नेपाल-भारत मामलाको विशेषज्ञ सम्झनेहरूले अलिक फराकिलो दृष्टिकोण अपनाउन जरुरी छ । के नेपाल-भारत सम्बन्ध भारतको क्षेत्रीय कूटनीतिलाई नजरअन्दाज गरेर बुझिन्छ ? बुझिँदैन । भारतको क्षेत्रीय कूटनीतिको इतिहास गर्वलायक छैन भनेर हाम्रा विशेषज्ञहरूले हेक्का राख्दा राम्रो हुन्छ । साथै, मधेसी नेतागणले पनि । भारतीय कूटनीति कुनै नीतिगत सिद्धान्तमा आधारित छैन ।

आजसम्म भारतले छिमेकीलाई आफू अनुकूलको शत्रु-मित्र कोणबाट हेर्छ । यस्तो दृष्टिकोणले भारतको क्षेत्रीय कूटनीतिलाई प्रभावहीन बनाएको छ । प्रभावहीन मात्र होइन, गतिहीनसमेत बनाएको छ । परिणाम, स-साना स्वार्थवरिपरि भारतीय कूटनीति रूमलिएको छ । यस्तो छोटो दृष्टिकोणले विविधतायुक्त समाजमा सबैलाई विश्वासमा लिएर लोकतान्त्रिक मूल्य-मान्यतालाई संस्थागत गर्ने सम्भावना न्यून रहन्छ । अझ दक्षिण एसियाको छिमेकी मुलुकहरूमा भारतले लोकतान्त्रिक मूल्य-मान्यतालाई सही अर्थमा नेतृत्व दिने सम्भावना देखिन्न । त्यसैले केवल काठमाडौँसँग दूरी छ भनेर देखाउनलाई मात्र मधेसी नेतृत्व मोदीसँग विश्वस्त रहँदा न भारतीय कूटनीतिले कुनै नीतिगत आधार पाउने हो, न त नेपाली लोकतन्त्रले नै सही बाटो समात्ने हो । एमालेले भारतसँग काँध मिलाइरहेको अवस्थामा मोदीको महिमागान गाउँदै भारतबाट बढी उत्साहित हुनुको झन् अर्थ छैन । ♦

लालबाबुको लोकरिझ्याइँ

मोदी स्वागतमा कूटनीतिक प्रोटोकल बिर्सेर आन्तरिक राजनीतिको एजेन्डा उछाले लालबाबु राउतले

■ जनक नेपाल

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले आफ्नो जनकपुर भ्रमणलाई तीर्थयात्रा अर्थ्याइरहँदा प्रदेश २ का मुख्यमन्त्री लालबाबु राउत भने राजनीतिक मुद्दा कोट्याएर विवादमा तानिए । मोदीलाई अभिनन्दन गर्दै उनले भने, 'विभेदकारी संविधान र प्रादेशिक अधिकारविरुद्ध आज पनि हाम्रो संघर्ष जारी छ ।'

उनी त्यत्तिमै रोकिएनन्, प्रदेश २ नेपालको अभिन्न अंग भएको खुलाउँदै थपे, 'हामी चाहन्छौं, हाम्रो मुलुकमा पनि बिनाभेदभावपूर्ण जुनसुकै जाति, वर्ग र समुदायका व्यक्ति राज्यका हरेक तह-तप्का, निकायमा उसको क्षमता र योग्यताले पुग्ने सहज अवसर मिलोस्, जसरी तपाई एउटा सामान्य परिवारको भएर पनि भारतको सर्वोच्च कार्यकारी पदमा आसीन हुनुहुन्छ ।'

मुख्यमन्त्री राउतको सो मन्तव्य राजनीतिक र कूटनीतिक दुवै दृष्टिले उपयुक्त नभएको भन्दै आलोचना भइरहेको छ । प्राध्यापक जनार्दन आचार्य मुख्यमन्त्रीले आफ्नो पदीय गरिमा बिर्सेर अपरिपक्व मन्तव्य दिएको बताउँछन् । "मोदी आफैंले धार्मिक यात्रा भनिरहेका बेला यस्ता अभिव्यक्ति आउनु अपरिपक्व र अमर्यादित हो । अभिनन्दन समारोहमा के बोल्न मिल्छ, के मिल्दैन मुख्यमन्त्रीका सल्लाहकारले ध्यान दिनुपर्थ्यो," उनी भन्छन्, "भारतले नेपालसितको कूटनीतिमा परिपक्वता र सजगता अपनाइरहेका बेला झन् असान्दर्भिक छ ।"

संघीय समाजवादी फोरमका नेताका रूपमा मुख्यमन्त्री राउत अहिलेको संविधानप्रति सन्तुष्ट छैनन् । प्रादेशिक अधिकारप्रति पनि असन्तुष्टि जनाउँदै आएका छन् । तर, आन्तरिक मुद्दा विदेशी पाहुनालाई सुनाउनुको कुनै अर्थ नहुने राजनीतिशास्त्री एवं पूर्वसांसद लालबाबु यादव बताउँछन् । "मुद्दा हाम्रै हो । समाधान खोज्ने हामीले नै हो," उनी भन्छन्,


महामहिम जी
अब मै आपका ध्यान प्रदेश न. २ मे आकर्पित करना चाहता हुं । यह प्रदेश आर्थिक रुपमे अत्यन्त पिछडा हुवा है । राज्य के द्वारा मधेशीयों के प्रति जारी विभेदकारी नीतियों और पूर्वाग्रह एवं विद्धेपपूर्ण मानसिकताके कारण से ही मधेश के लोग तुलान्तमक रुपमे अत्याधिक गरीबी, बेरोजगारी, अभावग्रस्त, शोपित एवं उत्पीडित जीवन जीने के लिए विवश है । मधेश विकासके मामले मे काफी पीछे रहा है । हमारी संघंप आज भी विभेदकारी सविधान और प्रादेशीक अधिकारों के लिए जारी है । हम नेपाल के अभिन्न अग है पर हम चाहते है की हमारे मुलुक मे भी विना भेदभावपूर्ण किसी भी जाती, वर्ग और समुदाय के लोग राज्य के हर तह, तप्का निकायमे उसका क्षमता और योग्यता से पहुंचनेका सहज अवशर मिले जैसे की महामहीम आप एक समान्य परिवारके होते हुए भी भारतके सर्वोच्च कार्यकारी पद पे विराजमान है ।

"संविधान अपरिवर्तनीय पत्थरको लकिर होइन । सरकारले पनि औचित्यका आधारमा संशोधन गर्ने भनेकै छ । घरभित्रको कुरा पाहुनाको अघिल्तिर नभन्नु पर्थ्यो ।"

नेपालको आन्तरिक मामिलामा अनावश्यक हस्तक्षेप गर्नु गलत थियो भनेर भारतले 'रियलाइज' गरिसकेको प्राध्यापक यादवको बुझाइ छ । "अनावश्यक हस्तक्षेपले दुई देशको सम्बन्ध चिसिएपछि रियलाइज गरेर भारतले नेपाल नीति फेरिसकेको छ । यस्तोमा मुख्यमन्त्रीले आफ्नो मुद्दा मोदीलाई होइन, जनतालाई सुनाउनु बुद्धिमत्ता हुनेछ," उनी भन्छन् ।

काठमाडौं विश्वविद्यालयका प्राध्यापक उद्धव प्याकुरेल संविधानमा रहेको मधेसको मतभेदलाई मुख्यमन्त्रीले अभिनन्दनको फोरमबाट प्रकट गरेको भन्दै त्यसलाई अतिरञ्जित ढंगले व्याख्या गर्न नहुने बताउँछन् । भन्छन्, "मुख्यमन्त्रीको मन्तव्यभन्दा भारतीय प्रधानमन्त्रीले प्रदेशलाई डाइरेक्ट सहयोग घोषणा गर्नु गम्भीर हो । आफैं मुख्यमन्त्री भइसकेका मोदीले त्यो मर्यादालाई ख्याल गरेनन् ।"

मुख्यमन्त्री राउत भने आफूले कुनै नयाँ कुरा नगरेको भन्दै मन्तव्यको बचाउ गर्छन् । "मैले कुनै नयाँ विषय बोलेको होइन । सदन र सडकमै बोलेका मधेसका कुरा गरेको हुँ," उनी भन्छन् । ◆

पानीमै बगे भारतीय वाचा

यी हुन् भारतले अलपत्र पारेका नेपाली आयोजना



विजयराज खनाल

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले १८ साउन ०७१ मा नयाँबानेश्वर-स्थित संसद् भवनमा भनेका थिए, 'पानी और जवानी पहाड मे नही रुकती !'

मोदीको कूटनीतिक सन्देश थियो- पहाड (नेपाल)लाई पानी रोक्न कठिन पर्छ । मोदीले त्यही समय नेपालको विद्युत् र पानी सित्तैंमा लिन नचाहेको पनि स्पष्ट पारेका थिए। नेपालको बाध्यता बुझेरै भारतले आफ्नो स्वार्थ अनुकूल हुने गरी यहाँको पानीको बहाव निर्धारण गर्ने जमर्को छाडेको छैन। भारत आफैंले अघि सारेका चार ठूला आयोजनामध्ये कुनैलाई वर्षौंदेखि अड्काइरहेको छ भने कुनैबाट हातै झिकेको अवस्था छ ।

सप्तकोसीमा २४९ र २६९ को विवाद

बेलायती शासन कायम रहँदै (विसं १९५०/सन् १८९३) सप्तकोसीमा आउने बाढीले भारततर्फ पार्ने प्रभाव रोक्ने प्रयास हुँदै आएको थियो। कोसीको प्रभाव सम्बन्धमा आएको पहिलो प्रतिवेदन प्रस्तुतकर्ता डब्लूई इङ्लिसले कोसीलाई यथास्थितिमै छाड्न प्रस्ताव गरेका थिए ।

भारतले विसं २००३ ताका पुनः एएन खोस्लाको नेतृत्वमा यस विषयमा अध्ययन गरेको थियो। बराह क्षेत्रमा बाँध निर्माणका लागि भएको त्यो अध्ययन नै हालको सप्तकोसी उच्च बाँध बहुद्देश्यीय आयोजनाको आधार मानिँदै आएको छ। २ सय ६९ मिटर अग्लो बाँध बनाउनुपर्ने अडान भारतले नछाडेपछि आयोजनामा कुनै प्रगति हुन सकेको छैन । यसलाई सदर गर्दा नेपालतर्फ संखुवासभाको तुम्लिङटार बजार र विमानस्थलसम्म डुबान पर्न सक्ने भएकाले यस विषयमा दुई देशबीच मतान्तर रहँदै आएको छ।

"जाइका नेपालले गरेको अध्ययनले सप्तकोसीको उच्च बाँध २ सय ४९ मिटरको हुँदा पर्याप्त हुने उल्लेख भए पनि यसमा सहमति जुट्न सकेको छैन," आयोजना प्रमुख प्रदीपकुमार साह भन्छन्।

सन् २००४ मा सप्तकोसीमा आएको बाढीका कारण करिब नौ सय भारतीयको मृत्यु र २१ लाख प्रभावित भएपछि नयाँदिल्लीले यसलाई उच्च प्राथमिकतामा राखेको छ । भारतले १ सय ९९ वर्षसम्म मर्मत अधिकार आफैंमा रहने गरी ५६ वर्षअघि नेपालकै सीमाभित्र हालको कोसी बाँध बनाएको थियो । विसं ०६५ मा यो बाँध फुटेपछि नेपाल र भारत दुवैतर्फ धेरै नोक्सान भयो ।

त्यसयता भारत सरकारका लागि सप्तकोसी उच्च बाँध निर्माण बाढी नियन्त्रण र सिँचाइ सुविधा प्रयोगको स्वार्थकै रूपमा सीमित भएको छ । "भारतकै लगानी हुने र उसैको ढाँचामा बन्नुपर्ने दबाबका कारण आयोजना २३ वर्षपछि पनि छलफलमै सीमित छ," साह भन्छन्।

सप्तकोसी उच्च बाँध आयोजना निर्माणमा करिब दुई खर्ब लागत अनुमान गरिएको छ। ३ हजार ३ सय मेगावाट विद्युत् उत्पादन हुने भनिएको आयोजनाले भारततर्फ ९ लाख ७६ हजार हेक्टर र नेपालतर्फ ५ लाख ४६ हजार हेक्टर सिँचाइ सुविधा पुग्नेछ। नेपालले जलमार्गको सम्भावना पनि यही नदीलाई आधार मानेर गरेको हो । कोसीदेखि कुरसेलासम्म जलमार्गको रूपमा यसलाई विकास गर्न सकिन्छ । तर, यसले कति गति लिन्छ भन्ने अवस्था छैन ।

आयोजनामा नेपालले जलविद्युत् र जलमार्गमध्ये 'फाइनान्सियल' वा 'इकोनोमिक' कुनबाट बढी लाभ पाउँछ, त्यसमा जोड दिनुपर्ने बताउँछन्, ऊर्जा मन्त्रालयका प्रवक्ता दिनेशकुमार घिमिरे। विस्तृत परियोजना रिपोर्ट (डीपीआर) बन्न बाँकी भएकाले दुवै पक्षको सहमति हुने गरी काम हुने अपेक्षा छ ।



तस्बिर : ईश्वर जोशी

भारदहस्थित कोसी ब्यारेज

पञ्चेश्वरका पाँच दशक

पञ्चेश्वर बाँधस्थलको पहिचान सन् १९५६ (विसं २०१३)मै भएको थियो। तर, २९ माघ ०५२ मा नेपाल र भारतबीच शारदा बाँध, टनकपुर बाँध र पञ्चेश्वर परियोजनासमेत महाकाली नदीको एकीकृत विकाससम्बन्धी सन्धि भयो।

सुरुआतमै 'राष्ट्रघाती सन्धि'का रूपमा प्रचार गरिएको उक्त सन्धिले विद्युत् उत्पादनमा भन्दा पानी प्रयोगमा जोड दिएको छ। तल्लो शारदा बाँधमा पानीको बहाव कम नहुने गरी आयोजना निर्माण गर्नुपर्ने भारतीय पक्षको दबाब र बढीभन्दा बढी विद्युत् उत्पादनमा नेपालको जोड रहेकाले आयोजना निर्माणमा ढिलाइ भइरहेको छ।

शारदा बाँधबाट भारततर्फ करिब १६ लाख हेक्टर जमिनमा सिँचाइ सुविधा पुगेको छ। सन्धिले शारदा बाँधबाट ३ सय ५० क्युसेक पानी कायम राख्ने अधिकार भारतलाई दिएको छ। "भारतले १ सय ६० किमि तलको तल्लो शारदा ब्यारेजमा भएको पानीलाई समेत आफूले प्रयोग गर्न पाउनुपर्ने अडान राख्दै आएको घिमिरेको भनाइ छ।

संयुक्त रूपमा निर्माण गर्ने भनिएको पञ्चेश्वरको डीपीआरसमेत टुंगो लागेको छैन। भारतको दुई तिहाइ र बाँकी लगानी नेपालको रहने भनिएको आयोजनाको भारतीय पक्षबाट दुईपटक र नेपालबाट एकपटक अध्ययन भइसकेको छ।

भारतीय कम्पनी वापकोसको पछिल्लो डीपीआर अध्ययनले तल्लो शारदासमेत उल्लेख गरेको पञ्चेश्वर विकास प्राधिकरण अध्यक्ष महेन्द्रबहादुर गुरुङ बताउँछन्। तर, सन्धिमा यसबारे कुनै विषय छैन।

भारतले प्रस्ताव गरे अनुसार बैतडीको पश्चेश्वर गाविसमा ३ सय ६५ मिटर अग्लो मुख्य बाँध बनाउँदा नेपालतर्फ ४ हजार ६ सय हेक्टर र भारततर्फ सात हजार हेक्टर जमिन डुबानमा पर्ने नेपालले तयार पारेको वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदनमा छ। यद्यपि, बाँधबाट कैलाली र कञ्चनपुरको ९३ हजार हेक्टर जमिनमा सिँचाइ सुविधा पुग्ने बताइएको छ।

पछिल्लो पटक नेपाल आफैंले सञ्चालन गरिरहेको चालू सिँचाइ आयोजनाबाटै पर्याप्त हुने भएकाले विद्युत् उत्पादनमा जोड दिइरहेको छ। विद्युत् उत्पादनको लागत मात्रै बेहोर्ने नेपालको अडान छ। तर, यस्तो विवाद सामान्य भएको बताउँछन्, प्रवक्ता घिमिरे।

६ हजार ४ सय ८० मेगावाट विद्युत् उत्पादन हुने र सहायक रुपालीगाढ ड्याममार्फत २ सय ४० मेगावाट विद्युत् उत्पादन गर्न सकिने प्रतिवेदनमा छ। भारत रुपालीगाढ बनाउन इच्छुक नहुँदा प्रक्रिया लम्बिँदै गएको हो। भारतको प्राथमिकतामा पूर्णागिरि बाँध थियो। भारतले सन् १९९५ मा गरेको अध्ययनमै पूर्णागिरि बाँधको प्रस्ताव गरेको थियो।

महाकाली सन्धिअघि नै बनेको शारदा बाँधको विकल्पमा भारतले टनकपुरमा पूर्वी एफलक्स बाँध निर्माण गर्दा पनि नेपालको तीन हेक्टर नेपाली भूमि प्रयोग भएकाले नेपाललाई सुख्खायाममा तीन सय र वर्षायाममा एक हजार क्युसेक पानी दिने भनिएको थियो। तर, टनकपुरमा भारतीय पक्षले निर्माण गर्नुपर्ने नहरसमेत अहिलेसम्म बनेको छैन। मंसिर ०६६ मा प्राधिकरण गठन गरिएको थियो। त्यसयता ६ पटकसम्म दुई देशका अधिकारीबीच वार्ता भएको गुरुङको भनाइ छ।

भारतले छाडेको नौमुरे

भारतीय पक्षबाट पहिलो पटक प्यूठानमा नौमुरे बहुउद्देश्यीय उच्च बाँध निर्माणको चासो प्रकट भएको थियो। तर, ३१ वर्षअघिको भारतीय स्वार्थ फेरिएपछि चासो हटेको छ।

राप्ती नदीको पानी सिँचाइका लागि सन् १९८४ मा भारतले लक्ष्मणपुर बाँध बनायो। यो नदीमा आउने बाढी नियन्त्रणका लागि भारतले सन् २००० मा कलकलवा एफलक्स बनाएपछि भारत बाढीबाट कम प्रभावित हुन थाल्यो। उसको नौमुरे बनाउने योजना पनि थाँती रह्यो।

यद्यपि, प्रधानमन्त्रीका रूपमा पुष्पकमल दाहाल 'प्रचण्ड'को भदौ ०६५ को भारत भ्रमणमा भारतले उपहारका रूपमा यो आयोजना बनाइदिने घोषणा गर्‍यो। तर, सिँचाइका लागि पानी बिहार लैजाने भारतीय प्रस्तावपछि सरकारले ०७१ बाट आफैंले आयोजना बनाउने निर्णय गर्‍यो।

नेपालले भने राप्तीको बाढीले तराईमा हुने डुबान रोक्न, सिँचाइ सुविधा पुर्‍याउन र विद्युत् उत्पादनका लागि यो आयोजना बनाउने योजना जीवितै राखेको छ। नौमुरे, दाङको बागास्वती र सौरी नाकामा तीनवटा बाँध बनाएर ३ सय ८८ मेगावाट विद्युत् उत्पादन गर्ने र करिब ३६ हेक्टर क्षेत्रमा सिँचाइ सुविधा पुर्‍याउने लक्ष्य नेपालको छ।

०४५ मै दुई वर्ष लगाएर आयोजनाको प्रारम्भिक अध्ययन सकाएको नेपालले हालसम्म यो आयोजनाको कुनै काम बढाउन सकेको छैन। यसको लागत करिब ३२ अर्ब (३२ करोड डलर) रुपियाँ हुने अनुमान थियो।

हुन त अहिलेको मूल्यमा यो आयोजना बनाउन मात्रै ६० अर्बभन्दा बढी लाग्ने अनुमान छ। यही कारण नेपाललाई स्रोत जुटाउन समस्या पर्न सक्छ। यद्यपि, नेपालले अहिले आफ्नै अनुकूल आयोजनाको विस्तृत अध्ययन गरिरहेको विद्युत् विकास विभागका प्रवक्ता बाबुराज अधिकारी बताउँछन्।

भारतको नेपालमा विद्युत्भन्दा पानी स्वार्थ बलियो बन्दै गएको छ। यही कारण भारतीय सरकारी र निजी क्षेत्रले वर्षौंदेखि नेपालका विद्युत् आयोजना ओगट्दै आएका छन्। तर, नेपालले भारतबाट ४ सय ५० मेगावाटसम्म विद्युत् आयात गर्नुपरेको छ।

हालै मात्र ऊर्जा मन्त्रालयले भारतीय कम्पनीले काम सुरु गर्न नसकेका ७ सय ४० मेगावाट बराबरका आयोजनाको अनुमति खारेज गरेको छ। अहिले पाँचवटा आयोजनामा भारतबाट प्रत्यक्ष वैदेशिक लगानी आए पनि माथिल्लो मर्स्याङदी-२ बाट सेयर स्वामित्व बेचेर भारतीय कम्पनी फर्किएको तथा माथिल्लो मर्स्याङ्दी-१ र मनाङ मर्स्याङ्दीबाट पनि हात झिक्ने तयारीमा छ। ♦

फलोअप

सिन्डीकेटबाट उन्मुक्ति !

सार्वजनिक यातायातमार्फत पहिलो सुरुआत

माधव बस्नेत

यातायात क्षेत्रको सिन्डीकेट कायम हुनुपर्ने माग राख्दै नेपाल राष्ट्रिय यातायात व्यवसायी महासंघले सवारी साधन ग्यारेजमा थन्क्यायो २१ वैशाखमा। केही घन्टामै देशभरबाट ३ सय ३६ व्यवसायी पक्राउ परे। भोलिपल्टसम्म त्यो संख्या १ सय ७६ पुग्यो। पक्राउ पर्नेमा महासंघ अध्यक्ष योगेन्द्रनाथ कर्माचार्य, वरिष्ठ उपाध्यक्ष विजयबहादुर स्वाँर, महासचिव सरोज सिटौला, उपमहासचिव वसन्त भण्डारी, कोषाध्यक्ष किरण खड्का र प्रदेश ३ संयोजक धर्मराज रिजाललगायत थिए।

सरकारले नियन्त्रणमा लिएका व्यवसायीलाई तत्काल मुद्दा चलाएन । तर, उनीहरूसमक्ष सर्त राखियो- सिन्डीकेट मान्दिनँ भन्ने कागज गरेर छुट्छौ वा अत्यावश्यक सेवा रोकेको मुद्दा चलाऊँ ? अत्यावश्यकीय सेवा सञ्चालन ऐन, २०१४ को दफा ४ मा अत्यावश्यक सेवामा हडताल गरे ६ महिना कैद वा दुई सय रुपियाँ जरिवाना वा दुवै सजाय हुन सक्ने व्यवस्था छ। हडतालमा प्रोत्साहन गर्नेलाई एक वर्ष कैद वा एक हजार जरिवानाको व्यवस्था पनि छ।

२३ वैशाख अपराहनसम्म हडताल पक्षधर व्यवसायी आइन्दा सिन्डीकेटका पक्षमा आन्दोलन गर्दैनौँ भन्ने कागज गरेर छुटे। त्यसअघि उनीहरूले सरकारले सिन्डीकेटलाई निरन्तरता नदिए २७ वैशाखबाट यातायात ठप्प पार्ने चेतावनी दिएका थिए । तर, उनीहरूको चेतावनीले प्रतिफल दिन सकेन ।

सिन्डीकेट तोड्न सरकारले लामै प्रयास गरेको बताउँछन्, गृह मन्त्रालयका प्रवक्ता तथा सह-सचिव रामकृष्ण रेग्मी । "यातायात व्यवसायीले संस्था दर्ता ऐन, ०३४ र संस्था दर्ता नियमावली, ०३४ मा टेकेर सिन्डीकेट लादिरहेका थिए," रेग्मी भन्छन्, "गृह मन्त्रालयको प्रस्तावमा मन्त्रिपरिषद् बैठकले त्यो ऐन, नियमावली खारेज गरिदिएकै दिनदेखि नवीकरण, दर्ता भएन । सिन्डीकेट खारेज गर्ने यही कदम महत्त्वपूर्ण बन्यो ।"

२३ वैशाखमा सरकारले राष्ट्र बैंकलाई पत्राचार गरेर २ सय ४५ वटा यातायात समितिको खाता रोक्का गऱ्यो । २३ वैशाखमै एमाले संसदीय दलको बैठकमा प्रधानमन्त्री केपी शर्मा ओलीले यातायातको मात्र नभएर सबै क्षेत्रको सिन्डीकेट तोडिने बताए। "सरकारले अब सबै क्षेत्रका सिन्डीकेट तोड्दै जान्छ," ओलीको भनाइ थियो।

सोही दिन उपभोक्ता हित संरक्षण मञ्चका अधिकारीसँग गृहमन्त्री रामबहादुर थापा 'बादल' ले पनि स्वास्थ्य र शिक्षा क्षेत्रको सिन्डीकेटसमेत तोड्ने वाचा गरेको स्मरण गर्छन्, मञ्चका अध्यक्ष ज्योति बानियाँ। मुलुकको अर्थतन्त्र दलाल नोकरशाह र माफियाको हातमा जान रोक्न पनि सिन्डीकेट तोड्नुपर्ने आवश्यकता थापाले औँल्याएको बताउँछन् बानियाँ।

२३ वैशाखमै कृषिमन्त्री चक्रपाणि खनालले सार्वजनिक गरेको ५८ बुँदे भावी कार्यदिशामा तरकारीको सिन्डीकेट तोड्ने विषय प्राथमिकतामा थियो। अहिले कृषकबाहेक कम्तीमा चार ठाउँबाट तरकारीमा सिन्डीकेट हुने गरेको छ।

अरनिको यातायात सेवा समितिका एक पदाधिकारीका अनुसार यातायात क्षेत्रमा सिन्डीकेट टिकाउन व्यवसायीले बलबुताले भ्याएसम्म शक्ति लगाएका थिए । त्यसका लागि अन्य क्षेत्रका सिन्डीकेट पक्षधरको समेत सहयोग रहेको खनालको धारणा छ।



तस्बिर : भास्कर ओझा

नदोहोरियोस् यो पीडा : गन्तव्यमा पुग्न भद्रकालीमा सवारी कुर्दै गरेका यात्रु

सिन्डीकेट समर्थक सांसद !

हत्या, अपहरण, शरीर बन्धक, राहदानी दुरुपयोग, मानव बेचबिखन, जवर्जस्ती करणीजस्ता गम्भीर फौजदारी अभियोग लागेर पुर्पक्षका लागि थुनामा गए पनि सांसदको पद निलम्बन नहुने प्रस्ताव संघीय संसद्मा प्रस्तुत भयो । जनस्तरबाट विरोध भएपछि नेकपा एमालेले उक्त प्रस्तावविरुद्ध संशोधन दर्ता गराएको छ । जबकि, यस प्रस्तावको मस्यौदा समितिका सभापति एमाले सांसद कृष्णभक्त पोखरेल थिए । २६ वैशाखको संसद् बैठकमा यो मस्यौदाबारे बोल्ने सांसद नेमकिपाका प्रेम सुवालबाहेक कोही भएनन् ।

चालू आर्थिक वर्षको दुई महिनाभित्र सकिने गरी प्रत्यक्ष निर्वाचित प्रतिसांसदले ३ करोड ५० लाख र समानुपातिक सांसदले ५० लाख खर्चिन पाउनुपर्ने माग राखिरहेका छन् । त्यसका लागि रकम निकासा गर्न सांसदहरूले अर्थमन्त्रीदेखि प्रधानमन्त्रीसम्मलाई दबाब दिइरहेका छन्, आ-आफ्नो निर्वाचन क्षेत्र, विकासे योजनामा सिन्डीकेटसरह । "सांसद नै सिन्डीकेटका पक्षमा छन् । उनीहरूको कसरी मुलुकको बृहत्तर विकासबारे सोच्लान् ?" अधिवक्ता ज्योति बानियाँ प्रश्न गर्छन् ।

यातायातको सिन्डीकेट टिकाउन सके त्यही नजिरलाई टेकेर आ-आफ्नो क्षेत्रमा रहेको सिन्डीकेट/कार्टेलिङ जोगाइराख्न सकिने व्यवसायीको दाउ थियो । यातायात व्यवसायीले ग्यारेजमा गाडी मात्र थन्क्याएनन्, प्रतिस्पर्धामा उत्रिएका लगानीकर्ता र सवारी साधनलाई गौँडा ढुकेरै आक्रमण गरे । सर्वसाधारणलाई सास्ती दिए । तर, यसपटकको उनीहरूको दादागिरी सरकारले निस्तेज पारिदियो । यातायात विभागका महानिर्देशक भट्टराई भन्छन्, "व्यवसायी सिन्डीकेट टिकाउन नसकेपछि मात्र पछि हटेका हुन् ।"

२३ वैशाख राती भौतिक पूर्वाधार तथा यातायातमन्त्री र यातायात व्यवसायी राष्ट्रिय महासंघबीचको वार्तामा सिन्डीकेट तोड्न सहमत भएको कागज गरे, व्यवसायीले । यातायातमा रहेको सिन्डीकेट तोडिएसँगै उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री मातृका यादवले पेट्रोलियममा भइरहेको सिन्डीकेट पनि अन्त्य गर्ने घोषणा गरेका मन्त्री यादव भन्छन्, "हरेक क्षेत्रको सिन्डीकेट अन्त्य सरकारको नीति हो । विनियमावली संशोधन गरेरै भए पनि पेट्रोलियम क्षेत्रको सिन्डीकेट अन्त्य गर्छु ।"

सिन्डीकेट हटाउँदा सर्वसाधारणबाट स्याबासी पाउने त भयो नै, यस क्षेत्रबाट ठूलो मात्रामा राजस्व गुमिरहेको सुइँको समेत पायो ओली सरकारले । पहिलो, प्रतिस्पर्धी व्यवसाय र दोस्रो, ठूलो मात्रामा राजस्व संकलन हुनेछ । अर्थमन्त्री युवराज खतिवडाले श्वेतपत्रमार्फत राज्यको ढुकुटी रित्तो छ भनेकाले पनि सरकारलाई राजस्व संकलन गर्ने छिद्र चाहिएको थियो ।

यसअघि जिल्ला प्रशासन कार्यालयमा संघ-संस्थाका रूपमा यातायात समिति दर्ता र नवीकरण गर्दा पनि न्यून रकम बुझाए पुग्थ्यो । तर, अब यस्ता समिति कम्पनी रजिष्टार कार्यालयमा दर्ता गर्दा ठूलो मात्रामा राजस्व संकलन हुनेछ । यातायातको सिन्डीकेट तोडेर राजस्व संकलन गर्ने नीति पनि अघि सारियो । राजस्व सचिव शिशिरकुमार ढुंगानाका शब्दमा यातायात व्यवसायीले संघ/सस्थामार्फत सार्वजनिक सवारी सञ्चालन गर्दा यातायातका साधनको सिसी क्षमता अनुसार वार्षिक १८ देखि २० हजार रुपियाँसम्म आयकर र नवीकरण गर्दा पनि अत्यन्त न्यून रकम तिर्दै आएका थिए । अब कम्पनीको रूपमा सञ्चालनमा आएपछि वार्षिक नाफा-घाटाका आधारमा आयकर तिर्नुपर्नेछ । यसबाट सरकारले पाउने आयकर बढ्नेछ । "सवारी साधन कम्पनी ऐन अनुसार सञ्चालनमा गएपछि ठूलै मात्रामा राजस्व संकलन हुन्छ," ढुंगाना भन्छन् ।

यसरी तोडियो जालो

यातायात सिन्डीकेट तोड्न धेरै निकायले प्रभावकारी भूमिका निर्वाह गरेका छन् । सिन्डीकेट/कार्टेलिङको जालो तोड्न अन्तर-निकाय समन्वय जरुरी हुन्छ । किनभने, एउटा निकायको संरक्षणमा मात्र सिन्डीकेट/कार्टेलिङ चलेको हुँदैन । यिनीहरूको 'नेक्सस' थुप्रै ठाउँमा जेलिएको हुन्छ । गृह प्रवक्ता रेग्मी भन्छन्, "एक-अर्को निकायबीच दरिलो समन्वय हुन सकेकाले यातायातको सिन्डीकेट तोड्न सहज भयो ।" हुन पनि विगतमा त्यस्तै समन्वय अभाव वा एउटा निकायले पहल गर्दा अर्कोले असहयोग गरेकै कारण सिन्डीकेटको जालो तोड्न सम्भव भएको थिएन । जस्तो कि, ०६२/०६३ को जनआन्दोलनपछिका यातायात विभागका महानिर्देशक शरदचन्द्र पौडेल अहिले राष्ट्रिय योजना आयोगको सचिव छन् । पौडेलले यातायातको सिन्डीकेट तोड्न ठूलै योजना बनाएका थिए । तर, कांग्रेस नेता कृष्णप्रसाद सिटौला नेतृत्वको गृह मन्त्रालयले उनलाई साथ दिएन । २४ घन्टा नबित्दै उनको सरुवा भयो । त्यसपछिका यातायातमन्त्री लेखराज भट्टले सिन्डीकेट तोड्ने प्रयास गरे पनि सफल भएनन् ।

यसपटक भने सिन्डीकेट तोड्न गृह मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, यातायात व्यवस्था विभाग, सुरक्षा निकाय, राष्ट्र बैंक, सम्पत्ति शुद्धीकरण विभाग, राजनीतिक दलका यातायात विभाग हेर्ने नेता सबैले आ-आफ्नो ठाउँबाट सहयोग गरे ।

यसपटक यातायातको सिन्डीकेट तोड्न पर्दापछाडिबाट 'हिरो'को भूमिका यातायात व्यवस्था विभागका महानिर्देशक रुपनारायण भट्टराईले खेले । यातायात क्षेत्रमा पहिलो प्रवेश भएकाले उनले केही न केही गरेर देखाउने अठोट लिए । विभागमा जानासाथै उनले कानुन कार्यान्वयन हुन नसकेका थुप्रै पक्ष भेटे । कानुनविपरीत यातायातमा सिन्डीकेट त थियो नै, भाडामा समेत उत्तिकै ठगी भइरहेको थियो । उनले झन्डै पाँच सय गाडीलाई कारबाही गरे । यद्यपि, भाडाको लुटमा छुट भएन । यातायात क्षेत्र सुधार्न भट्टराईले व्यवसायीसहितको बैठक राखेर जथाभावी नगर्नसमेत सचेत गराइसकेका थिए । तर, यातायात व्यवसायीले उनको आग्रहलाई टेरेनन् ।

भट्टराई भने आफ्नो मिसन अनुरूप नीतिगत सुधारमा निरन्तर लागिरहे । प्रधानमन्त्री ओली,

चार समितिका खातामै ५ अर्बभन्दा बढी !

"**कतिपय** व्यवसायीका खातामा विश्वास नै गर्न नसकिने पैसा छ," भौतिक पूर्वाधार तथा यातायातमन्त्री रघुवीर महासेठले २३ वैशाखमा उनीहरूको बैंक खाता रोक्का गर्न राष्ट्र बैंकलाई पत्र लेख्नुअघि भनेका थिए । पैसाकै आडमा व्यवसायीले सिन्डीकेट टिकाउन खोजेका थिए । उनीहरूले हरेक पार्टीलाई चन्दा दिएका छन् ।

यातायात व्यवस्था विभाग स्रोतका अनुसार पश्चिम यातायात व्यवसायी संघ, पृथ्वी राजमार्ग बस व्यवसायी संघ, ट्रक तथा कन्टेनर व्यवसायी संघ, अरनिको यातायात गरी चार व्यवसायी संस्थाका खातामा मात्रै ५ अर्बभन्दा बढी पैसा मौज्दात छ । देशभरका २ सय ४५ भन्दा बढी यातायात व्यवसायीका खातामा २० अर्बभन्दा बढी रकम मौज्दात छ ।

गृहमन्त्री थापा, प्रधानमन्त्रीका प्रमुख राजनीतिक सल्लाहकार, मुख्य सचिव, सरोकारवाला मन्त्रालयका सचिवलगायतलाई कहिले एकल त कहिले सामूहिक रूपमा सिन्डीकेटको जालोबारे बुझाए । प्रत्येक पार्टीबाट यातायात विभाग हेर्ने प्रमुखलाई समेत भेटेर समस्या राखे । एमालेका मुकुन्द न्यौपाने, माओवादी केन्द्रका लेखराज भट्ट र कांग्रेसबाट सीतादेवी गुरुङ यातायात विभाग हेर्छन् । उनीहरूले सिन्डीकेट हटाउने काममा आफूहरूको पूरा साथ-समर्थन रहने प्रतिबद्धता जनाए ।

प्रधानमन्त्री, गृहमन्त्रीदेखि लिएर सुरक्षा निकायका प्रमुखसम्मले ब्याक फोर्समा आफूहरू रहेको बताए । सबैको प्रतिबद्धतापछि यातायात सिन्डीकेटमाथि कारबाही थालियो । महानिर्देशक भट्टराई भन्छन्, "कानुन अभावमा सिन्डीकेट भत्काउन नसकिएको होइन । सिन्डीकेट तोड्न कानुन पर्याप्त छन् । इच्छाशक्ति अभावमा मात्र तोड्न नसकिएको हो । सबैको सहयोगका कारण सिन्डीकेट तोड्न सकिएको हो ।"

गृह स्रोतका अनुसार गृहमन्त्री थापाको यातायात व्यवसायीलगायत हरेक क्षेत्रमा सिन्डीकेट चलाइरहेका उद्योगी/व्यवसायीसँग बाक्लो उठबस नभएकाले पनि पहिलो धक्कामै यस क्षेत्रको जालो तोड्न सफलता मिलेको हो ।

यातायातको सिन्डीकेट तोडिएसँगै अन्य क्षेत्रको सिन्डीकेट तोड्न पनि सहज हुने गृह प्रवक्ता रेग्मी स्वीकार्छन् । भन्छन्, "प्रधानमन्त्री, गृहमन्त्री र सरोकारवाला निकायका मन्त्रीले सिन्डीकेट तोडेरै छाड्ने प्रतिबद्धता जनाइसक्नुभएको छ । सोही अनुसार सबभन्दा ठूलो यातायात क्षेत्रको सिन्डीकेट भंग भइसकेको छ । हामीले प्रत्येक जिल्लाका सिडियोलाई सबैखाले सिन्डीकेट तोड्न निर्देशन दिइसकेका छौं ।"

तोड्न बाँकी सिन्डीकेट

सतहमा यातायात क्षेत्र मात्र देखिए पनि सिन्डीकेट र कार्टेलिङ नभएको कुनै क्षेत्र नै छैन । शिक्षा, स्वास्थ्य, बैंक, गाडी खरिद, पेट्रोलियमदेखि पान पसलसम्म सिन्डीकेट छ । उदाहरणका लागि एनआईसी एसिया बैंकको घटना पर्याप्त छ । एनआईसी एसियाले सर्वसाधारणलाई बचत खातामा ब्याजदर बढाएर १० र मुद्दतीमा १२ प्रतिशत दियो ।

गाउँमा शाखा विस्तार बढाइरहेकाले सामान्य ग्राहकलाई आकर्षित गर्न ब्याजदर बढी दिने योजना अघि सारेको एनआईसी एसियाको तर्क थियो । तर, बैंकहरूको छाता संस्था नेपाल बैंकर एसोसिएसनले बैंकहरूले १० प्रतिशतभन्दा बढी ब्याज नदिने अनौपचारिक सहमति भएको भन्दै त्यसको विरोध गऱ्यो । बैंकरको सहमतिविपरीत बढी ब्याजदरको प्रस्ताव गरेपछि अन्य बैंकहरूले एनआईसी एसियालाई आपसी लेनदेन (अन्तरबैंक कारोबार) रोकेर कारबाही गरे ।

राष्ट्र बैंकको मध्यस्थतापछि एनआईसी एसियाले ब्याजदर घटाएर बचतमा ८ र मुद्दतीमा १० प्रतिशत दिने एसोसिएसनकै निर्णय मान्नुपऱ्यो । बैंकहरूले लामो समयदेखि साना निक्षेपकर्ताको पुँजी सस्तोमा उठाएर ठूलालाई बढी ब्याज दिइरहेका छन् । पछिल्लो पटक राष्ट्र बैंकले यसमा केही नीतिगत सुधार गरेपछि मात्र बैंकहरूले ब्याजदर बढाएर १० प्रतिशत पुऱ्याए । निक्षेपको ब्याजदर मात्र नभएर बैंकहरूको कर्जा ब्याजदर पनि समान रहेको पाइन्छ । जबकि, यस्तो कार्य प्रतिस्पर्धी तथा खुला अर्थतन्त्र विपरीत हो । बैंकिङ क्षेत्रमा यस्ता सिन्डीकेट बग्रेल्ती छन् ।

यातायातपछि सबैभन्दा ठूलो सिन्डीकेट शिक्षण संस्थामा छ । वैशाख तेस्रो साता शिक्षा मन्त्रालयले विद्यालय हाताभित्र पाठ्यपुस्तक, झोला, पोसाक बिक्री वितरण गर्न बन्देज लगाउने निर्णय गऱ्यो । त्यति मात्र नभई यसै शैक्षिक सत्रबाट बढाएको शुल्कसमेत फिर्ता गर्न लगाउने निर्णय गऱ्यो । तर, चैत दोस्रो सातादेखि वैशाख पहिलो साताभित्र विद्यालयले विद्यार्थी भर्ना गरी पाठ्यपुस्तक, पोसाक, झोलालगायत स्टेसनरी सामान बिक्री गरिसकेका थिए । मन्त्रालयले गरेका निर्णय कार्यान्वयन भए/नभएको अनुगमन कहिल्यै हुँदैन । निजी विद्यालय अभिभावक संघका अध्यक्ष सुप्रभात भण्डारी भन्छन्, "शिक्षा क्षेत्रको सिन्डीकेट यातायातको भन्दा जब्बर छ ।"

स्वास्थ्य क्षेत्रमा त झनै दोहोरो/तेहरो सिन्डीकेट छ । अस्पताल, उपचार, औषधि खरिद, बिक्री सबैमा सिन्डीकेट छ । निजी अस्पतालको मिलेमतोमै सरकारी अस्पतालले आफ्नो अस्पतालमा 'बेड' छैन भनेर बिरामीलाई निजी अस्पतालमा 'रिफर' गरिदिन्छन् । यसबापत पनि कमिसन मिल्छ, रिफरको सिफारिस गर्नेलाई । औषधि खरिद गर्ने स्थान पनि निश्चित पसल तोकिन्छ ।

फार्मेसिस्टसमेत रहेका उपभोक्ता अधिकारकर्मी बाबुराम हुमागाईंका शब्दमा स्वास्थ्य क्षेत्रमा यति ठूलो सिन्डीकेट/कार्टेलिङ छ, औषधि पसलको मुनाफाका लागि बिरामीले खान नहुन औषधिसमेत सेवन गर्नुपर्ने अवस्था छ । भन्छन्, "अस्पतालदेखि, औषधि उत्पादक संघ र बिक्री वितरणमा समेत सिन्डीकेट छ । यसलाई तोड्न सरकारले ठूलै हिम्मत जुटाउनुपर्ने देखिन्छ ।" ◆

Arogin
HEALTH CARE & RESEARCH CENTRE

World Class
HAIR TRANSPLANTATION

कपाल प्रत्यारोपण : जानकारी

कपाल प्रत्यारोपण एक आफ्नै टाउकोको पछाडिको भाग अथवा दाह्रीबाट कपालको जरा निकालेर अगाडी सार्ने प्रक्रिया हो । रोपिएको कपाल प्राकृतिक रूपले बढ्छ र यो हाम्रो सामान्य कपाल जस्तै प्रकृतिको हुन्छ ।

विश्वमा अहिले ३ वटा प्रबिधिबाट कपाल प्रत्यारोपण गरिन्छ जसमा FUT (Folicular Unit Transplant), FUE (Folicular Unit Extraction) र अहिले आएको र हाम्रो सेन्टरमा हुने IHT (Immediate Hair Transplantation) रहेका छन्।

कपाल प्रत्यारोपण एक सामान्य प्रक्रिया हो र यसमा कुनै अस्पताल भर्ना हुन पर्दैन ।

तालुपनबाट मुक्ति पाउनका लागि यो एक मात्रै उपाय हो ।

Type HAIR & SMS to **9801143423** for **FREE CONSULTATION**

Or call us on **01-44 23 423**

OUR OTHER SERVICES:

- Hair fall control
- Hair transplantation on scar
- Eyebrow transplantation
- PRP therapy for Hair
- Mesotherapy

कसले सम्पर्क गर्ने?

तालु खुइलिएको तर पछाडिको भागमा बाक्लो कपाल भएको पुरुषहरुले
अगाडीको भाग एकदमनै पातलो देखिदै गएको महिलाहरुले
- तन्नेरी अवस्थामा नै कपाल पातलो हुदै गएको युवावर्गले
- घाउचोट लागेर अथवा आगोले पोलेर बसेको दागमा
- कपाल रोप्न पर्ने।

बिहान ९:०० बजे देखि बेलुका ६:३० सम्म

For Appointment: **9801143423 / 9801143425**

WE ARE OPEN ON
SATURDAYS
TOO

AROGIN HEALTH CARE & RESEARCH CENTRE PVT. LTD

05, Bishalnagar, Baluwatar, Kathmandu
01 4423423 / 25 / 35
hairclinic@aroginhealthcare.com
www.aroginhealthcare.com

Finance Partner:
NABIL BANK

॥ केशव दाहाल

समाजवाद कि समृद्धि ?

समृद्धिको समयमा समाजवादको कुरा गर्नु जोखिम मानिन्छ । यद्यपि, अहिले भने यो जोखिम मोलौं । एक मित्रबाट प्रसंग सुरु गर्छु । उनी मनोहर मुस्तफा, बंगलादेशी हुन् । ढाकामा बस्छन् र आर्थिक न्यायका मुद्दामा अध्ययन/अनुसन्धान गर्छन् । समाजवादप्रति उनको गहिरो लगाव छ । त्यसैले नेपालको समाजवादी आन्दोलनका बारेमा मलाई सोध्छन् । कहिले इमेलमा, कहिले भेटमा । उनका प्रश्न हुने गर्छन्- नेपालमा समाजवादको भविष्य के छ ? के नेपाल दक्षिण एसियाकै पहिलो समाजवादी मुलुक बन्ला ? तर, मसँग उनका प्रश्नको कुनै गतिलो जवाफ छैन । पछिल्लो पटक मैले उनलाई लेखेँ, 'हाम्रो समाजवाद रक्सौलको रेल चढेर काठमाडौंतिर आउँदैछ ।' मैले उनलाई बुझाउन चाहेँ कि हाम्रा वामपन्थीहरू आज समाजवादमा भन्दा धेरै समृद्धिमा विश्वास गर्छन् । सबैतिर यसैको बहस छ, यसैको सपना छ । त्यसैले त रक्सौलबाट आउने रेलमा समाजवादको भन्दा समृद्धिको 'कन्टेन्ट' धेरै छ । पछिल्लो पटक उनले भने, 'समृद्धि आफैँमा पुँजीवादी कार्यक्रम हो । वामपन्थीहरू समाजवादी हुनु नै राम्रो ।'

कुनै बेला नेपालमा 'समाजवाद'को कुरा गर्नु निकै लोकप्रिय मानिन्थ्यो । त्यसैले कांग्रेस, कम्युनिस्टदेखि सामाजिक अभियन्ताहरू सबै समाजवादी । बेलाबेला घनश्याम भुसालहरू समाजवादमाथि संवाद चलाउँथे र बोल्नलाई प्रदीप गिरिहरू बोलाइन्थे । यस्ता संवाद कहिले साना कोठामा हुन्थे, कहिले सभाहलमा त कहिले खुला स्थानमा । त्यसो त नेपालको संविधान (०७२)मै 'समाजवाद' उल्लिखित छ । तर, दुर्भाग्य ! जब 'समाजवाद' संवैधानिक बन्यो, यसलाई सबैले छाडिदिए । त्यसयता व्यापक रूपमा 'समृद्धि'को परिचर्चा थालियो । यस्तो लाग्छ- अहिले मान्छे समृद्धिको सम्मोहनमा छन् । किन यस्तो भयो ? किन हाम्रा बडेबडे कमरेडहरू समाजवाद छाडेर समृद्धितिर लागे ? वामपन्थीहरूको लक्ष्य समृद्धि हो कि समाजवाद ? ठीक यही बिन्दुबाट समाजवाद र समृद्धिमाथि केही परिचर्चा गरौं ।

समृद्धि के हो ?

क्याम्ब्रिज डिक्सनरीको आशय छ, समृद्ध यस्तो अवस्था हो, जहाँ जनता सफल हुन्छन् । उनीहरूसँग पैसा हुन्छ । यसका लागि उत्पादन वृद्धि र रोजगारी सिर्जना हुनुपर्छ । क्याम्ब्रिजले जनता कसलाई भन्यो, त्यो महत्त्वपूर्ण हो ? किनभने, राजनीतिमा जनताको परिभाषा पक्षपातपूर्ण छ । कम्युनिस्टहरूले भन्ने जनता र पुँजीवादीहरूले भन्ने जनताको आशयबारे धेरै भन्नैपर्दैन । अक्सफोर्ड डिक्सनरी भन्छ, समृद्ध राज्य भनेको शान्ति र समृद्धिसहितको राज्य हो । प्रोफेसर सिमोन *एन् पेटेन थ्योरी आफ प्रस्पेरिटी*मा भन्छन्- समृद्धिका दुई आयाम छन् । पहिलो, सम्पत्ति आर्जनबाट प्राप्त हुने समृद्धि । दोस्रो, परम्परागत सम्पत्तिको उपयोगबाट प्राप्त हुने समृद्धि । द *इकोनोमिस्ट*मा प्रकाशित समृद्धिसम्बन्धी लेखहरू हेर्दा लाग्छ, गार्हस्थ्य उत्पादन नै समृद्धिको मुख्य सूचक हो । पश्चिमा विद्वान्हरू मूलतः आर्थिक सबलतालाई समृद्धि ठान्छन् ।

के यति मात्र समृद्धि हो ? नेपाली शब्दकोशमा समृद्धिलाई सौभाग्य, कुशल, यश, प्रताप, विजय, सफलता आदि भनिएको छ, जसको अर्थ हुन्छ- सफल बन, यश प्राप्त गर, विजयी बन आदि । निश्चय नै राजनीतिमा प्रयोग हुने शब्दको अर्थ र आशय प्रयोगकर्ताको मनोविज्ञान र समयमा भर पर्छ । हामीले समृद्धिलाई कसरी बुझेका छौं ? कसरी बुझाइएको छ ? यो महत्त्वपूर्ण पक्ष हो । वस्तुतः आमबुझाइले नै शब्दलाई जीवन दिन्छन् । त्यहीबाट शब्दहरूले अपिल गर्छन् र परिणाम आउँछ । यसरी हेर्दा हामीले समृद्धिलाई विकासको चमत्कारी अवस्था ठानेका छौं । यसको 'न्यारेटिभ' पनि त्यसरी नै स्थापित गरिएको छ । जस्तो कि, ठूला उद्योग खोल, रेल ल्याऊ, नेपाली झन्डासहित पानीजहाज चलाऊ, धेरैभन्दा धेरै कमाऊ । घरघरमा ग्यास पाइप । आफ्नै अन्तरिक्ष केन्द्र । मानौं कि ठूलो युद्ध होस् र हामीले जितौं । अमेरिकामा बाढी आओस् र सहयोग गर्न पाऊँ । हाम्रो राजनीतिले निर्माण गरेको समृद्धिको पछिल्लो चित्र यही हो ।

जब समृद्धिलाई अतिशय विकासको अवस्था मानिन्छ, त्यहीँबाट श्रमको दोहन सुरु हुन्छ । कमाऊ र फेरि पनि कमाऊ । जस्तो कि, कमाउनुबाहेक जीवनको अर्थ, उपादेयता र महत्त्व नै छैन । ठूलठूला परियोजनाबाहेक राज्यको कुनै स्वार्थ छैन । यसरी हेर्दा समृद्धिको

'प्रोजेक्ट' मूलतः 'पुँजीवादी प्रोजेक्ट' हो। यसले पैसाका लागि मान्छेलाई उत्प्रेरित गर्छ। राज्यको हकमा पनि यही हो। यसर्थ नै यान्त्रिक समृद्धिलाई समाजवादीहरू आलोचना गर्छन्। उनीहरूको तर्क छ, समृद्धि वितरणसँग सम्बन्धित व्यवस्था होइन। होसियारीपूर्वक काम गरिएन भने समृद्धिले सामाजिक न्याय पनि दिँदैन। त्यसैले प्रश्न गरिँदैछ कि कसको समृद्धि ? यो निकै जायज प्रश्न हो।

समाजवाद के हो ?

समाजवादको परिभाषा दिनु आवश्यक छैन। यो निकै चर्चित शब्दावली र राजनीतिक प्रणाली हो। विश्वमा समाजवादको बहस आजको होइन। मार्क्सबाट हेर्दा यो बहसले झन्डै दुई सय वर्ष छिचोल्दै छ। रवर्ट ओवेनबाट हेर्दा झन्डै २ सय ५० वर्ष। त्यसबेलादेखि आजसम्म नील नदीमा धेरै पानी बगिसक्यो। वाग्मती किनारमा समाजवादको बहस सुरु भएको पनि ७० वर्ष नाघ्यो। रोचक कुरा, विश्व राजनीतिमा 'समाजवाद'का अनेकौं प्रवृत्ति र धार देखापरे। चीनमा भन्ने गरिएको समाजवाद र नेपालका माओवादीको समाजवाद एउटै रहेन। नेपालमै कांग्रेसको समाजवाद र एमालेको समाजवाद उस्तै होइन। युरोपियनको समाजवाद र क्यारेबियनको समाजवाद अलग हो। तर, सबैखाले समाजवादले दिने साझा अर्थ हो, सामाजिक न्याय। हामी वर्गीय समानता र सामाजिक न्यायमा विश्वास गर्छौं भन्नेहरू आफूलाई समाजवादी भन्न रुचाउँछन्।

सामाजिक न्यायलाई स्थापित गर्ने संसारभर विभिन्न प्रणाली छन्। तर, समाज र यसको आधार तहलाई न्याय दिनुपर्छ भन्ने विश्वव्यापी सत्यलाई समाजवादले स्थापित गरेको छ। समाजवादीहरू ठान्छन्, न्याय मूलतः राज्यको दायित्व हो। यद्यपि, समाजवाद अझ बृहत्तर बन्दैछ। समाजवादमाथि नयाँ पुस्ताले बहस गरिरहेको छ। यस्तो बहसले आधुनिक, समुन्नत समाजवादी राज्यको परिकल्पना गर्छ। पछिल्लो समाजवादी अवधारणाले भन्छ, व्यक्तिको स्वतन्त्रता र सामाजिक दायित्वलाई सन्तुलित गर्ने व्यवस्था नै समाजवाद हो। यो राज्यको नियन्त्रणबाट होइन, बरू राज्यको नियमन र उत्प्रेरणाबाट बन्छ, जसमा जनताको प्रत्यक्ष संलग्नता रहन्छ। जनताले बनाउने समाजवाद सर्वहारा वर्गीय हुँदैन, मानवीय हुन्छ। त्यो यस्तो राज्य हो, जो समृद्ध मात्र हुँदैन, अझ न्यायपूर्ण हुन्छ। विश्लेषक भन्छन्- समाजवाद समृद्धिभन्दा उन्नत व्यवस्था हो। समृद्धिमा जब न्याय थपिन्छ, त्यो समाजवाद हुन्छ। अन्यथा समृद्धिको मात्र कुरा गर्नु पुँजीवादलाई आह्वान गर्नु हो। के नेपालका वामपन्थीहरू समृद्धिका नाममा विकासको 'कर्पोरेट मोडेल' स्थापित गर्न चाहन्छन् ?

समृद्धि कि समाजवाद ?

प्रश्न आउँछ, हामीले के रोज्ने ? समृद्धि र समाजवाद दुवै रोज्ने। किनभने, मान्छे सोच्छन्, समृद्धिबिना समाजवाद सम्भव छैन। समाजवादबिना समृद्धि सम्भव छैन। तर, सबै समृद्धि समाजवादतिर जाँदैनन्। समृद्धि र समाजवादले सबै बेलामा एकअर्कोलाई 'कम्प्लिमेन्ट' गर्दैनन्। यिनीहरूबीच टकराव पनि हुन्छ, जसबाट भनेजस्तो नतिजा नआउन सक्छ। विश्वमा धेरै देश समृद्ध छन्। तर, ती समाजवादी होइनन्। जस्तो कि, अरब मुलुक समृद्ध छन्। तर, त्यहाँ विभेद बढी छ। महिला दोस्रो दर्जामा छन्। मानव अधिकार र लोकतन्त्र कमजोर छ। धनी र गरिबबीचको असमानता तीव्र छ। धार्मिक अन्धता छ। अमेरिका समृद्ध छ। तर, त्यो समाजवादी मुलुक होइन। कतिपय देशहरू त्यति धेरै धनी छैनन्। तर, सामाजिक न्याय, लोकतन्त्र र मानव अधिकार बलियो छ। किनभने, ती समाजवादी छन्। हामी कस्तो बन्ने ? मूल प्रश्न यही हो।

समृद्धि र समाजवादको अर्थबोध गर्न अर्को घटना पनि सहयोगी हुन्छ। हाम्रा प्रधानमन्त्रीले भर्खरै भारत भ्रमण गरे। भ्रमणमा उनको प्राथमिकता के थियो ? निश्चय नै विकास र समृद्धि। अतः उनले रेल, सडक, पानीजहाजको कुरा गरे। तर, हाम्रा प्रधानमन्त्रीले नेपाली कामदारको पारिश्रमिक, बिमा, जीवन सुरक्षाको कुरा किन उठाएनन् ? हाम्रा प्रधानमन्त्रीको ध्यान सिमानामा हुने बाढी र डुबानतिर किन गएन ? भारतीयले सीमा मिचेर सुकुम्बासी बनाएका नेपाली किसानको कुरा किन आएन ? हाम्रा प्रधानमन्त्रीले कोसी ब्यारेज बनाउँदा डुबानमा परेका जमिनको मुआब्जा र क्षतिपूर्तिको कुरा किन गरेनन् ? किनभने, हाम्रा प्रधानमन्त्रीको मुख्य ध्यान समृद्धिमा छ। त्यसैले रेलको कुरा गरियो। यदि उनी समाजवाद र सामाजिक न्याय चाहन्थे भने कुरा अर्कै हुने थियो।

> **विकासको समतापूर्ण वितरण भएको समाजवाद चाहिन्छ। अन्यथा समृद्धिको बेलगाम घोडादौडले वामपन्थीलाई बिगार्नेछ।**

पुँजीवादी र समाजवादीबीच थप केही विवाद छन्। पुँजीवादी आरोप लगाउँछन्, समाजवादीहरू (पुरानो समाजवाद) राज्यको नियन्त्रणमा विश्वास गर्छन्। त्यसैले उनीहरू समृद्धिको विपक्षमा छन्। समृद्धि व्यापक स्वतन्त्रताको परिणाम हो। यता समाजवादी प्रश्न गर्छन् कि त्यो कसको स्वतन्त्रता हो ? समाजवादीको मत हुने गर्छ, समृद्धिको कुनै मन हुँदैन। भौतिक चमकदमक मात्र हुन्छ। अतः समृद्धिले आत्मिक सुख र सामाजिक न्याय दिँदैन। समृद्धिले बजारको स्वतन्त्रतालाई प्रवर्द्धन गर्छ र मान्छेलाई मेसिन बनाउँछ। बलिया र निर्धाबीच उही खेलको नियमभित्र प्रतिस्पर्धा हुन्छ भने को हार्छ ? यसैले नयाँ पुस्ताका समाजवादीहरू न्यायपूर्ण विकास, मानवता र स्वतन्त्रताको पक्षमा छन्। यो यान्त्रिक समृद्धिभन्दा धेरै नै माथिल्लो कुरा हो।

त्यसो भए वामपन्थीहरू समाजवादी हुनु नै राम्रो हो ? यदि हामी समृद्धिको कुरा गर्छौं भने ठीकै छ। तर, त्यो न्यायपूर्ण हुनुपर्छ। न्यायको, भुइँको पटक्कै कुरा नगर्ने, आधार तहका दुःख नबुझ्ने र ठूलठूला उडन्ते कुरा गर्ने 'समृद्धि' पुँजीवादी सपना हो। भनिन्छ, 'समृद्धि मूलतः उच्चतम आर्थिक वृद्धिसँग सम्बन्धित छ। समाजवाद उच्चतम सामाजिक न्यायसँग सम्बन्धित हुन्छ।' हामी के चाहन्छौं ? निश्चय नै सम्पूर्ण न्याय, विकासको समतापूर्ण वितरण र समाजवाद। अन्यथा समृद्धिको बेलगाम घोडादौडले हाम्रा वामपन्थीलाई बिगार्नेछ। वामपन्थी बिग्रिए भने के हुन्छन् ? त्यो समयले नै बताउला। ♦

उफ्, अवसाद !

डिप्रेसनपीडितलाई रोगीको व्यवहार गरे समस्या झन् झाँगिने

विभु लुइटेल

“तँ हिन्दी सिरियल हेर्छस्, नाच्छस्, खाना पनि पकाउँछस् । के तँ मर्द होस् ?” आभास कर्माचार्य, २९, ले बाल्यकालदेखि नै यस्ता प्रश्न सामना गर्नुपर्‍यो । समाजको दृष्टिमा मर्द बन्न चाहिने मापदण्ड के हो ? उनले कहिल्यै मेसो पाएनन् । यसैकारण उनले अवसाद (डिप्रेसन)को दिन देख्नुपर्‍यो । उमेरसँगै उनको ‘मर्दाङ्गी’माथि प्रश्न खडा गर्नेहरू बढ्दै गए ।

‘म मर्द होइन रहेछु तर मलाई मर्द बन्नु छ’ भन्दै आभास समाजमा ‘फिट’ हुनका लागि आफूलाई मन नलाग्दा नलाग्दै केटा मान्छेले गर्नुपर्ने भनिएका काम गर्दै गए । जबरजस्ती मेटालिका, लिंकिन पार्कका गीतका बोल कण्ठ गर्थे, टाउको दुखे पनि साथीभाइका माझ हेडब्याङ गर्थे, कहिलेकाहीं मन नभई–नभई फुटबल र क्रिकेट पनि खेल्थे । तर, केही समयमै आजित भएपछि उनी फेरि खाना पकाउन, नाचगान गर्न र समाजले ‘केटी’को काम भनेर छुट्याइदिएका काम नै गर्थे । अरूका अगाडि ‘मर्द’ बन्ने प्रयत्न गर्दागर्दै उनी साह्रै निराश हुन्थे ।

केही समयअघि आभासले महिनावारीमाथि एउटा कविता लेखे । फेसबुकमा त्यो कविता पोस्ट गर्दा उनको खिल्ली उडाउँदै धेरैले प्रतिक्रिया दिए, ‘यसलाई पनि महिनावारी हुँदो रै’छ है ।’ कतिले त उनी समलिंगी भएको लख काटे । उनमा ‘आइडेन्टिटी क्राइसिस’ अझै झाँगिदै गयो । उनी झन् डिप्रेस्ड हुँदै गए । मनोविज्ञको परामर्श लिन नचाहेका पनि होइनन् उनले । तर, परामर्शको खर्चले ढाड सेक्ने देखिएपछि हिम्मत जुटाउन सकेनन् ।

केही समयपछि आभासको जीवनमा एक साथीको प्रवेश भयो, जसले उनलाई डिप्रेसनबाट बाहिर आउन सहयोग गरिन् । परामर्शदाता पनि उनी नै भइन्, मौलिकताको महत्त्व सिकाइन् । उनैको हौसलाका कारण अहिले आभास ‘मर्द’ होइन, ‘मान्छे’ बन्न चाहन्छन् ।

विश्व स्वास्थ्य संगठनको पछिल्लो रिपोर्ट अनुसार संसारमा कुल जनसंख्याको चार प्रतिशत व्यक्ति डिप्रेसनग्रस्त छन् । यो अनुपात दिनानुदिन बढिरहेको छ । यो कुनै विशेष उमेर समूहमा मात्र नभएर हरेक उमेरका मान्छेमा देखिँदै आएको छ । साबिकको दिनचर्यामा परिवर्तन आउनु, कसैसँग घुलमिल गर्न मन नलाग्नु र स–साना कुरामा झिँझो लाग्नु डिप्रेसनका प्रारम्भिक लक्षण हुन् । मानसिक स्वास्थ्य तथा परामर्श केन्द्र (सीएमसी)को सर्वेक्षण कार्यक्रममा सहभागीमध्ये ६३ प्रतिशत व्यक्तिमा डिप्रेसन देखापर्‍यो । “समाजले डिप्रेसनबाट ग्रस्त व्यक्तिलाई मानसिक रोगीको ट्याग भिराइदिन्छ । त्यसैले धेरैजसो खुलेर बाहिर आउनै चाहँदैनन्,” वरिष्ठ मनोविद् करुणा कुँवर विष्ट भन्छिन् ।

नेपाल प्रहरीको तथ्यांक अनुसार नेपालमा

करिब पाँच हजार जनाले बर्सेनि आत्महत्या गर्ने गरेको पाइन्छ । उक्त संख्या हरेक वर्ष करिब १३ प्रतिशतले बढ्ने गरेको छ । आत्महत्या गर्ने लगभग ९२ प्रतिशत व्यक्तिको मानसिक स्वास्थ्यमा समस्या पाइएको छ ।

डिप्रेसन बढी उमेरका व्यक्तिमा मात्र सीमित छैन । काठमाडौँकी रोजिना देउजा, २२, मा सानै उमेरमा डिप्रेसन देखिएको थियो । चकचके स्वभावकी उनलाई आमाले कुटपिट गरी चकचक नगर्न भन्थिन् । यसले गर्दा उनको बाल मनोविज्ञानमा चोट पुऱ्यायो । आमाको कचकच सहनुभन्दा बरू मर्नु बेस भनी उनी ग्लिसरिन, कफ सिरप र अन्य औषधि खाई प्राण त्याग्ने प्रयास गरिरहन्थिन् । एकचोटि त पेपर कटरले हात काटिन्, आवेगमा मुड्की प्रहार गरी ऐना पनि फुटाइन् । आमासँगको सम्बन्धमा ह्रास आउँदै गएपछि उनमा बिस्तारै अन्तर्मुखीपन हाबी हुन थाल्यो ।

उमेर बढ्दै जाँदा आफूले आफैँलाई हानि पुऱ्याई गलत बाटोतिर हानिएको महसुस गर्न थालिन् । जति आफ्नाबारे सोच्थिन्, त्यति नै आफूप्रति माया बढ्दै गयो । अहिले भने उनी यस्ता समस्याबाट बाहिर आइसकेकी छन् । अहिले आमासँगको सम्बन्ध पनि राम्रो भइसकेको छ ।

डिप्रेसनलगायतका मानसिक रोगको सिकार पुरुषको तुलनामा महिला बढी हुने गरेका छन् । यसका पछाडि सामाजिक संरचनाभन्दा पनि महिलाको जीवनमा आउने विभिन्न घटनाक्रम जिम्मेवार देखिने गर्छन् । युवावस्थामा प्रवेश गर्दा, गर्भधारण गर्दा वा महिनावारीका क्रममा परिवर्तन हुँदा एक महिलाको शरीरमा हार्मोनको प्रवाह हेरफेर हुन सक्छ ।

ताराबहादुर काफ्ले (नाम परिवर्तन), ४१, करिब दुई दशकअघि डिप्रेसनमा भएको अनुभव सुनाउँछन् । स्नातकमा इन्जिनियरिङ गर्ने क्रममा उनी पुल्चोक क्याम्पसको छात्रावासमा बस्थे । परिवारको कमी महसुस भयो । उनी आफैँलाई डिप्रेसनमा पुगेको आभास हुन थाल्यो । लक्षण देखिनुअघि उनी क्रिकेट खेलाडी थिए । डिप्रेसनले छोपेपछि उनको क्रिकेट मोह हरायो । जीवनसँग उनको विरक्तता बढ्दै गयो, सबै कुरा अर्थहीन लाग्न थाले । सानाभन्दा साना कुराले पनि उनलाई सताउन थालेको महसुस भयो । "डिप्रेस्ड छु भनेर घरमा थाहा दिने आँट नै आएन । बरू परिवारलाई फोन गरेर अरू नै केही विषयमा कुरा गर्थें । त्यतिबेला मन हलुका हुन्थ्यो ।" उनले डिप्रेसनबाट बाहिर आउन अपनाएको तरिका सुनाए ।

ठिमी, भक्तपुरकी वर्षा श्रेष्ठ (नाम परिवर्तन), २५, लाई १८ वर्षको उमेरमा डिप्रेसनले समात्यो । त्यतिबेला उनलाई त्यो डिप्रेसन हो भन्ने थाहा थिएन । मिल्ने साथीहरू विदेश गइसकेका थिए, कोही जाने क्रममा थिए । उनी भने जीवनमा अब के गर्ने भन्ने सोचमा हराउँथिन् । केही काम नगरे पनि शरीरमा शक्ति छैन जस्तो अनुभव हुन्थ्यो । हातखुट्टा झम्झमाउँथे । केही नगर्दा पनि थकित महसुस गर्थिन् । भन्छिन्, "फेसबुक खोल्यो कि माला र खादा लगाई एयरपोर्टमा उभिएका कोही न कोहीका फोटा देखिन्थे । मसँग भविष्यका लागि केही योजना थिएन ।"

वर्षाले आत्महत्या गर्ने प्रयास नगरेकी पनि होइनन् । तर, एकैचोटि खाएको औषधिले उनको प्राण त लिएन, उल्टै कमजोर भने बनायो । अहिले उनी आत्मग्लानि गर्छिन्, "मैले जीवनको सुन्दर पक्ष नै देख्न सकिनँ त्यतिबेला, सधैँ नकारात्मक पक्षतर्फ मात्र ध्यान गइरह्यो ।"

केही समयअघि लिंकिन पार्क ब्यान्डका गायक चेस्टर बेनिङ्टनले आत्महत्या गरेपछि सिंगो संसार शोकाकुल भयो । नेपालमै पनि आलोक नेम्वाङ, अनिल अधिकारी (यमबुद्ध) जस्ता चर्चित व्यक्तिले डिप्रेसनका कारण आत्महत्या गरेपछि आममानिसमा केही त्रास उत्पन्न भयो । लाग्छ– हिसाबकिताब राख्न नसकिने बैंक ब्यालेन्स र जीवनमा अपार सफलता भए डिप्रेसनले कहाँ छुन्थ्यो र ? त्यस्तो हुँदो हो त दीपिका पादुकोण, करण जोहरजस्ता नाम चलेका बलिउड हस्ती डिप्रेसनको सिकार हुँदैनथे । संसारले भर्जिनिया उल्फ, सिल्भिया प्लाथ, अर्नेस्ट हेमिङ्वेजस्ता व्यक्तिलाई अल्पायुमै गुमाउनु पर्दैनथ्यो । मानसिक तनाव सामना गर्न सक्ने शक्ति सबैको एकैनास हुँदैन । त्यसैले आत्महत्या गर्नेलाई कमजोरको संज्ञा दिनुअघि त्यस्ता व्यक्तिले जीवनमा भोगेका समस्याबारे जानकार हुन आवश्यक छ ।

सहनशीलताले सीमा नाघेपछि जीवन त्याग गर्ने त छँदैछन्, त्यसैलाई आफ्नो ताकत बनाउने पनि छन् । डिप्रेसनपछि एलेन डिजेनेरसले 'द एलेन सो' ल्याइन् । अहिले कैयौँ मान्छे डिप्रेसनबाट मुक्त हुन उक्त कार्यक्रम हेर्ने गर्छन्, एलेनलाई आफ्नो 'रोलमोडल' मान्छन् । डिप्रेसनलाई परास्त गर्न संगीतको बाटो रोजेका एमिनेमका गीत सुनेर मानिस आफूमा साहस बटुल्ने गर्छन् ।

डिप्रेसन अचानक हुने कुरा होइन । चरणबद्ध रूपमा विकास हुँदै जान्छ । विकसित देशमा विद्यालय तहदेखि नै डिप्रेसन, बेफाइदा र यसबाट बाहिर आउने तरिकाबारे सिकाइन्छ । तर, नेपालमा उक्त तरिका अपनाउन सकिएको पाइँदैन । डिप्रेसनग्रस्त कसैलाई सहयोग गर्नुपूर्व उनीहरूलाई 'पागल', 'मानसिक रोगी'जस्ता नामबाट सम्बोधन गर्न छाडेनौँ भने समस्या अझ बढ्दै जानेमा कुनै शंका छैन ।

यसै सन्दर्भमा करण जोहरले आफ्नो आत्मकथामा लेखेका छन्, 'पश्चिमी राष्ट्रहरूमा डिप्रेसन ओभर-रेटेड छ, पूर्वका देशमा अन्डर-रेटेड ।' ◆

'मर्द' होइन, 'मान्छे' बन्न चाहन्छु ।

- आभास कर्माचार्य
स्ट्रिट फोटोग्राफर

उल्लू सफारी

राजकुमार बानियाँ
तस्बिर : रवि मानन्धर

पहिलो राष्ट्रिय वन्यजन्तु संरक्षण पुरस्कार पाए, संरक्षणकर्मी राजु आचार्य, ४७, ले। राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले यसै वर्ष राखेको १ लाख १ हजार १ सय ५ रुपियाँ थैलीको पुरस्कार चितवनका रेन्जर लक्ष्मण रायसँगै पाउनुलाई राजुले तीन दशकको सम्मानका रूपमा लिएका छन्।

खासमा फ्रेन्ड्स अफ नेचर अर्थात् प्रकृतिका साथीहरू नामक गैरसरकारी संस्थाका कार्यकारी निर्देशक हुन्, राजु। वन्यजन्तु संरक्षण क्षेत्रमा यसको नाम-काम विशेष छ। अफिस छ, काठमाडौँको तीनकुनेमा। १३ वर्षे संस्थाको अफिस खोलेको भने तीन वर्ष मात्रै भयो। "धेरैजसोको धन्दा पहिले अफिस खोल्ने, पर्दा हाल्ने र सोफा राख्ने हुन्छ," उनी भन्छन्, "तर, मेरा निम्ति अफिस भनेकै फिल्ड हो।"

उनलाई थाहा छ- बेलायतका नामी ओबीसी (ओरिएन्टल बर्ड क्लब) र रुफर्ड स्मल ग्रान्टको पनि अफिस

छैन । सबै अनलाइनबाटै काम चलाइरहेका छन् । तर, यहाँ यत्रो नाम चलेको संस्थाको अफिसै छैन भन्ने अवगालबाट बच्न नखोली धर पाएनन् ।

त्यसो त अफिसका बोस पनि उनै हुन्, पियन पनि उनै । सितिमिति अफिसमा भेटिँदैनन् । घर पोखरामा छ । फिल्ड कहिले कता, कहिले कता । कहिलेकाहीँ 'यो ट्राभल एजेन्सी हो ?' भनेर फोनमै सोध्दा पनि उनी दंगै पर्छन् ।

सन् २००५ मा राजधानीको स्किम कलेजबाट वातावरण व्यवस्थापनमा स्नातक गर्दा उनले त्यसको खासै 'स्कोप' देखेका थिएनन् । 'बूढा विद्यार्थी' राजुले साथीहरूसँग प्रस्ताव गरे- अब जागिर पाइँदैन । जागिर खाने ठाउँ आफैँ बनाउनुपर्छ साथी हो ।

राजु, कमल थापा, रामबहादुर मिजारलगायत नौ जना ताते र तयार भयो, प्रकृतिका साथीहरू । राजुका सूत्र थिए- अरू नभएको थलोमा जाने र अरू नहिँडेको बाटो समात्ने । अब बाघ, गैँडा, हात्ती र हिउँचितुवा होइन, बिलकुलै नयाँ प्रजाति र अरू नगएको थलो खोज्ने ।

प्रकृतिका साथीहरू पहिलो खेपमै उपल्लो हुम्लाको लिमी गए । राजु उल्लूतिर लागे, अरू साथी कोही ध्वाँसे चितुवा, कोही वन कुकुर र हिमाली भालुमा सल्किए । "वन्यजन्तु र समाजशास्त्रीय अनुसन्धानका लागि भर्जिन ल्यान्ड रहेछ, उपल्लो हुम्ला," उनी सम्झिन्छन्, "जीवनमा एकपल्ट पुग्नुपर्ने ठाउँ ।"

सरकार र डब्लूडब्लूएफ (वर्ल्डवाइड फन्ड फर नेचर कन्जरभेसन) ले मात्रै गरिरहेको क्यामेरा ट्र्‍यापको कामसमेत गर्‍यो, उनको संस्थाले । संखुवासभामा १ सय ७८ वर्षपछि सुनौलो बिरालो भेटायो । संस्थाले नयाँ पुस्ताका संरक्षणकर्मीलाई निःशुल्क वन्यजन्तुसम्बन्धी १९ दिने तालिम दिन थाल्यो । प्राणीशास्त्र पढेका विद्यार्थीले एउटा चरा पनि नचिन्ने स्थिति चिर्न राजुले ल्याए- ६ दिने सैद्धान्तिक र १३ दिने फिल्ड अवधारणा ।

संस्थाले बर्सेनि १० जनालाई कठोर वन्यजन्तु तालिम दिन्छ । त्यो तालिम पाउन सजिलो छैन । सोर्सफोर्स लगाउने सुरुमै 'रिडआउट' हुन्छन् । यसरी वन्यजन्तु अनुसन्धानमा ६६ उदीयमान संरक्षणकर्मी जन्मिइसकेका छन् ।

राजुको तालिम जंगी शैलीकै हुन्छ । प्रशिक्षार्थी बिहान ६ बजेदेखि राती १२ बजेसम्म लदाइन्छन् । कसैका लागि कालापानीको जस्तो त्यो सजाय जीवनभरि काम लाग्छ । "संस्थाको प्रतिप्रशिक्षार्थी ७५ देखि ८० हजार रुपियाँ खर्च हुन्छ," उनी भन्छन्, "यसपालिबाट शुल्क लिन थालेका छौँ, तीन हजार रुपियाँ ।"

संरक्षणकर्मी रोशन शेरचन प्रकृतिका साथीहरूलाई फिल्ड बायोलोजिस्टका लागि भरपर्दो खुला विश्वविद्यालय मान्छन् । "पछिल्लो पुस्ताका संरक्षणकर्मीका लागि यो सबैभन्दा भरपर्दो प्लेटफर्म हो," शेरचन भन्छन्, "यसबाट तालिम पाएका प्रशिक्षार्थी समुदायमा आधारित भएर संरक्षणमा अझ कर्मठ र पारंगत हुन्छन् ।"

संस्थाको जीवनमा कतिपय जोडिए, कतिपय तोडिए । राजु भने प्रकृतिका साथीहरूको भेट्नो समातेर बसिरहे । डब्लूडब्लूएफ, बीसीएन (बर्ड कन्जरभेसन नेपाल), विनरक इन्टरनेसनल आदिका अफरमा आकर्षित भएनन् ।

पोखरा, कुँडहरका बासिन्दा भए पनि राजु भारतको देहरादूनमा जन्मेछन् । उनका बुबा भारतीय सेनामा थिए । मध्यप्रदेशको जवलपुरस्थित सरकारी स्कुलमा ५ कक्षा पढेर पोखरा आउँदा उनलाई एबीसीडी पनि आउँदैनथ्यो । उता कक्षा ६ पछि मात्रै एबीसीडी पढाइन्थ्यो, यता ४ कक्षामै ।

एसएलसीपछि पोखराकै वनविज्ञान (फरेस्ट्री) क्याम्पस पढे उनले । फरेस्ट्री उनको भन्दा पनि आर्मी बाको छनोट रहेछ । "पहिले-पहिले दसैँमा आशीर्वाद दिँदा डाक्टर भएस्, इन्जिनियर भएस्, डीएफओ भएस्, पैसा कमाएस् भनिन्थ्यो," उनी हाँस्छन्, "फरेस्ट्री पढे सजिलै जागिर पाइन्छ भन्ने मनोविज्ञान थियो होला ।"

त्यतिबेलासम्म उनको रुचि साहित्यमा थियो । कक्षा ९ पढ्दा दुई थान उपन्यास लेखिसकेका रहेछन् । अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) मा रेन्जरको जागिर खान थालेपछि त्यो क्रम टुट्यो । जानेर या नजानेर, उनी जता गए पनि वन्यजन्तु र रूखमै ठोक्किए । कस्ता फुर्तिला रेन्जर भने फलानो वनमा डढेलो लाग्दा आगो निभाउन दौडे, ढिस्कानो गाउँमा मृग मारिँदा मान्छे समाउन हिँडे ।

गाउँलेको निसानामा पर्थ्यो, त्यही बबुरो रेन्जर । "हाकिम साबहरू यो र त्यो विकास दिन्छु मात्रै भन्ने," उनी सुनाउँछन्, "रूख काटे किन काटिस् ? चरा मारे किन मारिस् ? डढेलो लगायो, किन लगाइस् भन्ने त त्यही रेन्जर ।"

सिकलेसको गुरुङ समाजमा सामूहिक सिकारको चलन थियो भने वन्यजन्तु जोगाउने जिम्मा राजुको । त्यसका लागि ठाउँ-ठाउँमा सुराकी खटाउँथे । तिनैमार्फत गाउँका सबैजसो सूचना पाउँथे । दिनैपिच्छे कालिज, रतुवा मृग, डाँफेको सिकारबारे बैठक हुन्थ्यो ।

सिकलेसमा नामुद सिकारी रहेछन्, मेजा गुरुङ । *क्याराभान* फिल्मका निर्देशक एरिक भ्यालीले उनको मेजमानी खाएको थाहा पाए राजुले । मेजा कस्ता सिकारी भने पाहुनालाई 'आज के खाने' भनेर सोध्ने अनि श्रीमतीलाई 'तोरीको तेल तता, मसला पिँध' भनेर जंगलतिर लाग्ने ।

तिनलाई पनि चारपटक कारबाही गरे राजुले । रतुवा, घोरल र थारहरू मारेको अभियोगमा ६ महिना थुना परेर निस्के । एक्यापमा गड्याङगुडुङ भएपछि उनको सरुवा भयो जोमसोम । त्यसको खुसीयालीमा मेजाले बियर पार्टी गरेछन् । मृग मारेकामा आफूले कारबाही गरेका एक जनालाई त आफ्नै घरमा डेरा बसेको पाए उनले ।

सानो काँटीको तर नियम कडा भएको यी रेन्जर समुदायमा कति भिजेका थिए भने लोमान्थाङ (मुस्ताङ)की कार्यालय प्रमुख मञ्जुश्री थापाले एकपटक सम्झाइछन्, 'तिम्रो पब्लिक रिलेसन धेरै भयो । अलिक कम गर ।' त्यतिबेला ननिको लागे पनि अहिले उनलाई ठीकै लाग्छ त्यो कुरा ।

सन् २००० मा यूएनडीपीको परियोजना अन्तर्गत घान्द्रुक गएका वन्यजन्तु विशेषज्ञ करणबहादुर शाह, चरा विशेषज्ञ राजेन्द्रनरसिंह सुवालसँगको भेट नै उनको जीवनको 'टर्निङ प्वाइन्ट' बनिदियो । एक्यापका रेन्जरहरूलाई सोधियो- स्तनधारीमा को जाने ? सर्पमा को जाने ? चरामा को जाने ?

चरामा हात उठाए राजुले । संरक्षणकर्मी सोम आलेले भनिहाले, 'लौ राजु भाइ चरामा ।' त्यतिबेलासम्म उनी गिद्ध, काग, भँगेरा र परेवाबाहेक केही पनि चिन्थेनन् । सुवालको साथ लागेर डेढ महिना टेलिस्कोपमा चरा हेर्न पाए । चरा हेर्दाहेर्दै लोखर्के पनि देखियो ।

३५ सय रुपियाँ तलब थियो, १५-१६ सय हालेर दूरबिन किने । चरासम्बन्धी किताब किने । किताबका पाना पल्टाउँदै एक-डेढ घन्टा लगाएर चरा चिनेपछि जिन्दगीभरि बिर्सेनन् । चरामा कति एकोहोरिए भने अहिले 'उल्लू सर'का रूपमा प्रख्यात छन् ।

उनलाई कतिखेर उदेक लाग्छ भने कतिपयले प्याक्कै भनिदिन्छन्, 'डलरको खेती गरेको छस् है । कमाउनु कमाइस् ।' उनी भनिदिन्छन्, 'उल्लूमा के कमाउनू ? दुर्लभ सूचीमा पनि छैन, संरक्षित सूचीमा पनि छैन ।'

जर्मनीमा पढ्न बसेका बेला उनले एकाएक सम्झेछन्, उल्लूलाई । वर्ल्ड आउल ट्रस्टले फिलिपिन्समा काम गर्दो रहेछ । उनले नेपालमा

सहकार्यको प्रस्ताव पठाए । जवाफ आयो- तिमी स्वयंसेवी भएर काम गर्छौ ? उल्लूको अवैतनिक राष्ट्रिय प्रतिनिधि भएर फर्के राजु ।

एयरपोर्टमा ओर्लिनासाथ राजुमाथि जोक भयो- अहो ! विदेश पढेर के-के न भयो भनेको त उल्लूको प्रतिनिधि भएर आएछ । उल्लूलाई समाजले कसरी हेर्छ भन्ने कुराले बेस्सरी छोयो उनलाई । र, स्कुल-स्कुलमा चेतना शिविर र चित्र प्रतियोगिता गराए ।

ट्रस्टले दूरबिन र ५ लाख ८० हजार रुपियाँ पनि पठाइदियो । उनले मनाङ र मुस्ताङका १४ ठाउँमा गएर उल्लूको अध्ययन गरे । "परियोजनाले त्यसलाई उत्कृष्ट प्रतिवेदन भन्यो । तर, त्यसपछि कहिल्यै पैसा दिएन," उनी हाँस्छन्, "तिमीलाई सहयोग गर्न सकेनौं मात्रै भनिरहयो ।"

पैसा पाइयोस्, नपाइयोस्, उनले उल्लूको काम छाडेनन् । ध्वाँसे चितुवाको काममा जाँदा पनि छाडेनन्, धादिङमा रूख नाप्दा पनि । त्यस क्रममा उनले थाहा पाए- उल्लू त तीनदेखि २२ लाख रुपियाँसम्ममा तस्करी हुँदो रहेछ ।

तस्कर र दलालको अभिनय गरेर उनले त्यसको अवैध व्यापारको सञ्जाल तोडे । अहिलेसम्म अवैध रूपमा घरमा पालिएका ५० लाटोकोसेरो छुटाउन सफल भएका छन् उनी । पोखराको पचभैयाको चिडियाखानामा लगेर राखिएकामध्ये दुई-तीनवटा मरे ।

प्रकृतिका साथीहरूले ३० जिल्लामा गरेको अध्ययनमा बर्सेनि दुई हजार लाटोकोसेरो तथा हुचिल मारिने गरेको पाइएको छ । नेपालमा यसको संख्या यकिन नभए पनि २१ प्रजाति छन् । दिउँसो आराम गर्ने यो पक्षीलाई लक्ष्मीको वाहन मानिएको छ ।

तन्त्रमन्त्र, लक्ष्मीपूजामा बलि, होमियोप्याथी र यौनवर्द्धक औषधि बनाउने आदि नाममा यसको तस्करी हुँदो रहेछ । उल्लूको चर्चा वेददेखि कुरान र बाइबलसम्म छ । लाटोकोसेरो, हाप्सिलो, हुन्डुङ, हाहा, हुचिल आदि अनेक नाम छन् उल्लूका । सानो उल्लू लाटोकोसेरो हो भने ठूलो हुचिल ।

"आँखामा तीनवटा परेला हुने यो चरा भेटिनु वातावरण बिरामी नभएको सूचक हो," राजु भन्छन्, "चार महिनामा उल्लूको एउटा परिवारले तीन हजार मुसा खाएर किसानलाई सघाउँछ ।"

लाटोकोसेरो कि बाठोकोसेरो ? नेपालका लाटोकोसेराहरू, चरा : एक जानकारी र *चिरकालिज* किताबका लेखक राजुले संस्कृति, संरक्षण र स्थानीय खेलको सम्मिश्रण हुने गरी बर्सेनि तीनदिने लाटोकोसेरो र हुचिल महोत्सव गर्दै आएका छन् । धादिङको सान्कोष गाउँ, चितवनको मंगलपुर, नवलपरासीको अमलटारी, गोरखाको बारपाक, कास्कीको सिकलेस, कपिलवस्तुको जगदीशपुर र दोलखाको जिरीमा यसको सातौं संस्करण सम्पन्न भएका छन् ।

समुदायमा मिलेर घाइते तथा अलपत्र अवस्थाका लाटोकोसेरोको पुनःस्थापना केन्द्र स्थापना गर्न राजु नौ महिना भौंतारिए । उनको फाइल राष्ट्रिय निकुञ्ज तथा संरक्षण विभागमा थन्किएको वर्षौं भइसक्यो । तर, उल्लूको निरन्तर सफारीमा राजुलाई अमेरिकाको होस्टन नेचर सेन्टरले विश्वकै उत्कृष्ट लाटोकोसेरो संरक्षक घोषणा गर्‍यो ।

"त्यो कार्यक्रममा सहभागी भएपछि मात्र मलाई त्यसको उचाइ थाहा भयो, यस्तो गडगडाहट ताली बजाए कि रोकिँदै रोकिएन," सन् २०१४ मा 'वर्ल्ड आउल हल अफ फेम स्पेसल अवार्ड' पाएका राजु भन्छन्, "त्यतिबेलासम्म मलाई कसैले चिन्दैनथे । बुबाको करले पहिलो पटक मिडियामा आएँ । उल्लूमा काम गर्ने मान्छेका रूपमा मलाई सम्झनु नै लाख हो ।"

व्यावसायिक जीवनलाई उनी 'ब्ल्याक एन्ड ह्वाइट'मै हेर्छन् । को शत्रु, को मित्र ? उनको निर्णय पनि 'एक्ट्रिम' नै छ । कि 'एस्' कि 'नो' । 'एस्' र 'नो'बीचमा केही पनि छैन । नियमलाई एकदमै माया गर्ने राजुलाई बाटो काट्न पनि जेब्राक्रस नै चाहिन्छ, एक्लै हुनु किन नपरोस् ।

रमाइलो के भने, गीत जति सुने पनि शब्द सम्झना हुँदैन राजुलाई । त्यसैले संसारका कुनै भाषाका गीत भए पुग्छ उनलाई । किताबचाहिँ दुई-तीन वर्षमा एउटा मात्रै पढ्छन् । उनले पढेको पछिल्लो किताब सहपाठी कमलजंग कुँवरको *गैंडालाई चार वर्ष* रहेछ ।

"धेरै पहिले राम्रो छ मामा, तपाईंको किताब भन्दिएको थिएँ," उनी हँसाउँछन्, "किताबचाहिँ वर्षौंपछि मात्र पढें ।" वनविज्ञान क्याम्पस पढ्दा उनलाई सबैले भान्जा भन्दा रहेछन् ।

राजुलाई बूढो विद्यार्थी किन भनिएको भने उनको आईएस्सी र बीएस्सीबीच ११ वर्ष अन्तराल छ । एक्यापमा जागिरे छँदाको चार वर्ष मुस्ताङ बसे । गिद्ध र ब्वाँसोको अध्ययन त्यहीं गरेका हुन् ।

> जर्मनीमा दिगो वन व्यवस्थापन पढेका राजु आचार्य उल्लूको अवैतनिक राष्ट्रिय प्रतिनिधि भएर फर्किएछन् ।

उनको जीवन खोलाजस्तै छ- कहिले सोझो, कहिले घुमाउरो, कहिले बांगोटिंगो । कहिले भूमिगत, कहिले खुला । टफ जर्नी, रफ वेदरजस्तो यात्रा । राजेन्द्रनरसिंह सुवाल, करणबहादुर शाह र अक्सफोर्ड पढेका साथी यादव घिमिरे उनका प्रेरणा हुन् ।

जंगल जाँदा उनलाई घरको सम्झनाले खासै सताउँदैन । "बिहेबारी गरेर छोरा भए पनि मलाई मुस्ताङबाट पोखरा फर्कन पनि नौ महिना लाग्थ्यो," उनी सम्झिन्छन्, "यो मान्छे यस्तै जंगली हो भनेर परिवारले मलाई धेरै छुट दिएको छ ।"

एक छोरा र एक छोरीका पितालाई लामो समय जंगल जान नपाउँदा उकुसमुकुस हुन्छ । फिल्डको फिरन्ते जीवनमा उनी मानसिक र शारीरिक रूपमै स्वस्थ हुन्छन् । फिरन्ता शैलीमै हुम्लामा वनचौंरी खोज्दा पाँच दिनसम्म हिउँमा थुनिए । मुस्ताङमा चिरकालिज खोज्दा भीरबाट खसे । चितुवाका लागि थापिएको पासो भत्काउँदा सिकलेसमा गाउँलेले झन्डै मारेनन् । मुस्ताङका खर्कहरूमा १० महिना बसे ।

यी 'उल्लू सर'ले ब्वाँसो, कालिज, गिद्ध, वनचौंरी, वनगधा, ध्वाँसे चितुवा, चितुवा, हिउँचितुवा आदिका विषयमा समेत प्रशस्त अध्ययन-अनुसन्धान गरेका छन् । "म झन्डै ५० जिल्ला घुमें । उपल्लो धादिङदेखि गोरखाको मान्बुसम्म सातदिने पैदल यात्रामा कतै वन्यजन्तु देखिएनन्," उनी प्रश्न गर्छन्, "वन्यजन्तुबिनाको प्रकृति मृतसरह हुन्छ । कामै नगरी हरियो बोर्ड झुन्ड्याउनेहरू त्यता कहिले पुग्छन् ?"

नेपालमा वातावरण व्यवस्थापन, जर्मनीमा दिगो वन व्यवस्थापन र बेलायतमा कृषि वन गरी तीन विषयमा एमएस्सी गरेका राजुलाई नामअगाडि 'डा' गाँस्ने रहर कहिल्यै भएन ।

स्कोरपियोमा होइन, स्कुटरमा हिँड्छन् राजु । यो नै उनको असली परिचय हो । 'हाइराकी मेन्टेन'भन्दा उनको ध्यान 'एक्सन'मा छ । कहिले कपाल र दाह्री पालेका हुन्छन्, कहिले दाह्री र कपाल दुवै फालेका हुन्छन् । जे पाले पनि, जे फाले पनि उनको सरोकार वन्यजन्तु र प्रकृति नै हो । फरक कति भने राजुसँग स्कुटर छ, कार्यक्रम पनि छ । अरूसँग स्कोरपियो छ तर कार्यक्रम छैन । ♦

मेरो अफबिट आलमारी

मेरो बोलीचालीमा हिन्दी लबज किन आउँछ भने भारतमा बसेँ लामो समय। मेरो त कामै किताब पढ्ने र रेडियो सुन्ने भइदियो। यता नआउन्जेल नेपाली पढ्नु पनि परेन, लेख्नु पनि परेन। एकवर्षे बीएड र स्नातकोत्तर यतै अनि एमफिल र पीएचडी अमेरिकामा अंग्रेजीमा गरेँ। त्यसपछि मात्रै नेपालीमा लेख्न थालेकी हुँ। तर, संस्कृतमा स्नातक गरेकीले खासै अप्ठ्यारो भएन।

त्यो संस्कृत-मोह थिएन, बरू अंक-मोह होला। संस्कृतमा गणितमा जस्तै नम्बर आउँथ्यो। त्यही पृष्ठभूमिका कारण 'लिटेरेरी एक्टिभिजम' गर्न सकेकी छु। अधिकांश नेपाली शब्द पितृसत्ताका उपज भएकाले मैले कठपुतलीलाई कठपुतला र पोइलालाई जोइलामा बदलिदिएँ। अहिलेको जमानामा अर्बपति-खर्बपति मात्र किन ?

म प्रायः आफ्नो विचारलाई चुनौती दिने खाले किताब खोज्छु। कालान्तरमा त्यसले मलाई नै मद्दत गर्छ। म चाहन्छु- सहमति, विमति र चुनौती सँगसँगै आऊन्। एकचोटि पढेर थन्काइने किताब मेरो र्‍याक (आलमारी)मा हुन्नन्। मलाई घरीघरी पढेर फुटाल्नैपर्ने किताब चाहिन्छ।

म आफूले नपढेका किताबको समीक्षा पनि पढ्दिनँ। तर, पढ्न थालेपछि अधुरै छाड्दिनँ। केही त होला भनेर अन्त्यसम्म धाउँछु। नेपाली साहित्य पढेर म खासै खुसी हुन्न। आफूले खोजेको खुराक पाएको भए त *कठपुतला* लेख्ने नै थिइनँ। र, आफ्नो किताब कसैले रातभरि पढेर सकेँ भन्यो भने साह्रै दुःखी हुन्छु।

कठपुतला लेखिसकेपछि मैले पढेँ, *अन्तर्यात्रा : निर्मल वर्मा*। निर्मल वर्माका रचना-आलोचनाको ठेली। यी कथाहरू मभन्दा पहिले जन्मेका रहेछन्। सन् १९६५ मै उनले कथा-साहित्यको संवाद, पात्रचित्रण, कथानक आदिका घेरा तोडेका रहेछन्। पाठकलाई सोच्ने खुला ठाउँ छ। संवाद छैन कथामा। भए पनि कथासँग कुनै साइनो छैन। पात्र चित्रण पनि छैन, पात्रको नाम पनि छैन। कहाँको प्लट भन्ने पनि थाहा छैन। कथाहरू एउटा क्षणको फोटो वा प्रभावजस्तो मात्र लाग्छन्। बेग्लै इम्प्रेसन बोकेका छन् हरेक कथाले। कथाकारको पाइला पछ्याउने भन्दा पनि आफैँ बुझ्ने कोसिस गर्छ पाठकले।

अर्को किताब छ, *अ लाइफ हिस्ट्री अफ राहुल सांकृत्यायन*। युनिभर्सिटी अफ भियनाकी नेपाली प्राध्यापक अल्का आत्रेय चुँडालको त्यो पुस्तक अक्सफोर्ड प्रेसले छापेको रहेछ। यसमा राहुलको नेपाल-सम्बन्ध के थियो ? यहाँबाट कसरी तिब्बततिर जान्थे ? एकपटक उनले महाकवि लक्ष्मीप्रसाद देवकोटाको मानसिक सन्तुलन खलबलिएकाले राँची लैजानुपर्ने कुरा लेखिदिएछन्। त्यसमा चित्त दुखाएर देवकोटाले रातारात कविता लेखेछन्, 'जरुर साथी म पागल।' भोलिपल्ट त्यो कविता सुनाउँदा उनको रिस मरिसकेको थियो रे!







अर्चना थापा
कथाकार

किताब पढ्दाखेरि थुप्रै प्रश्न आउँछन् मेरो दिमागमा। राहुलले तिब्बतबाट थुप्रै ग्रन्थ लगेर भारत पुर्‍याएका रहेछन्। नेपालमा आउँदा बौद्ध गुम्बामा बस्दा रहेछन्। यहाँबाट उनले कति ग्रन्थ लगे होलान् ? त्यसरी ग्रन्थ लैजान मिल्छ कि मिल्दैन ? चोरिएका मूर्तिको फिर्तीजस्तै ती ग्रन्थ फर्केलान् ? अल्काको किताबमा ऐतिहासिक पक्ष मात्रै छन् तर आलोचनात्मक पक्ष छैन।

उनकी नेपाली श्रीमती कमला सांकृत्यायन पहिले राहुलकी टाइपिस्ट रहिछन्। भारतीय र रसियन महिलासँग विवाह गरिसकेका उनले धेरै कान्छी उमेरकी कमलासँग कसरी घरजम गरे ? कमला र छोरीसँग भेटे पनि महिलाका कुरा छैनन् किताबमा। कहिले आर्य समाजी, कहिले बौद्धमार्गी हुन सक्ने राहुलबारे नेपालबाहिर बसेर गरिएको यो शोध सामान्य होइन।

मलाई पुरानो अवधारणामा काम गर्न मन लाग्दैन भन्ने थाहा पाएकी विदेशी प्रोफेसर साथीले एउटा कविताकृति पठाइदिएकी थिइन्, *एटलस अफ द पोयटिक कन्टिनेन्ट* (पाथवेज टू इकोलोजिकल सिटिजन)। साँच्चै मैले खोजेजस्तै मानसिक मानचित्रबारे लेखिएका कविता रहेछन्। हामी धेरैजसो एकअर्कालाई बुझाउन म यताको हुँ, तँ उताको होस् भनेर कृत्रिम पर्खाल ठड्याउँछौँ। यी कविताले यो र त्यो, म र तँबीच जोड्ने साँघुको काम गर्छन्।

हाम्रो परिभाषामा यस्तो त कविता नै होइन। जस्तो : 'माई ल्यान्ड' शीर्षकको कविता खाली छ। यसको अर्थ महिलाको भूमि नै छैन भनिएको हुन सक्छ। कवितासँगै मानसिक चित्र पनि कोरिएको छ। शब्द पर्याप्त नहुँदा लाक्षणिकता वा सांकेतिक चिह्न उपयोग हुन्छन्। यो कविताकृति शैली स्याक्स (महिला) र उल्फग्याङ जुमडिक (पुरुष)ले लेखेका हुन्। तर, कुन कविता कसले लेखेको भन्ने थाहै हुन्न। ◆

पुस्तक अंश

गैरसरकारी कि गैरजिम्मेवारी ?

■ सुजीव शाक्य

विकासे क्षेत्रमा घोषित समावेशीकरणको ढोङ र परनिर्भरताको मानसिकता राम्रैसँग देखिन्छ। तिनले विकासको भ¥याङको सबैभन्दा तल्लो खुड्किलोमा छन् स्थानीय एनजीओहरू। आधार भूत रूपमा प्रपोजल लेखेर, समस्या पहिचान गरेर र समाधानका उपाय दिएर आफूलाई टिकाइरहेका हुन्छन्। यी संस्थाहरू एकपटक स्थापना भइसकेपछि बिस्तारै माथिल्लो तहमा पुग्छन् र विशेष परियोजना सञ्चालन गर्न सक्छन्। तिनको प्रपोजलमा समस्याप्रति चाख देखाइन्छ र बजेटसहित विभिन्न संस्थामा पेस गरिन्छ। त्यो भ¥याङको माथिल्लो सिँढीमा प्रायः पश्चिमा दाता, आईएनजीओ, द्विपक्षीय र बहुपक्षीय दातृ निकाय हुन्छन्। प्रपोजल स्वीकृत हुने/नहुने दाताको प्राथमिकता क्षेत्रमै निर्भर छ।

बजेट पाउने संस्थाको विश्वसनीयता, इतिहास र नेटवर्कमा पनि त्यो भर पर्छ। एकपटक छनोट भइसकेपछि विस्तृत डकुमेन्टेसन अभ्यास सुरु हुन्छ। त्यो भनेकै परियोजना कार्यान्वयनको अभिलेख प्रमाण हो। तिनका दुवै हातमा लड्डु हुन्छ। परियोजना असफल भयो भने धेरै सिक्नु छ भन्ने पाठ। सफल भइहाल्यो भने परियोजना बिस्तारको सम्भावना। त्यसरी तयार भएको प्रतिवेदन वा डकुमेन्ट पनि पछिका लागि काम लाग्ने वस्तु हो। त्यसैलाई हेरेर माथिल्लो व्यवस्थापन करदाताको पैसा सदुपयोग भएको सम्झिँदै निर्धक्क सुत्न सक्छ। त्यो डकुमेन्ट अरूलाई काम गरेको देखाउने प्रमाण पनि हो।

०७४ असारसम्म नेपालमा ४६ हजार २ सय ३५ एनजीओ र २ सय ६० आईएनजीओ समाज कल्याण परिषद्मा दर्ता छन्। अधिकांश काम एनजीओले नै गर्ने भए पनि उनीहरूप्रतिको दृष्टिकोण राम्रो छैन। महाभूकम्प (०७२) पछि मात्रै ५० भन्दा बढी आईएनजीओ दर्ता छन्। बजेटको सीमितताले यी एनजीओसँग राम्रा कर्मचारी नियुक्त गर्ने वा ठेक्का लिन सक्ने हैसियत छैन। तर पनि उनीहरूले धान्नै नसक्ने गरी रिपोर्टिङका माग आउँछन्। धेरैजसो अवस्थामा उनीहरूको कामको सफलता गरेको काममा होइन, लेखिएको प्रतिवेदनको गुणस्तरमा भर पर्छ। उदाहरणका लागि उत्तरी मनाङमा खानेपानी र सरसफाइ परियोजना लक्ष्यअनुसार शौचालय बनाउन सफल भएको ठानियो। तर, बनाएको ६ महिनामै कुनै पनि शौचालय प्रयोग गर्न लायक रहेनन्। ती शौचालय ढुंगाले भरिए। परियोजना चलाउनेले स्थानीय चालचलन बुझ्न सकेनन्। त्यो क्षेत्रमा पानी वा ट्वाइलेट पेपरको साटो ढुंगा प्रयोग हुन्थ्यो।

प्रतिवेदनमा मात्रै अत्यधिक भर पर्ने प्रवृत्तिका कारण साना एनजीओहरूलाई पाएको बजेटको ठूलो हिस्सा प्रतिवेदन लेख्नमै खर्च गर्नुपर्ने बाध्यता



छ। त्यसका लागि महँगो रकम तिरेर राम्रो अंग्रेजी भएका कन्सल्ट्यान्ट नियुक्त गर्नुपर्ने अवस्था छ। नेपाल प्रतिव्यक्ति प्रतिवेदन संख्या उच्च भएको मुलुक भनेर पनि कतिपयले दाबी गरेका छन्। नेपाल 'परियोजना मानसिकता'बाट ज्यादै ग्रस्त छ। यो मानसिकताले यथार्थमा भएका कामलाई होइन, रिपोर्टलाई नै वास्तविक काम ठान्छ।

परियोजना मानसिकताले दलाल मनसायलाई बढावा दिने काम गरेको छ। यस्तो मानसिकता सरकारी स्वामित्वका संस्थान र सरकारी कर्मचारीतन्त्रमा समेत हाबी छ। सरकारमा जो-जो यो मानसिकताबाट ग्रस्त छन्, उनीहरू समस्याको बीउ रोप्न थाल्छन्। त्यसो गर्दा समस्या समाधानका कार्यक्रमलाई निरन्तरता दिनुपर्ने औचित्य पुष्टि गर्न सकिने। कार्यक्रमले पनि निरन्तरता पाउने। आफ्नो सिटसमेत सुरक्षित रहने। समस्या देखाउने प्रवृत्तिका पछाडि अरू पनि तर्क छन्। समस्या समाधानका लागि जति लामो समय लगायो, उति नै बढी प्रतिवेदन लेख्नुपर्ने। ती प्रतिवेदनले कामको बोझ कम गर्ने। तलबभत्ता भने मिलिरहने। काम गर्ने त परियोजना देखाउने बेला, निरीक्षण गर्न आउँदा वा बजेट बढ्ने सम्भावना रहँदा मात्रै। पूरै विकास क्षेत्र नै आत्मनिर्भर र स्वतन्त्र छैन- जताजता बाहुन बाजे, उताउता स्वाहा। जता सहयोग बग्छ, उतैतिर कामकाज ढाल्नुपर्ने। आईएनजीओहरूले आफ्नै स्रोत भए पनि बहुपक्षीय र द्विपक्षीय संस्थाले दिने ठूलो रकमको व्यवस्थापकका रूपमा भूमिका निभाउन थाले। केही विद्वान्ले माथिल्लो तहमा अत्यधिक रकम थुप्रिने गरेको आरोप पनि लगाएका छन्। उनीहरूका अनुसार लक्षित समूहमा भने चुहिएर मात्रै रकम पुग्ने गर्छ।

अक्सर एनजीओहरूको काममा दोहोरोपनाको समस्या देखिन्छ। एउटै काम धेरै संस्थाले गरेका छन्। त्यो कुरा सम्बन्धित एनजीओलाई पनि थाहा छ। तर, काम छाड्नासाथ उसले रोजगारी गुमाउनुपर्छ, जुन ऊ चाहँदैन। सबै काम-कारबाहीलाई औसत बनाइन्छ। अति सफल हुँदा रोजगारी नै गुम्ने डर। ज्यादै कमसल हुँदा फन्ड नै नपाउने जोखिम। दाता आफैँले पनि नेतृत्व छिटोछिटो परिवर्तन गरेर त्यो अवस्था बनाउँछन्। हरेक तीन वर्ष वा त्यस्तै समयमा संस्थामा नयाँ निर्देशक ल्याउँछन्। नयाँ निर्देशकसँगै नयाँ एजेन्डा भित्रिन्छ। काम गर्ने तौरतरिका र अभिरुचि बदलिन्छन्। त्यसरी आउने हरेक नयाँ नेतृत्व अनुकूल नेपाली कर्मचारीले आफूलाई ढाल्नुपर्ने हुन्छ। यसको उदाहरण हो, नेसनल भिजनिङ एक्सर साइजको सञ्चालन। यो विश्व बैंकका एक प्रमुखको प्रोत्साहनबाट सुरु भयो। तर, नेतृत्व परिवर्तन भएपछि त्यसलाई निरन्तरता दिन बजेट उपलब्ध भएन।

सशस्त्र द्वन्द्वले विकासे क्षेत्रका सबै असफलतालाई ढाकछोप ग¥यो। असफल गरिबी न्यूनीकरणको अभियानबाट सरेर द्वन्द्व समाधान र मानव अधिकारतिर खुट्टा राख्न विकासे संस्थालाई सजिलो भयो। कार्यक्षेत्र नगएरै महँगा होटलमा सेमिनार गर्न पनि छुटकारा मिल्यो। द्वन्द्वको मूल जरो गरिबी हो भन्दै छलफल गर्ने निहुँ पनि भयो। ◆

(नेपा~लयले भर्खरै प्रकाशन गरेको *अर्थात् अर्थतन्त्र : नेपाली इलम र उद्यमको यात्राबाट*। अर्थ मामिलामा कलम चलाउने शाक्य नेपाल आर्थिक मञ्चका अध्यक्ष हुन्।)

कमजोर सत्यकथा

■ **जनक नेपाल**

वि सं ०७४ अन्त्यमा पुस्तक बजार तात्ने गरी चर्चामा आयो, *नथिया*। चर्चासँगै कवि तथा निबन्धकार सरस्वती प्रतीक्षाको परिचय उपन्यासकारमा बदलियो। वादी बस्तीमै पुगेर सोधखोजपछि लेखिएको *नथिया*को चर्चा मूलतः उनीहरूले बाध्यतावश अँगालेको देह व्यापारमा केन्द्रित छ।

पहिलो उपन्यासमा प्रतीक्षाले धेरै मिहिनेत गरेकी छन् । लेखन शैली मिठो छ । छोटा र अर्थपूर्ण वाक्य रुचिकर लाग्छन् । यो दाङ पक्रैयाको वादी बस्तीको कथा हो । कुरूप चन्द्रीका र देब्रेकान्छाकी सुन्दर छोरी हुन्, सामली । वादी छोरीहरूको कुमारीत्वको मोलतोल, नथिया उतार र पारिवारिक स्वीकृतिमा हुने बलात्कार, त्यसले दिएको पीडा, बाध्यात्मक यौन व्यवसाय, प्रेम र विवाहका उल्झनलाई सामलीमार्फत उपन्यासमा उतारिएको छ । दुखानीको जंगलमा प्रोफेसर दिवाकरसितको प्रेम उत्कर्षपछि सामलीले गरेको शान्त विद्रोहलाई कलात्मक ढंगले प्रस्तुत गरिएको छ। विवाहका लागि आएका दिवाकरलाई सामली पत्र लेख्छिन्, 'दिवाकर ! प्रेम र बिहा फरक-फरक कुरा हुन्। यसैले मु हजुरसँग बिहा गर्न सक्दोनइ। हजुरसँगको प्रेमलाई सधैं जीवित राख्न पन मु हजुरलाई छोडीकन जाँदै छु । मुसँग हजुरले दिनुभयाको नथिया छ। मेरो नाकमा यो नथिया रहन्ज्याल मु हजुरकै सत्मा बस्याछु।'

उपन्यासमा थुप्रै प्रश्न उठाइएको छ । पुरुष, इतिहास, संस्कृति, समाज र परम्पराप्रति उठाइएका ती अनेक प्रश्नभन्दा सामलीले जयनेपाललाई सोधेको प्रश्न सबैभन्दा खास अनि सशक्त लाग्छ। यसलाई उपन्यासको मूल प्रश्न भन्दा पनि हुन्छ। सामली सोध्छिन्, 'यही समाजले हामीलाई वेश्या भनीकन थुक्दो छ, गाली गर्दो छ, घृणा गर्दो छ । तर, वेश्याको काम छाडीकन अर्को कुनै काम गर्नबाट हामीलाई वञ्चित गरीकन किन यही धन्दामै धकेल्दो छ फेरि ?'

भाषामा स्थानीय लबजलाई जस्ताको तस्तै उतार्न खोजिएको छ। तर, टपक्क टिप्न नसक्दा अमिल्दो, नसुहाउँदो र थुप्रै ठाउँमा भाषा यता



नथिया
उपन्यासकार : सरस्वती प्रतीक्षा
प्रकाशक : बुकहिल
पृष्ठ : २८२
मूल्य : ४२५ रुपियाँ

न उताको भएको छ । प्रोफेसर दिवाकर र सामलीको कथाले पनि पाठकलाई खासै तान्दैन। तीभन्दा सशक्त पात्रलाई छाडेर लेखिका वादी समुदायको इतिहास खोतल्ने नाममा कमजोर प्रेमकथाको सहारा लिन पुगेकी छन्। लेखिकाले नथियाका ९५ प्रतिशत पात्र र घटना सत्य लेखेको दाबी गरेकी छन् । यदि त्यसो हो भने उनले सत्यमध्येको पनि कमजोर कथा रोजिन्।

प्रतीक्षाले पूर्वीय र पाश्चात्य संस्कृतिका यौन मनोरञ्जनका इतिहास खोतल्न खोजेकी छन्। किंवदन्तीहरू उतारेकी छन् । ती पठनीय त छन् तर तिनले उपन्यासको मूलकथालाई पटक-पटक विषयान्तर गरिरहन्छन्। वादीकै इतिहास खोतल्ने क्रममा एउटा पत्यारलाग्दो तथ्य भने छुटाएकी छन् । वादी समुदायको उद्गमस्थल भारतको राजस्थान मानिन्छ। चौधौं शताब्दीमा हिन्दु-मुस्लिम धार्मिक दंगापछि फिरन्ते बिडी समुदाय उत्तर प्रदेश आयो, त्यहाँ उनीहरूलाई बिडिया भनियो । भाग्दै नेपाल छिरेको अर्को समूह सल्यानका राजा-रजौटालाई मनोरञ्जन दिन थाल्यो । बिडीबाट अपभ्रंश भएको त्यही समुदायलाई नेपालमा वादी भन्न थालियो।

लेखिकाले नखोजेको वा नभेटेको पाटो वादी समुदाय मातृ सत्तात्मक हुन्, जहाँ अविवाहित छोरीलाई यौन स्वतन्त्रता दिइएको हुन्छ । त्यो स्वतन्त्रता कालान्तरमा पेट भर्ने र गरिबी छोप्ने पेसा बन्यो, बेग्लै कुरा । वादी समुदायमा पनि अविवाहित छोरी र एकलले मात्र यौन पेसा अँगाल्थे। तर, उपन्यासमा यौन व्यवसायलाई यसरी सामान्यीकरण गरिएको छ कि चन्द्रिकाजस्ता कुरूपबाहेक अरू सबै महिलाले धन्दा गर्थे। राज्य-रजौटा उन्मूलनपछि वादीहरू सल्यान छाडेर रोजीरोटी खोज्दै अन्यत्र सरे। जग्गा-जमिन थिएन। रोजगारीको अर्को विकल्प भएन । अनि, छोरीको यौन स्वतन्त्रताको दुरुपयोग गर्दै व्यवसाय सुरु गरे। त्यो झन्डै चार दशक मात्र चल्यो । त्यसपछि वादी होइन, यौन व्यवसायमा अरू समुदायको संलग्नता बढेको छ। तर, कलंकको टीका भने वादीको निधारमा मात्र होइन, *नथिया*मा पनि टल्किएको छ।

साहित्यमा वादीका कथा नआएका होइनन् । ०४७ मा ऋतु आशीकले वादी समुदायबारे पहिलो उपन्यास *अर्जुनखोलाको तीर* लेखे । बस्तीमा पुगेरै उक्त उपन्यास विमोचन गरिएको थियो । कथाकार सनत रेग्मीका दुई कथा *रूपबजार* र *चिन्ता* वादी महिलामै केन्द्रित छन् । नयनराज पाण्डेको उपन्यास *उलार*मा टाँगा चालकको वादी महिलासँगको प्रेमकथा उतारिएको छ। *नथिया*कै सेरोफेरोमा विवेक ओझाको उपन्यास *ऐलानी* बजारमा आएको छ।

पुरुष सत्ता, हैकम र हुकुमका विरुद्ध *नथिया*मा धेरै कोणबाट थुप्रै शब्द खर्चिएको छ। उपन्यासको मूल कथाले सशक्त र विद्रोही नारी पात्रको माग गर्छ, जुन यसमा भेटिँदैन। *नथिया* उतार्नुअघि होस् वा छोरीलाई पढ्न पठाएर सामलीले सामान्य परिवर्तनको रेखा कोर्न खोजेकी छन्। दिवाकरसितको प्रेमपछि विवाह र प्रेमबारे नयाँ परिभाषा दिन खोजेकी छन्। अरू पात्र निरीहजस्तै लाग्छन् । सबैभन्दा महत्त्वपूर्ण पक्ष उपन्यासले कुनै नयाँ बाटो देखाउन सकेको छैन । त्यसैले यो धेरै चर्चा कमाएको एउटा औसत उपन्यास हो। ◆

अलिबाबा र दराजको सहकार्य

दक्षिण एसियाली ई-कमर्स प्लेटफर्म 'दराज' चिनियाँ कम्पनी अलिबाबाको सदस्य भएको छ । नेपाल, पाकिस्तान, श्रीलंका, म्यानमार र बंगलादेशमा सञ्चालित दराज दक्षिण एसियाकै प्रमुख अनलाइन सपिङ गन्तव्य हो । यो सहकार्यसँगै अब दराजको बजार पनि अलिबाबाको जस्तै विश्वव्यापी हुने अनुमान गरिएको छ । अनि, यी देशबीचको सम्बन्ध पनि थप बलियो हुँदै जाने टिप्पणी विभिन्न समाचार संस्थाले गरेका छन् ।

दराजले घरायसी सामान, इलेक्ट्रोनिक्स, फेसन सामग्री आदि बिक्री-वितरण गर्दै आएको छ । अत्यधिक चल्तीमा रहेका अन्तर्राष्ट्रिय भुक्तानी माध्यम नेपालमा अहिले उपलब्ध छैनन् । अहिलेसम्म यसको बजार सीमित भएका कारण त्यस्ता भुक्तानी माध्यमको आवश्यकताबोध पनि खासै भएको थिएन । तर, अलिबाबासँगको सहकार्यपछि नेपालमा यी माध्यम सर्वसुलभ बनाउन आवश्यक देखिएको छ ।

अलिबाबाले सुरूआती दिनदेखि विज्ञान तथा प्रविधिका विभिन्न क्षेत्रका अनुसन्धानमा लगानी गर्दै आएको छ । आगामी दिनमा नेपाल पनि यसबाट लाभान्वित हुने देखिन्छ ।

दिकेशको ग्याजेट मोह

नेपालका लागि सामसुङ मोबाइलको आधिकारिक बिक्रेता आईएमएस ग्रुपका अध्यक्ष तथा सीईओ दिकेश मल्होत्रा नयाँ-नयाँ ग्याजेटका सोखिन हुन् । अन्तर्राष्ट्रिय बजारमा आएका हरेक नयाँ ग्याजेट खरिद गर्छन् उनी । सामसुङ ग्यालेक्सी एस-९ प्लस र नोट-८ प्रयोग गर्छन् । उनी उच्च गुणस्तरीय तस्बिर खिच्न एस-९ फोन र व्यवसायका क्रममा दिनहुं गर्नुपर्ने कामका रेकर्ड राख्न नोट-८ प्रयोग गर्ने बताउँछन् ।

"म घडी पनि स्मार्ट नै प्रयोग गर्छु । यस्ता घडी पारम्परिक घडीभन्दा निकै सुविधायुक्त हुन्छन्," उनी भन्छन् । अहिले उनले प्रयोग गरिरहेको घडी सामसुङको गियर एस-३ फ्रन्टियर हो । समय हेर्न मात्र नभएर यसका अनेक प्रयोजन छन् । दैनिक हिंड्डुल गर्दा चालिएका पाइला, हृदयको गति आदिको अभिलेख राख्न यस्तो घडी प्रयोग गरिरहेको बताउँछन् उनी । यसका अतिरिक्त फोनकल तथा म्यासेज आदान-प्रदान गर्न, टाइमर सेट गर्न र फोन हराएका बेला खोज्न पनि यो घडी उपयुक्त रहेको ठान्छन् ।

मल्होत्राको अर्को प्रिय ग्याजेटमा डीजेआई स्पार्क ड्रोन पनि पर्ने गर्छ । फ्लाइट कन्ट्रोल अप्सन्स र गुणस्तरीय फोटो खिच्ने विशेषता रहेका कारण आफ्नो रोजाइमा परेको उनी बताउँछन् । यसबाहेक एको डट पनि उनले अत्यधिक प्रयोग गर्ने ग्याजेटमध्येमा पर्छ । आवाजका माध्यमबाट आदेश लिएर काम गर्न सकिने र हात खाली नहुँदा पनि कसैलाई फोन र म्यासेज गर्न, गीत बजाउन र विद्युतीय उपकरण नियन्त्रण गर्न फलदायी रहेको ठान्छन् उनी । आफूले प्रयोग गर्ने अधिकांश ग्याजेट चार्ज गर्न वायरलेस चार्जर प्रयोग गर्छन् । तारयुक्त चार्जरले भन्दा छिटो चार्ज गर्ने हुंदा यस्तो वायरलेस चार्जर रोजाइमा परेको बताउँछन् ।

संयोजन : विभु

NEPAL BUSINESS EXCELLENCE AWARDS 2017
GOLD AWARD WINNER

मेगा नमस्ते !

यहाँहरुको विश्वास जित्दै... मेगा बैंक अघि बढ्दै...

नयाँ वर्षमा खुसीयालीको बहार...
मेगाले ल्यायो उच्च ब्याजदरको उपहारै उपहार...

मासिक ब्याज भुक्तानी

३ महिनासम्मको मुद्दति खातामा
६ महिनासम्मको मुद्दति खातामा
१ वर्षसम्मको मुद्दति खातामा

११ % वार्षिक ब्याजदर

मेगा सर्वप्रिय बचत खाता

न्यूनतम मौज्दात रू. ५०,०००/- | त्रैमासिक ब्याज भुक्तानी

८ % वार्षिक ब्याजदर (दैनिक बचतमा)



नि:शुल्क

- VISA Debit कार्ड सुविधा
- VISA Credit कार्ड सुविधा
- अनलाईन बैंकिङ्ग सुविधा
- मेगा स्मार्ट मोबाइल बैंकिङ्ग सेवा
- ABBS सुविधा (रु. २ लाखसम्म)
- C-ASBA सुविधा
- चेकबुक सुविधा
- एकाउण्ट स्टेट्मेन्ट सुविधा
- बैंक ब्यालेन्स प्रमाण-पत्र सुविधा
- स्टप पेमेन्ट र गुड फर पेमेन्ट

सेवा तथा छुट

- रु. ५ लाखसम्मको दुर्घटना बीमाको व्यवस्था*
- रु. १ लाखसम्मको स्वास्थ्य बीमाको व्यवस्था*
- होम बैंकिङ्ग सुविधा तथा प्राइभेट बैंकिङ्ग सुविधा*
- लकर सुविधामा ५०% छुट
- डिमाण्ड ड्राफ्ट र SWIFT ट्रान्सफरमा ५०% छुट

*शर्तहरु लागु हुनेछन् ।

MEGA BANK NEPAL LIMITED
मेगा बैंक नेपाल लिमिटेड

मेगा बैंक नेपाल लिमिटेड
राइजिङ्ग मल, कमलादी, काठमाडौं, नेपाल, पोष्ट बक्स नं. २६५५९, फोन: ९७७-१-४१६९२५०, फ्याक्स: ९७७-१-४१६९२६०

शाखाहरु:
नयाँबानेश्वर: ०१-४१०७२४७/४८/४९ | नयाँसडक: ०१-४२५१२९९/९३ | जावलाखेल: ०१-५५५४५०६ | कपन:०१-४८१२६०४/६०३/६०५ | टेकु: ०१-४२२४२१९/४२३३२६१/६२ | महाराजगञ्ज: ०१-४७२१४२७/२८/२९ | मैतिदेवी: ०१-४४१९७८५/४४१९९२८/४४१९९८७/८ | बौद्ध: ०१-४९१६३२२ | ठिमी: ०१-६६३९३५४/५६ | पोखरा: ०६१-५३१११२/१३/१४ | विराटनगर: ०२१-५२१३५६/५४ | बीरगञ्ज: ०५१-५२८७०६ | अर्घाखाँची: ०७७-४२०७९७/९८ | चौतारा: ०११-६२०४१३ | हरिवन: ०४६-५३०६३८/३९ | स्याफ्रुबेसी: ०१०-५४१००१/०२ | दैलेख: ०८९-४२०५६७/४१००६६ | धनगढी: ०९१-५२५४९७ | विर्तामोड: ०२३-५४३८७१/७२ | धादिङ: ०१०-५२११०२/०३/०४ | घोराही: ०८२-५६३४२५ | धरान: ०२५-५३१९३२/५२१०४५ | नारायणगढ: ०५६-५३३९४०/४१/४२ | जनकपुर: ०४१-५२८७६१/६२/६७ | नेपालगञ्ज: ०८१-५२७५४२/३/५२७०१८ | भैरहवा: ०७१-५२४०४८/४९/५० | साँफेबगर: ०९७-६२५१४९/५०/५१ | जोगबुढा: ०९६-४११०६७/६८/६९ | रामपुर: ०७५-४०००01/०२ | जितपुर: ०७६-५५०२९८ | बुटवल: ०७१-५४५९००/५५१५१३/५४५६०३ | मणिग्राम: ०७१-५६०८१०/५६१५६० | कावासोती: ०७८-५४००८९/९८ | तौलिहवा: ०७६-५६११५८/५९/६० | वालिङ: ०६३-४४०६०२/०३ | सुनवल: ०७८-५७०४७७/७८ | तानसेन: ०७५-५२२४००/३९९ | तुलसीपुर: ०८२-५२१८३९/४० | बिरेन्द्रनगर: ०८३-५२३८६४/७८० | दार्चुला-खलङ्गा: ०९३-४२०३०७ | सल्यान-खलङ्गा: ०८८-५२०३९७/९८ | हेटौंडा: ०५७-५२०७४२/४३ | टाँडी: ०५६-५६०९३८/९५८ | लेखनाथ: ०६१-५६१८०९/१० | कुश्मा: ०६७-४२१३३४/३३५ | तम्घास: ०७९-५२०९३४/३५ | मैनाबगर (एक्सटेन्सन काउन्टर): ०७१-५४७५११ | नगराईन (एक्सटेन्सन काउन्टर): ०४१-४०००७० | बालाजु (एक्सटेन्सन काउन्टर)

संगीत थेरापी

शब्द/तस्बिर : रवि मानन्धर

छिँडीभरि साना-ठूला 'सिंगिङ बाउल' छरिएका छन् । सँगैको बन्द कोठाभित्रबाट बेला-बेला मधुर गुञ्जन सुनिन्छ । भित्र हेर्दा एक विदेशी महिला शवासनमा लमतन्न परेकी छन् । सँगै रहेका शान्तरत्न शाक्य बेला-बेला हातको ड्रम स्टिकले महिलाको वरिपरि राखिएको बाउलमा हिर्काउँदै ध्वनि निकालिरहेका छन् ।

बौद्ध पुग्नुअघिको साँघुरो बाटो छिचोलेपछि भेटिने ४९ वर्षीय शाक्य यसलाई 'सिंगिङ बल' थेरापी भन्छन् । यस्तो उपचारबाट ब्लडप्रेसर, डिप्रेसन, माइग्रेन, हाडजोर्नी दुखाइका साथै विशेषतः कान बज्ने रोगमा प्रभावकारी हुन्छ । ४० मिनेटदेखि एक घन्टासम्ममा गरिने यस्तो विधिबाट उपचार लिन नेपाली मात्र नभएर विश्वका कुनाकाप्चाबाट बिरामी आउन थालेका छन् ।

नौ वर्षको उमेरमा शाक्यले बाजेबाट सिकेर उपचार पद्धति थालेको ३५ वर्ष भइसक्यो । भन्छन्, "झन्डै १ सय ८० वर्ष पुरानो उपचार पद्धति हो । बिरामीमा अलिकति विश्वास र दृढता भए निको नहुने कुरै छैन ।" ◆

फोकटको तनाव

ऋचा शर्माले *आधा लभ* बनाइन्, खेलिन् । पैसा त कमाएन नै, प्रशंसाको पनि खडेरी लाग्यो । तैपनि, हरेस खाइनन् र फेरि निर्माण गरिन्, *सुनकेशरी* । हरर जनराको यस फिल्मलाई अर्पण थापाले निर्देशन गरेका छन् । ऋचाले नखेल्ने कुरै भएन । रिलिज मिति तोकिएको छ, ११ जेठ ।

प्रदर्शन नजिकिँदै गर्दा प्रचार-प्रसारको चटारो हुनुपर्ने हो । तर, ऋचालाई फोकटको तनाव आइलागेको छ किनभने ११ जेठमा फिल्म रिलिज हुने निश्चित छैन । कारण, बक्स अफिस र सेयर बाँडफाँटको विषयलाई लिएर निर्माता संघले विरोध कार्यक्रम स्वरूप ४ जेठदेखि हललाई फिल्म नदिने घोषणा गरेको छ । अर्थात्, निर्माता संघ र चलचित्र संघबीच सम्झौता भयो भने मात्र नत्र *सुनकेशरी* हलमा लाग्ने सम्भावना ज्यादै न्यून छ । यही द्विविधाले हुनुपर्छ, *सुनकेशरी*को पर्याप्त प्रमोसन हुन सकेको छैन । क्या फसाद ! ◆

अनुरोध कि आक्रोश ?

फेसबुकमा बढ्तै सक्रिय छन्, गायिका आस्था राउत । खासगरी महिलामाथि हुने हिंसाविरूद्ध चर्को आवाज उठाइरहेकी हुन्छिन् उनी । तर, २४ वैशाखमा यी गायिकाले फेसबुकमा लेखेको स्ट्याटसचाहिं अलि फरक छ ।

उनका दर्जनभन्दा बढी हिट गीत छन्, ती गीतहरू अन्य गायिकाहरूले स्टेजमा गाएर पैसा बटुल्छन् । तर, मूल गायिका आस्थाको चाहिं नाम पनि उल्लेख गर्दा रहेनछन् । यो प्रवृत्ति बढ्दै गएपछि उनको पारो चढेछ क्यार ! *फेसबुकमा* कुर्लिहालिन्, 'गीत बौद्धिक सम्पत्ति हो । कुनै पनि बौद्धिक सम्पत्ति व्यावसायिक प्रयोजनका लागि प्रयोग गर्नु अनैतिक हो ।' आस्थाले अगाडि लेखेकी छन्, 'म मेरा गीत अरू कलाकारलाई स्टेजमा गाउँदै नगाउनू भन्दिनँ तर गाउँदा मूल सर्जकलाई क्रेडिटचाहिं दिनैपर्छ ।' अनुरोध गरेजसरी आस्थाले आक्रोश त पोखेकी होइनन् ? ◆

तस्विरहरू : महेश प्रधान

चटनी रोलमै सीमित

सलोन बस्नेतले पचासको दशक अन्त्यतिर बाल-कलाकारका रूपमा कमाल नै गरेका थिए । प्रायः फिल्ममा उनी छुट्दैनथे । त्यसैले हिरोका रूपमा पनि उनको भविष्य उज्ज्वल हुने अपेक्षा थियो । तर, त्यस्तो भएको छैन अहिलेसम्म । होस्टेलबाट वयस्क चरित्रमा देखापरेका सलोन चटनी भूमिकामा सीमित भएका छन् । *गाजलु* र *ए मेरो हजुर २* उदाहरण हुन् । भलै दुवै फिल्मबाट सलोनले धेरथोर प्रशंसा पाए । तैपनि, मुख्य भूमिकामा चलेका व्यापारले उनलाई पत्याएका छैनन् । जस्तो : नयाँ फिल्म *लम्फु*मा पनि सलोन सहायक भूमिकामा सीमित भएका छन् । प्रमुख चरित्रमा नव अनुहार कविर खड्का । सोही कारण प्रमोसनमा पनि कविरलाई नै प्राथमिकता दिइयो । सलोन त सधैँ छायामा । ♦

पालोमा तीन फिल्म

सुरक्षा पन्तको डेब्यु फिल्म *अफै पनि* फ्लप भयो । उनी आफैँ 'मार्क' भइनन् । दोस्रो फिल्म *धनपति*ले पनि अपेक्षाकृत व्यापार गरेन, मिश्रित प्रतिक्रिया पायो । तर, सुरक्षाको अभिनय कौशल धेरैले रूचाए । सामान्य भूमिकाबाट उनले लोभलाग्दो प्रसंशा कमाइन् । त्यसो नहुँदो हो त, उनी एकपछि अर्को फिल्ममा कसरी अनुबन्ध हुन्थिन् ? *भैरे* प्रदर्शनका लागि तयार भएको छ भने *चंगाचेट*को भर्खरै सुटिङ सकियो ।

यी दुवै फिल्मको रिजल्ट आउनुअगावै उनी *गोपी*मा अनुबन्ध भएकी छन् । दीपेन्द्र लामाले निर्देशन गर्ने *गोपी*मा सुरक्षालाई *धनपति* जोडी खगेन्द्र लामिछानेसँगै देख्न पाइनेछ । फिल्म घोषणा कार्यक्रममा उनी भन्दै थिइन्, '*गोपी*मा आफ्नो चरित्रलाई जीवन्त बनाउन सक्दो प्रयास गर्नेछु ।' ♦

अति नैतिकवान् नोबेल साहित्य ?

सन् १९०१ देखि प्रत्येक वर्ष साहित्यतर्फको नोबेल पुरस्कार प्रदान गर्दै आएको छ, स्वीडिस एकाडेमीले । तर, सन् २०१८ मा कुनै स्रष्टाले विश्वकै प्रतिष्ठित यो पुरस्कार नपाउने भए । यो सबै लफडाको केन्द्रमा छन्, ७१ वर्षीय फोटोग्राफर जीन-क्लाउड अर्नाउल्ट, जो एकाडेमीकी सदस्य कट्राइन फ्रोस्टेन्सनका पति हुन् । अनि, अन्य सदस्यहरूसँग पनि उनको नजिकको दोस्ती छ । अर्नाउल्टलाई यौन दुर्व्यवहारसम्बन्धी गम्भीर आरोप लागेको छ ।

पछिल्ला वर्षमा उनले १८ महिलालाई यौनजन्य हिंसा गरेको रिपोर्ट एक पत्रिकाले प्रकाशित गरेको थियो । नोबेलको आड लिएर पनि यस्तो कर्तुत गरेको आरोपबारे प्रहरीले अनुसन्धान गरिरहेको छ । अर्नाउल्ट दोषी हुन्/होइनन्, पुष्टि भइसकेको छैन । तर, यही कारणलाई लिएर स्वीडेस एकाडेमीले अर्को वर्षसम्मका लागि पुरस्कार 'स्थगन' गरेको छ ।

संसारभर यौन दुर्व्यवहारको विरोधमा 'ह्यासट्याग मिटु' अभियान चर्किरहेको छ । त्यसैले पनि एकाडेमीले गम्भीर रूपमा लिएको हुन सक्छ । उसले पुरस्कारको विश्वसनीयता फिर्ता ल्याउन सक्दो प्रयास गरेको विज्ञप्तिमा उल्लेख छ । तर, कतिपयले अति नैतिकवान् बन्न खोजेर यस्तो प्रतिष्ठित पुरस्कारलाई विवादमा तानेको भन्दै स्वीडिस एकाडेमीको आलोचना गरेका छन् । यद्यपि, यस वर्ष पुरस्कार वितरण नहुनेचाहिँ पक्कापक्की छ । साहित्यबाहेक अन्य विधामा यसको प्रभाव पर्ने छैन । ♦

धकधक गर्ल

गोकर्ण गौतम

तस्बिर : भास्वर ओफा

'धकधक करने लगा...' ले धूम मच्याउँदा उनी ६ वर्षकी थिइन् । त्यो गीतमा नाच्ने केटीसँग लट्ठ भइन् । फर्फराएको कपाल, अनुहारको भावभंगी अनि शरीरको चालढाल । उनलाई हरखबत त्यही केटीको याद आउँथ्यो । आमालाई सोधिन्, 'मामु ! त्यो नाच्ने को हो ?' आमाको जवाफ हुने गर्थ्यो, 'माधुरी दीक्षित ।' उनले उतिखेरै भनिहालिन्, 'म पनि माधुरीजस्तै बन्छु ।'

आमा त्यतिबेला मुस्कुराइन् मात्र । उमेर बढ्दै गयो । अन्य नातेदार घरमा आउँदा सोध्थे, 'नानु ! ठूली भएपछि के बन्छ्यौ ?' उनको उत्तर कहिल्यै फेरिएन, उही 'माधुरी ।'

हठ पनि कस्तो भने माधुरीजस्तै नाच्न भरत नाट्यम् र क्लासिकल डान्स सिक्न थालिन् । १५ वर्ष नभइन्जेल सिकिइरहिन् । उनको सपनामा कहिल्यै बदलाव आएन । १६ वर्षको हुँदा मिस टिनको उपाधि जितिन् । अहिले ३१ वर्ष पुगिन् । र, फिल्म संख्या र कमाइका आधारमा नेपालकै नम्बर वान् नायिकामा दरिएकी छन्, तीन वर्षयता ।

ती फुच्ची अरू कोही नभएर प्रियंका कार्की थिइन् । ०७४ को अन्तिम दिन प्रियंका अभिनीत *लिलीबिली* रिलिज भयो । दुई साताअगाडि प्रदर्शित अर्को फिल्म *शत्रु गते* अझै हलमा थियो । १४ वैशाखमा एकै दिन उनका दुई फिल्म चले, *कोहलपुर एक्सप्रेस* र *ह्याप्पी डेज* । अर्थात्, एकैसाथ हलमा चार फिल्म । दुर्लभ संयोग !

त्यसो भए उनको लोकप्रियताको मानक फिल्म मात्र हो त ? होइन, मनोरञ्जन दुनियाँको हरेक क्षेत्रमा उनको 'होल्ड' छ । जस्तो : एक दर्जन उत्पादनको सद्भावना दूत हुन् उनी । स्टेज सोका लागि हरेक महिनाजसो विदेश पुग्छिन्, स्वदेश त छँदैछ । इभेन्ट होस्टलाई पनि समय निकालिरहेकी हुन्छिन् । म्युजिक भिडियोका लागि पहिलो रोजाइ उनै हुन् । विज्ञापन उस्तै । बोलीचालीका भाषामा, सास फेर्ने फुर्सद छैन उनलाई । भन्छिन्, "तीन वर्षदेखि एक दिन ब्रेक लिएकी छैन तैपनि काम गरेजस्तै लाग्दैन । किनभने, काममै रमाउँछु ।"

उनीमाथि एउटा आरोप छ, "प्रियंकाको अभिनय कौशलभन्दा जनसम्पर्क दह्रो छ । त्यसैले कामको ओइरो लाग्छ ।" उनी यसलाई नकार्दिनन् । बरू, सीधै भन्छिन्, "हो, मैले नाम र दामभन्दा मान्छे कमाएकी छु । मेरा लागि सम्बन्ध र सम्पर्क अनमोल हुन् ।"

२६ वैशाख मध्याह्न दरबारमार्गस्थित एक क्याफेमा गफिरहेकी प्रियंकालाई सोधियो, 'यो दिव्यज्ञान कहाँबाट मिल्यो ?' 'फ्ल्यासब्याक'मा गइन् अनि ती सबै तीता–मीठा भोगाइ सुनाइन्, जसलाई छिचोल्दै उनी 'ड्रिम गर्ल' बनेकी छन् ।

मिस टिनको उपाधि पहिरिनु पहिले प्रियंका 'जिरो प्रोफाइल'मा थिइन् । तर, 'ओभरनाइट' सेलिब्रिटी बनिन् । खासमा जाने–बुझ्नेको केही थिएन तर अन्तर्वार्ता, फोटोसुटमा भ्याइ–नभ्याई । उनलाई अहिले सम्झिँदा लाग्छ, त्यो कल्पनाबाहिरको प्रसिद्धि थियो । सनसिल्क, डाबरजस्ता गिनेचुनेका बहुराष्ट्रिय कम्पनीका ब्रान्डको विज्ञापन खेलिन्, सहरको जतातै आफ्नै होडिङ बोर्ड देख्थिन् । उनले सुनाइन्, "त्यतिबेला आफूलाई ठूलै भएजस्तो लाग्थ्यो । सम्हाल्नै नसक्ने ख्याति थियो त्यो ।"

जब *कान्तिपुर* टेलिभिजनमा भिजेका रूपमा आबद्ध भइन्, बल्ल महसुस गरिन्, जिन्दगीमा धेरै सिक्न बाँकी छ । माधुरीजस्तो बन्न फिल्म खेल्नुपर्छ । फिल्म खेल्न पहिले फिल्म बुझ्नुपर्छ । तर, तिनताका नेपालमा फिल्म कलेज थिएन । के गर्ने त ? एक दिन साहसिक निर्णय गरिन्, यहाँको चमकधमक छाड्ने, पढ्न अमेरिका जाने ।

नभन्दै, सपनाको फेरो समात्दै उनी बिरानो मुलुक पुगिन् । "नेपालमा मेरो त्यस्तो चुरीफुरी थियो । तर, अमेरिकामा कसैले सोधखोज नगर्ने । रेस्टुराँमा वेटरको काम गर्नुपर्‍यो," उनी भावुक हुँदै थिइन्, "त्यही बेला मैले सिकें, सम्पत्ति होइन, मान्छे कमाउनुपर्छ । त्यसपछि सबैथोक कमाउन सकिन्छ ।"

अमेरिका बसाइमा सिकेको यही सूत्रलाई पछ्याइरहेकी छन्, आजसम्म । सायद भोलि पनि ।

निर्देशनमा स्नातक र पटकथामा स्नातकोत्तर सकिन् । ६ वर्ष बित्यो । विवाह गरिन् तर पाँच महिनामै सम्बन्धविच्छेद भयो । नेपाल फर्कनु थियो, माधुरीझैं बन्नु जो थियो । तर, उनी उल्टो बाटो हिँडिरहेकी थिइन् । जस्तो : अरू फिल्म छाडेर ग्रिनकार्डका लागि अमेरिका पुग्छन्, उनी ग्रिनकार्ड छाडेर फिल्मका लागि स्वदेश फर्किन् । पढ्न नसकेपछि हिरोइन बन्नेको ठूलै हुल छ हामीकहाँ । तर, उनी स्नातकोत्तर गरेकी ।

बिहेपछि हिरोइनको करिअर डुब्छ भन्ने मान्यता छ, त्यस्तै भएको छ पनि । तर, उनी विवाह गरेकी मात्र होइन, डिभोर्सी पनि । त्यसैले नेपाल फर्कुंला तर भनेजस्तो भएन भने के गर्ने ? बाहिर जति आत्मविश्वासी देखिए पनि मनमा डर थियो । भन्छिन्, "म गर या मरको स्थितिमा नेपाल आएँ । अनिश्चयको भुमरीमा थिएँ तर बच्चैदेखिको सपनाले आँट दियो ।"

प्रियंकालाई *सानो संसार* र *मिसन पैसा*बाट अफर आएको थियो । तर, पढाइ छाडेर नेपाल आउन सकिनन् । जब फर्कने निर्णयमा पुगिन्, त्यही बेला प्रसन्न पौड्यालले *मेरो बेस्ट फ्रेन्ड*मा अफर गरे । नाइँनास्ति गर्ने कुरै थिएन । त्यसपछि *थ्री लभर्स* खेलिन् । भन्छिन्, "दुवै फिल्मका स्क्रिप्ट चित्त नबुझे पनि फिल्म करिअर अगाडि बढाउन खेलें ।"

उनले अभिनय गरेको *भिजिलान्ते थ्रिडी* पनि फ्लप भयो । तर, *झोले*ले सान्त्वना दियो । *माला*मा भूत बन्नुपर्‍यो । धेरैले हिरोइनकै रूपमा जम्न नसकेका बेला यस्तो फिल्म नखेल, करिअर बिग्रन्छ भने । तर, खेलिन् । पहिलो पटक उनको कामलाई सबैले प्रशंसा गरे । *नाई नभन्नु ल २* मा आमा बन्नुपर्‍यो । अहिल्यै आमा बन्यौ भने तिमीलाई हिरोइनमा कसले खेलाउँछ भन्ने सुन्नुपर्‍यो उनले । यो करिअरको पहिलो 'ब्लकबस्टर' फिल्म बन्यो, आधा दर्जन अवार्ड जितिन् पनि ।

> मैले सिकें– सम्पत्ति होइन, मान्छे कमाउनुपर्छ । त्यसपछि सबैथोक कमाउन सकिन्छ ।

त्यसपछि *वडा नम्बर ६* बाट प्रस्ताव आयो । सबैले कमेडी कलाकारको भीडमा हराउँछ्यौ, नखेल भने । तर, मानिनन् । यही फिल्मले उनलाई आमदर्शकमाझ पुर्‍यायो । दुस्साहसी निर्णय लिनुको कारण सुनाउँछिन्, "मैले सधैं चरित्रमा विश्वास गरें । आत्माको आवाज सुनें ।"

६ वर्षको बीचमा प्रियंका अभिनीत दुई दर्जन फिल्म रिलिज भए । नाई नभन्नु ल २, ३ र ४, *वडा नम्बर ६, छक्का-पन्जा, छक्का-पन्जा २, शत्रु गते*लगायतका फिल्म सुपरहिट भए । यसले प्रियंकालाई उचाइमा पुर्‍यायो । तैपनि, अभिनेत्रीका रूपमा अपेक्षा पूरा गर्न नसकेको स्वीकार्छिन् उनी । भन्छिन्, "अरूको के कुरा गर्नु, मेरो फिल्म र भूमिकामा म आफैं सन्तुष्ट हुन सकेकी छैन । कामलचाउ मात्र हुन् ।"

'चुजी' हुन नसक्ने पीडा पोख्छिन् उनी । बजार सानो छ, एकाध फिल्म खेलेर मात्र जीवन चल्दैन । भन्छिन्, "म काम नगरी बस्नै सक्दिनँ । आफूले पाएको भूमिकालाई जीवन्त बनाउने प्रयास गरिरहेकी हुन्छु ।" आउँदो वर्ष आफैंले निर्माण गर्ने फिल्मबाट अभिनय र चरित्रप्रतिको प्यास मेट्ने धोको छ, उनको ।

बाहिरबाट जति धेरै सफल र खुसी देखिए पनि कहिलेकाहीं दिक्क लाग्दो रहेछ । फिल्मवृत्तभित्रै एकअर्काले खुट्टा तान्छन् । अनुभव र दक्षताबिनै निर्देशक बन्छन्, निर्माताको गर्लफ्रेन्ड वा आफन्त बनेर हिरोइन हुन्छन्, अभिनय कौशलबिनै पैसा हालेर हिरो बन्छन् । आफ्नो असली विश्लेषणमा होइन, आत्मरतिमा रमाउँछन् । उनलाई लाग्छ, यस्तो प्रवृत्तिले समग्र नेपाली फिल्म उद्योग र यसमा कार्यरत कलाकर्मीको साख घटाउँछ ।

अचम्म के भने प्रायः सेलिब्रिटीको 'स्क्यान्डल'मा परेपछि करिअर डामाडोल हुन्छ । प्रियंका बरोबर विवाद र लफडामा फस्छिन् । तर, हरेक पटक सहज व्यवस्थापन गर्छिन् । कतिपय विवाद त उनको व्यस्तता उकास्न सहायक बनेका पनि छन् । अधिकांश हिरोइनलाई प्रेम–सम्बन्धले करिअरमा धक्का दिन्छ । तर, आयुष्मान देशराज जोशीसँगको 'अफेयर' सार्वजनिक भएपछि उनको 'क्रेज' ह्वात्तै बढ्यो । फिल्म, भिडियोदेखि विज्ञापनसम्म एकैसाथ देखिन थालेका छन् । उनी भन्छिन्, "म तीन घन्टा सुत्दा पनि दिनमा फ्रेस र उत्साही देखिन्छु । अल्छी महसुस हुँदैन । यो सबै प्रेमको कमाल हो ।" उनकै शब्दमा, आयुष्मान उनका लागि 'बम्पर ज्याकपट' हुन् ।

हाले २० लाख रुपियाँ भारुमा ब्रिटानिया बिस्कुटको सद्भावना दूत बनेकी छन् । *कथा काठमाडौं, नाई नभन्नु ल ५* र *चंगाचेट* प्रदर्शनका क्रममा छन् । अरू आधा दर्जन फिल्मको पटकथा पढिरहेकी छन् । म्युजिक भिडियो र स्टेज सो त असंख्य । व्यक्तिगत र व्यावसायिक दुवै हिसाबले यो उनको 'गोल्डेन टाइम' हो । तर, कहिलेसम्म ?

त्यसमाथि हिरोइनको आयु छोटो हुन्छ भनिन्छ । गालामा चाउरी पर्न थालेपछि कसले खेलाउने ? भोलि सम्झेर कत्तिको डर लाग्ला ? यी प्रश्नले एकछिन मौनता छायो उनमा । केही गम्भीर देखिइन् । त्यसपछि एकाएक मुहारमा चमक छायो । "नाचगान र रोमान्स गर्ने हिरोइन उमेरसँगै साइड लाग्छन् । तर, म अभिनय र चरित्र दुवैमा विश्वास गर्छु," उनले आत्मविश्वाससाथ भनिन्, "तपाईं लेखेर राख्नुस्, म ८० वर्ष हुँदा पनि अभिनय गरिरहन्छु ।" ♦

नोटबुक ॥ गोकर्ण गौतम

सिनेमा-सिन्डीकेट

तीन सय स्त्रियाँ टक्र्याएर क्यूएफएक्स चेन अन्तर्गतको कुमारीमा फिल्म हेर्न जानूस्, पर्दा धमिलो हुन्छ, अझ बीचैबाट कैंचीले उधारेजस्तो छ । साउन्ड उस्तै कमसल । यस्तो कन्तबिजोग सहन नसकी *प्याडम्यान* हेरिरहँदा बीचमै 'बाईबाई' गरेर निस्कनुपऱ्यो ।

अझ हलवालाले नै के भन्छन् भने काठमाडौंका मल्टिप्लेक्समा अंग्रेजी फिल्म चलाउँदा उच्चस्तरको एसी चलाइन्छ तर नेपाली फिल्म चलाउँदा कामचलाउ । यिनै हलले अंग्रेजी र हिन्दी फिल्मलाई ठेलमठेल सो दिन्छन्, त्यो पनि प्राइम टाइममा । नेपाली फिल्मलाई सकेसम्म पेल्छन् ।

सेयर बाँडफाँट उस्तै अवैज्ञानिक छ । पहिलो हप्ता कर कटाएर हलवाला र निर्माताले ५०-५० प्रतिशत पाउँछन् । दोस्रो हप्ताबाट निर्माताले पाउने सेयर ओरालो झर्दै जान्छ, बिनाकारण । मानौं कि, सिनेमा बौद्धिक उत्पादन होइन । कुनै मालसामान हो । त्यसैले दोस्रो हप्ताबाट 'सेकेन्ड ह्यान्ड' हुँदै जान्छ र निर्माताको भाग कट्टी हुन्छ ।

निर्माता पनि के कम, फिल्मले २० लाख व्यापार गर्दा ५० लाखको ढोल पिटाउँछन् । आत्मरति उस्तै । नयाँ वर्ष, दसैं, तिहारजस्ता धेरै बिदा हुने र हलमा भीड लाग्ने बेला ठालू र हाट्टहुट्ट पार्ने निर्माताको हालीमुहाली हुन्छ । अरू आए 'सहिद' बनाइन्छ । तर, तीमध्ये अधिकांश निर्मातालाई देशमा कति हल छन् र आफ्नो फिल्म कति हलमा चलिरहेको छ ? पत्तै हुन्न । वितरकको ओठे-हिसाबमा भर परेर हावामा उडिरहेका हुन्छन् । भोलि सक्कली हिसाब आउँदा त 'बाबाजीका ठुल्लु !' वितरणमा त्यस्तै सिन्डीकेट छ । तर, सधैं गुपचुप-गुपचुप, नयाँ मुर्गा फसाउनु जो छ ।

प्रधानमन्त्री केपी ओली नारा लगाउँदैछन्, 'नो सिन्डीकेट !' ओली टिमको ध्यान सिनेमाको सिन्डीकेटतिर कहिले पुग्ला ?

गुडाउने होइन, उडाउने

बल्खुबाट हेटौंडा जम्माजम्मी ८० किलोमिटर हो । घच्चीको बाटो हुन्थ्यो भने अढाई घन्टामै पुगिन्थ्यो । तर, बाटो छ- खपिनसक्नु कच्ची । साढे चार घन्टामा पुग्दा भाग्यमानी ठान्नुपर्छ । फेरि बाह्रैमास बाटोमा केही न केही आपत् आइलागेको हुन्छ । भनेका बेला पुग्नु त उही खप्परै बलियो हुनुपर्छ ।

गत माघ पहिलो साता हेटौंडा हुइँकिँदा आतंकको सामना गर्नुपऱ्यो, त्यो पनि चालकबाटै । यो रूट यात्रा गरेकालाई भन्नैपर्दैन, बाटो कति साँघुरो छ, कति खल्ट्याङखुल्टुङ हुन्छ । त्यसमाथि चालक सन्काहा पऱ्यो भने यात्रुको होसहवास उड्दैन त ? अन्दाजी ३५ वर्षे गहुँगोरो वर्णका ती चालकको स्टेरिङ घुमाइ र ब्रेक हनाइ देख्दा लाग्थ्यो, यात्रुको सातो उडाउने ठेक्कै लिएका छन् ।

सुमोभित्र 'दर्दे डिस्को..' घन्काएर हामीलाई ओठमुख सुक्ने गरी दर्द दिइरहेका थिए । अति भएपछि एउटी दिदीले डराउँदै सानो स्वरमा भनिन्, 'भाइ बिस्तार चलाउनू न । डर लाग्यो ।' उनले त्यो पीडालाई एक कानले सुनेर अर्कोले उडाइदिएजस्तै गरे र भने, 'यहाँ चलाउनेलाई डर लाग्या छैन । सिटमा बस्नेलाई के डर ? मस्त सुत्नूस् । हेटौंडा पुगेपछि म आफैं ब्युँझाइदिउँला ।'

देउरालीको उकालो छिचोल्दा सुमो पटक-पटक गुल्टिनबाट बच्यो । केही भनुँ, भड्खालोमा हुत्याइदेलान् भन्ने भय । बिन्दास चालक साहेबले भद्दा मजाक गरे, 'खासमा म पाइलट हुनुपर्ने हो तर ड्राइभर भएँ । त्यसैले सुमो गुडाउन होइन, उडाउन मज्जा लाग्छ ।'

यस्ता (कु)चालकलाई न कुनै कारबाही हुन्छ, न त यात्रुमा विरोध गर्ने हिम्मत नै । सिर्फ सुमो चलिरहन्छ । यात्रुको सातो उडिरहन्छ ।

'रोयल' टोपी !



सेलिब्रिटी पाइलट हुन्, विजय लामा । फेसबुकमा बेलाबेला घतलाग्दा कुरा पोस्टिन्छन्, सयौं लाइक, कमेन्ट र सेयरका धनी हुन्छन् । ८ वैशाखमा सिनियर पाइलट रवीन्द्र श्रेष्ठको उच्च प्रशंसा गर्दै लामाले सामूहिक तस्बिर पोस्ट गरे । सबै पाइलट नेपाल एयरलाइन्स कर्पोरेसन (एनएसी) को पोसाकमै छन् । अरूले लगाएको 'ह्याट'मा लेखिएको छ, 'एनएसी' । तर, लामाको 'ह्याट'मा 'एनएसी'को अगाडि 'आर' पनि छ । अर्थात् रोयल नेपाल एयरलाइन्स कर्पोरेसन ।

प्रश्न उठ्यो, 'रोयल'लाई बिदाबारी गरिएको त एक दशक बितिसक्यो । तैपनि, नेपाल सरकारका कर्मचारी लामाको शिरमा उही टोपी । 'उहाँ राजतन्त्रवादी पर्नुभो होला,' एक फेसबुकेले लेखे पनि । लामाको कन्पारो तातेछ क्यारे ! तात्तातै जवाफ फर्काए, 'म कुनै तन्त्रवादी होइन, सिर्फ नेपाली । .. अन्तर्राष्ट्रिय कल साइन होस् या आईएटीए या कुनै ठाउँमा अझै आरएनएसी नै छ । अब के गर्ने ?'

लामाले भनेजस्तै उड्डयनका अनेक नियम होलान् तर तिनलाई सच्याउन पहल गर्ने कि पुरानै टोपी धरेर हिंड्ने ? बाँकी पाइलटले 'एनएसी'मै उडाउँदा हुने, तपाईंले मात्र 'रोयल'-मोह राख्नुपर्ने कारण के हो विजयजी ? ◆

सदा सुरक्षित

आफ्नै क्लिङ्करद्वारा उत्पादित

एडभान्स सिमेन्ट

ADVANCE GROUP

अरनिको सिमेन्ट ईन्डष्ट्रिज
अरनिको आँबुखैरेनी सिमेन्ट ईन्डष्ट्रिज
रोल्पा सिमेन्ट प्रा. लि.

Dominar 400	Pulsar 200NS	Pulsar NS160	Pulsar 220F DTS-i	Pulsar 180 DTS-i	Pulsar 150 DTS-i	Avenger Cruise 220	Avenger Street 220	Avenger Street 150	V	Discover 150	Discover 125 Disc	Discover 125 Drum	Platina ES
Rs. 4,69,900/-	Rs. 2,95,900/-	Rs. 2,63,900/-	Rs. 2,93,900/-	Rs. 2,54,900/-	Rs. 2,42,900/-	Rs. 3,09,900/-	Rs. 2,98,900/-	Rs. 2,60,900/-	Rs. 2,15,900/-	Rs. 2,05,900/-	Rs.1,90,900/-	Rs. 1,81,900/-	Rs. 1,56,900/-

SOLE DISTRIBUTOR FOR NEPAL
HANSRAJ HULASCHAND & COMPANY PRIVATE LIMITED Teku Road, Kathmandu, Ph. No: 4230001/4268088, Fax: 4220491, url: bajajauto.com.np www.facebook.com/hhbajaj

Bajaj 24 x 7 HELPLINE 166001 75555 98015 75555

KATHMANDU VALLEY:
Balaju 4353150, Balkhu 4286377, Battisputali 4465542, Bhaktapur 6611777, Boudha 4474716, Gyaneshwor 4435916, Gongabu 4359039, New Baneshwor 4781946, Tinkune 4117534, Kalanki 4286015, Kumaripati 5530187, Lainchaur 4425579, Maharajgunj 4720809, Sitapaila 4286452, Sukedhara 4650914, Gwarko 5007553, Thimi 6631386

EASTERN REGION:
Illam 520906, Khandbari 560251, Birtamode 540724, Damak 582109, Urlabari 541513, Biratchowk 545383, Itahari 585442, Dharan 533996, Biratnagar 526242, Inarwa 561657, Rajbiraj 523545, Gaighat 420966, Lahan 560987, Siraha 9804702646, Katari 450207, Mirchaiya 550585, Pathari 556082

CENTRAL REGION:
Charikot 421925, Banepa 660295, Nuwakot 561817, Dhading 9851006950, Janakpur 521526, Jaleshwor 520518, Bardibas 550639, Lalbandi 501564, Malangwa 520703, Chandranigahapur 540663, Nijgadh 540079, Kalaiya 551525, Jitpur 412170, Birgunj 523837, Hetauda 522498, Parsa 583176, Narayangadh 571089, Tadi 563303

WESTERN REGION:
Gorkha 421571, Abukhaireni 540482, Lamjung 520953, Damauli 560399, Pokhara 522315, Syangja 421186, Baglung 520882, Jomsom 440290, Kawasoti 540906, Bhairahawa 521855, Butwal 437849, Bardaghat 580387 Jeetpur (4 No.) 550249, Tamghas 520419, Rampur 400480, Waling 9856055684, Chandruata 540123

MID-WESTERN REGION:
Nepalgunj 522751, Surkhet 521358, Kohalpur 540320, Tulsipur 523402, Ghorahi 560743, Pyuthan 460375, Guleriya 420375, Jumla 520205

FAR-WESTERN REGION:
Dhangadi 520892, Mahendranagar 520896, Tikapur 560807, Dadeldhura 420116, Lamki 540365, Darchula 9858751055